बारबर्दिया नगरपालिका नगर कार्यपालिकाबाट मिति २०८२ /०२/१६ गते स्वीकृत

# स्थानीय शिक्षा योजना

## (Local Education Plan)

## (LEP 2025-2029)

## २०८२-२०८६


**बारबर्दिया नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जयनगर, बर्दिया**

**लुम्बिनी प्रदेश, नेपाल**

# प्राक्कथन

सभ्य र समुन्नत किसिमले खुसी र आत्मसन्तुष्टीले भरिएको अर्थपूर्ण जीवन जिउनका लागि शिक्षाले जति सकारात्मक भूमिका निर्वाह गर्दछ त्यति सकारात्मक भूमिका अरू कसैले पनि निर्वाह गर्न सक्दैन। यसका लागि दुनियाँ साक्षी भएर उभिएको छ। यहाँनेर ख्याल गर्नुपर्ने एउटा वास्तविकता यत्ति मात्र हो कि शिक्षा भनेर मात्र पनि हुँदैन त्यो शिक्षा गतिलो हुनु पर्दछ। सकेसम्म सर्वजन हिताय, त्यत्ति नभए बहुजन हितायको भावनाबाट प्रेरित शिक्षाबाट मात्रै उल्लिखित अर्थपूर्ण जीवन प्राप्त गर्न सकिन्छ। अन्यथा चोरलाई झन बढी चोरी गर्न र बदमासलाई झन् बढी बदमासी गर्नका लागि सघाउने काम पनि शिक्षाले नै गरिरहेको हुन्छ भन्दा अन्यथा नहोला। यी सबै कुरालाई केन्द्रविन्दुमा राखी बारबर्दियाको वर्तमान नगरकार्यपालिकाले निर्वाचित भएर कार्यारम्भ गरेदेखि नै गतिलो शिक्षाका निम्ति गतिलो कर्म र गतिलो लगानी गर्ने कार्यलाई प्राथमिकता दिने काम गरिरहेको छ। शिक्षामा गतिलो गरिएका कामलाई अझै व्यवस्थित र योजनाबद्ध किसिमले सम्पादन गर्नका लागि प्रस्तुत योजनाको अद्यावधिक गरी कार्यान्वयन गर्ने तयारी भइरहेको सन्देश नगरवासी र शिक्षाका सम्पूर्ण सरोकारवालाहरूको बिचमा सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

यस योजना पूर्व पनि यस नगरपालिकाले नि शुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताको घोषणा र पूर्ण साक्षर: नगरपालिका घोषणा गरिसहेको छ। यस नगरपालिकाले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिब २०प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्दै शिक्षालाई उच्च प्राथमिकता दिएर काम गरिरहेको छ। नगर सरकारले आफ्नै बजेट र कार्यक्रमबाट विभिन्न तहका करिब ११७ जना शिक्षक दरबन्दी सिर्जना गरेर नगरपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउनका लागि महत्वपूर्ण काम गरेको छ। सिटिइभिटीसँग साझेदारी गर्दै प्राविधिक शिक्षाको संरचना र पठपाठनमा उदार भावनाका साथ अघि बढेको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम र तदनुसारको सन्दर्भ सामग्रीहरूको विकास गरी कार्यान्वयन गरिरहेको छ। शिक्षालाई अझै योजनाबद्ध किसिमबाट अगाडि बढाउनका लागि नगरपालिकाले प्रस्तुत शिक्षा क्षेत्रको दश वर्षे योजना समेत निर्माण गरी सो योजनालाई अद्यावधिक गरी कार्यान्वनयको चरणमा रहेको छ।

नगरपालिकाले निर्माण गरेको दश वर्षे शिक्षा क्षेत्र योजनाको (२०७८–२०८८)अद्यावधिक सँस्करण हेर्दा महत्त्वाकाङ्क्षी जस्तो देखिए पनि नगरपालिकाको शिक्षा क्षेत्रको कायापलट गर्नका लागि नगरी नहुने क्रियाकलाहरूलाई समेटेर निर्माण गरिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी बालविकास र शिक्षाको अवधि दुई वर्षको बनाउने, शिक्षकहरू राजनीतिक दलको सदस्य हुन नपाउने, बालबालिका र शिक्षण पेसाप्रति जन्मजात रुचि राख्ने व्यक्तिहरू शिक्षण पेसामा प्रवेश गर्ने गरी शिक्षक छनोट पाठ्यक्रममा परिमार्जनका लागि पहल गर्ने, शिक्षक विद्यार्थीको अनुपात ३० जनाभन्दा बढी नहुने, अभिभावकविहीन बालबालिकाको लागि अभिभावकको भूमिका नगरपालिकाले निर्वाह गर्ने, खाजा कार्यक्रम कक्षा ८ सम्म विस्तार गर्ने, बालबालिकाको सिकाई उपलब्धि सुधार गर्न अभिभावक शिक्षा तथा विषयगत शिक्षकहरु बिच सिकाई आदान प्रदान गर्ने आदि कार्यक्रमहरूलाई योजनाले उच्च प्राथिमकता दिएको छ।

योजना निर्माण गर्ने कार्यमा नगरपालिका स्तर, वडा स्तर एवम् प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवाला निकायहरु सबैबाट पर्याप्त मात्रामा सुझाव र पृष्ठपोषणहरू प्राप्त भएका छन्। लेखन कार्यका लागि कार्यदल गठन गरी कार्यदल भित्र रहेका नगरपालिका भित्रका विषयगत शाखाका प्रमुख, माध्यमिक विद्यालयका प्रधानाध्यापक र क्याम्पसका प्राध्यापकहरूले अहोरात्र खटेर योगदान गर्नु भएको छ। कालिका स्वावलम्वन सामाजिक केन्द्र तथा समन्वय इकाई बर्दिया लगायतका सङ्घ संस्थाहरूले योजना निर्माणको क्रममा नगरपालिकालाई योजना अद्यावधिकका निम्ति चाहिने आवश्यक तथ्याङ्क एवम् स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ बमोजिम आवश्यक सल्लाह सुझाव र आर्थिक एवम् प्राविधिक रूपमा सहयोग गर्नु भएको छ। योजनालाई तोकिएको समयमै तयार गर्ने काममा समन्वयका साथै कार्यदलको अगुवाइ गर्ने काम नगरपालिकाका शिक्षा शाखा प्रमुख टिकानाथ गोसाईले गर्नु भएको छ। भाषिक सम्पादन गर्ने काम जीवन अर्याल, ज्ञानेन्द्र प्रसाद आचार्य, कृष्ण प्रसाद पौडेल, खोमराज काफ्लेले गर्नु भएको छ। नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखाअधिकृत, सामाजिक विकास समिति संयोजक तथा सम्पूर्ण कार्यपालिका सदस्यहरू लगायत

सिङ्गो नगरपालिका टिमले योजना निर्माणको कार्यमा आआफ्नो स्थानबाट सकारात्मक योगदान गर्नुभएको छ। त्यसकारण उल्लिखित सबै महानुभावप्रति हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु।

अन्तमा, योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि उल्लिखित महानुभावहरू, समग्र नगरबासी लगायत सङ्घ र प्रदेश सरकाकारबाट समेत महत्त्वपूर्ण योगदानको अपेक्षा गरिएको छ जसले गर्दा योजनाले निर्दिष्ट गरेको 'बारबर्दियाको शैक्षिक प्रतिबद्धता, गुणस्तरीय शिक्षा मार्फत सुख, समृद्धि र आत्मनिर्भरता' को सपना पूरा गर्न सहयोग पुग्ने छ। धन्यवाद।

छबिलाल थारु

नगर प्रमुख

विषयसूची

प्राक्कथन
परिच्छेद : १ ........ 1
परिचय ........ 1
परिच्छेद :२ ........ 15
दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 15
२.१ परिचय ........ 15
२.२ दूरदृष्टि (Vision) ........ 15
२.३ ध्येय (Mission) ........ 15
२.४ उद्देश्य ........ 15
२.५ रणनीति ........ 16
२.६. कार्यनीतिहरु ........ 19
२.७ अपेक्षित उपलब्धि ........ 21
२.८ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण ........ 22
परिच्छेद ३ : ........ 27
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 27
३.२ आधारभूत शिक्षा ........ 35
३.३ माध्यमिक शिक्षा ........ 45
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ 53
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई ........ 59
परिच्छेद :४ ........ 66
४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मूल्याङ्कन ........ 66
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 75
४.३ शैक्षिक समतामूलक समावेशिकरण र मनोसामाजिक परामर्श ........ 81
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 90
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ 94
४.६ शिक्षामा सूचना र सञ्चार प्रविधि ........ 148
४.७ विद्यालय भौतिक पूर्वाधार विकास ........ 153
परिच्छेद : ५ ........ 157
तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमताविकास र अन्तरसम्बन्ध ........ 157
परिच्छेद :६ ........ 165
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन ........ 170
७.२ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ........ 176
परिच्छेद ८: योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ........ 177
अनुसूची : एक ........ 187
दश वर्षे शिक्षा क्षेत्र योजना निर्देशक समितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण ........ 187
अनुसूची: दुई ........ 187
दश वर्षे शिक्षा क्षेत्र योजना तयारी प्राविधिक उपसमितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण ........ 187
अनुसूची: तीन ........ 188

दश वर्षे शिक्षा क्षेत्र योजना लेखनका लागि निर्माण गरिएको विषयगत समूहको विवरण ....................................................................188
अनुसूची : चार.....................................................................................................................................................188
नगरस्तरीय परामर्श गोष्ठीमा सहभागीहरुको विवरण ...........................................................................................................188

# कार्यकारी सारांश

बहुल जाति भाषा धर्म कला र संस्कृतिले सजिएको बारबर्दिया नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट लगभग १३ किलोमिटर उत्तरतिर रहेको विशेषगरी थारुजातिको बाहुल्यता भएको तराईको पालिका हो । यत्तिमात्र नभइ बारबर्दिया नगरपालिका शिक्षा क्षेत्रको उन्नतिका लागि सकारात्मक सोचका साथ पर्याप्त लगानी गरी शिक्षामा अघि बढिरहेको पालिका हो । यस पालिकाले नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चिताका लागि घोषणा गरिसकेको छ र पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको छ। मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेशपश्चात बारबर्दियाको पहिलो जननिर्वाचित सरकारले आरम्भदेखि नै शिक्षामा कुल बजेटको करिव २० प्रतिसत भन्दा बढि बजेट विनियोजन गरेर शिक्षालाई उच्च प्राथमिकता दिएर काम गरिरहेको छ । नगर सरकारले आफ्नै बजेट र कार्यक्रमबाट विभिन्न तहका करिव ११२ जना शिक्षक दरबन्दी सिर्जना गरेर नगरपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउन खोज्नु शिक्षालाई उच्च प्राथमिकता दिएकै कारण गरिएका कार्यहरुमध्येको एउटा महत्वपूर्ण काम हो । शिक्षालाई अझ योजनाबद्ध किसिमबाट अगाडी बढाउनका लागि नगरपालिकाले शिक्षा क्षेत्रको दश वर्षे योजना समेत निर्माण गरी कार्यान्वयन गरिररहेको छ । शिक्षा क्षेत्र विकासको प्रस्तुत ५ वर्षे योजना त्यही दश वर्षे योजनाको जगमा उभिएर अद्यावधिक स्वरुपमा तयार गरिएको कार्ययोजना हो ।

योजना निर्माणको क्रममा नेपालको संविधान २०७२, सोह्रौँ आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४,सङ्घ, प्रदेश र स्थानीय तह (समन्वयतथा अन्तरसम्बन्ध) ऐन २०७७, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन,नियमावली, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना, स्थानीय तहको मध्यमकालिन खर्च संरचना, राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८ , शैक्षिक सूचना सङ्गालो २०८०, फ्लास रिपोर्ट २०२२/२३, बारबर्दिया नगरपालिकाको विभिन्न आर्थिक वर्षहरुमा बजेट र आयव्यको विवरण र नगरपालिकाका अन्य विवरण र प्रकाशनहरु आदिको अध्ययन गर्ने काम गरिएको थियो । यसका अतिरिक्त योजनाको प्रस्तुत खाका निर्माणको लागि बारबर्दियाको शिक्षा सम्बन्धी दश वर्षे योजनालाई मुख्य आधार बनाइएको थियो ।

प्रस्तुत ५ वर्षे स्थानीय शिक्षा क्षेत्र विकास योजना (२०८२–२०८६) नगरपालिकाको शिक्षाको विद्यालय तहको योजना हो । योजनाको पहिलो परिच्छेदमा योजनाको परिचय र यसको निर्माण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ भने दोश्रो परिच्छेदमा योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरु समावेश गरिएको छ । योजनाको तेस्रो परिच्छेदमा शिक्षाका उपक्षेत्रको रुपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा, साक्षरता तथा निरन्तर सिकाइ र शिक्षालाई समेटिएको छ । त्यसैगरी चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्रहरुसँग अन्तरसम्बन्धित विषयवस्तुको रुपमा शिक्षक विकास र व्यवस्थापन, पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन, शिक्षामा सूचना र सञ्चार प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, विद्यालय पोषण एवम् दिवा खाजा कार्यक्रम, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालयहरुको भौतिक पुर्वाधार विकासलाई समेटिएको छ । उपक्षेत्र र अन्तरसम्बन्धित विषयवस्तुहरुको विश्लेषण गर्दा हरेक विषय वा एकाइभित्र परिचय, वर्तमान अवस्था, चुनौति र अवसर, उद्देश्य, रणनीतिहरु, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यलाई क्रमिकरुपमा समेटिएको छ । यसका अतिरिक्त पाँचौं परिच्छेदमा तीनै सरकारहरुको बीचको संरचना, क्षमता विकास र सम्बन्ध, छैठौं परिच्छेदमा शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन, सातौं परिच्छेदमा लगानी र स्रोत व्यवस्थापन र आठौं परिच्छेदमा योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई समेटिएको छ ।

योजनाले चुनौतिको रुपमा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर लगायत सबै तहको विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता र गुणस्तरको सुनिश्चितता गर्नु, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, शिक्षालाई सीप र श्रमसँग जोडेर नगरपालिको आर्थिक उपार्जन र समृद्धिको लागि प्राविधिक, व्यावसायिक र उद्यमशील जनशक्ति उत्पादन गर्नु, आवश्यकताका आधारमा पर्याप्त संख्यामा पेशाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरुको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउनु, नगरपालिका लगायत समग्र मुलुकको जीवन र जगतलाई सम्मानपूवर्क समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि पाठ्यक्रम तथा सिकाइ

क्रियाकलापहरुलाई समसामयिक र सान्दर्भिक बनाउनु, सबै प्रकारका हिंसा, जोखिम, विभेद र प्रकोपबाट शिक्षणसंस्थालाई सुरक्षित बनाउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइलाई प्रभावकारी बनाउनु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु आदिलाई आत्मसात गरी योजनालाई मूर्तरुप दिने काम गरिएको छ ।

यसैगरी बारबर्दियाको शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण अवसरको रुपमा शिक्षा क्षेत्रको दश वर्षे नगर योजना निर्माण गरी कार्यान्वयन गरिरहेको, नगरपालिकाले नगर शिक्षकमा लगानी गरी नगरलाई शिक्षक अभावबाट मुक्त गराउन पहल गरेको, नगरपालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता गरेको, नगरलाई पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको, नगरपालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिरहेको, नगरपालिकाबाट नै प्राविधिक शिक्षाका निम्ति आवश्यक पूर्वाधार विकासमा पर्याप्त लगानी भइरहेको आदिलाई लिन सकिन्छ भने अन्य अवसरहरुको रुपमा केही दशकदेखि शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि यसपूर्व नै सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरु पूर्वाधारका रूपमा रहेको, आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानूनी तथा नीतिगत आधार तयार भई कार्यान्वयन भइरहेको, शिक्षामा नागरिकको चासोका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैगिंक समतामा आशातीत प्रगति हुँदै गएको, संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य, सहलगानी र समन्वयको स्वरूप प्रारम्भ भएको, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन भइरहेको, सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुदै गएको, सबै विद्यालयहरु इन्टरनेट र सूचना प्रविधिको पहुँचमा भएको, नगरपालिकाका अधिकांस विद्यालयहरुमा पर्याप्त पूर्वाधार र जग्गाजमीन भएको, नगरपालिका आफै विविधताले भरिएको र मुलुककै अन्नको भण्डारको रुपमा रहेकाले प्राविधिक शिक्षा विकासका लागि उपयुक्त थलोको रुपमा नगरपालिका रहेको आदिलाई आत्मसात गरिएको छ ।

यस योजनाका चुनौतिको रुपमा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नु, विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयहरुलाई बालमैत्री बनाउनु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था गर्नु, जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु, पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सुखी र सम्मृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु, आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु, सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु आदि रहेका छन् ।

यसका साथै बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवाका साथै मनोसामाजिक सेवा विद्यालयमार्फत् प्रदान गर्नु, छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी बनाउनु , नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु, विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु, गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार

सम्बन्धको विकास गर्नु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वासमा अभिवृद्धि गर्नु आदिलाई पनि यस योजनाले सम्बोधन गर्नु पर्ने चुनौतिहरुको रुपमा स्वीकार गर्नु पर्ने देखिएको छ।

योजनाले उल्लिखित चुनौति र अवसरहरुलाई विश्लेषण गरी दूरदृष्टीको रुपमा 'हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता : गुणस्तरीय शिक्षामार्फत सुख. शान्ति र आत्म निर्भरता' अघि सारेको छ । त्यसरी नै योजनाले लक्ष्य र उद्देश्यअन्तर्गत सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने, विद्यालय शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुसार सञ्चालन गर्ने, सबै इच्छुक नगरवासीहरुका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई विस्तार गरी समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइलाई स्वरोजगार र आयआर्जनसँग जोड्ने, शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्ने, शैक्षिक संरचनाहरुमा प्रोत्साहनमूलक वातावरणको सिर्जना गर्ने, शिक्षण पेशालाई रुचिको पेशा बनाउन चाहने दक्ष र इमान्दार व्यक्तिहरुलाई शिक्षक हुनका लागि उपयुक्त वातावरणको विकास गर्ने, पर्यावरण संरक्षणमा सघाउ पुग्नेगरी हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने, पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको र रोजगारउन्मुख नागरिक तयार गर्ने, समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाउने आदिलाई अघि सारेको छ।

उल्लिखित उद्देश्यहरुलाई परिपूर्ति गर्नका लागि क्षेत्रगत र विषयगत रुपमा रणनीति र क्रियाकलापहरुको प्रक्षेपण गरिएको छ । विद्यमान कानून र नीति नियमलाई पुनरावलोकन गरी कार्यान्वयन गरिने रणनीति र क्रियाकलापहरुमा प्रमुख रुपले बालविकासलाई एकवर्षको अवधिबाट बढाएर दुई वर्ष अवधिको बनाइने, आधारभूत शिक्षालाई अनिवार्य बनाउनका लागि अन्य कुराहरुका अतिरिक्त सरकारका तीनै तहको राज्यकोषबाट तलव खाने कुनैपनि व्यक्तिले कम्तिमा पनि आधारभूत तहको शिक्षा हासिल गरेको हुनुपर्ने, विद्यालय खाजा कार्यक्रमको अनुदानलाई समसामयिक गर्दै कक्षा ८ सम्म विस्तार गरिने, अभिभावकविहीन बालबालिकाका लागि नगरपालिकाले अभिभावकको भूमिका निर्वाह गरी उनीहरुको शिक्षा खर्चका अतिरिक्त खाना, नाना र छानाको व्यवस्था गरिने, सबै प्रकारका छात्रवृत्तिहरु भौचर प्रणालीबाट उपलब्ध गराइने, पेशाप्रति समर्पित, इमान्दार र नैतिकवानका साथै कम्प्यूटर लगायतका सीप भएको व्यक्तिको शिक्षण सेवामा प्रवेशका लागि शिक्षक छनोट गर्ने वर्तमान पाठ्यक्रममा पुनरावलोकन गरिने, शिक्षालाई चुस्त र दुरुस्त किसिमले सञ्चालन गर्नका लागि यसको संरचनालाई पुनरावलोकन गरिने आदिलाई समावेश गरिएको छ।

योजनाको समग्र पक्षको पूर्णताका लागि सकेसम्म तीनै सरकारहरुले अबलम्बन गर्नुपर्ने रणनीतिहरुलाई समेट्ने काम प्रस्तुत योजनाले गरेको छ। लगानी तथा स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आदिको सवालमा तीनवटै सरकार जिम्मेवार हुने मान्यतामा कार्यक्रम र क्रियाकलापहरुको व्यवस्थापन गरिएको छ। योजनाको अन्त सम्ममा तीनै तहका सरकारहरुले कुल बजेटको कम्तिमा बीस प्रतिसत बजेट शिक्षामा लगानी गर्ने अपेक्षा गरिएको छ। यसरी विश्लेषण गर्दा बारबर्दिया नगरपालिकाको योजना अवधि अर्थात पाँच वर्षसम्म आवश्यक पर्ने कुल बजेट रु. २ अरब ४४ करोड १८ लाख ६० हजार अनुमान गरिएको छ। उक्त बजेटमध्ये संघीय सरकारबाट ५५.५ प्रतिशत, प्रदेश सरकारबाट ३.० प्रतिशत र स्थानीय तहबाट ४०.५ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ । योजना अवधिमा नागरिक समाज, अभिभावक र गैरसरकारी संघसंस्थाहरुबाट समेत विभिन्न किसिमबाट योगदान हुने अपेक्षा गरिएको छ जसलाई बजेटमा १ प्रतिशत अनुमान गरिएको छ।

## तालिका सूची


| तालिका नं | विषय | पेज नं |
|---|---|---|
| १.१ | बारबर्दियाका सामुदायिक विद्यालयहरु र त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीसम्बन्धी विवरण | ८ |
| १.२ | बारबर्दिया नगरपालिकाका संस्थागत विद्यालयहरु र त्यहाँ शिक्षक र विद्यार्थीहको विवरण | ८ |
| २. १ | मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | २१ |
| ३.२ | प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ३० |
| ३.३ | आधारभूत शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ४२ |
| ३.४ | माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ४९ |
| ३.५ | उच्च शिक्षा र माध्यमिक शिक्षासँग यसको सम्बन्ध सम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६३ |
| ३.६ | प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ७२ |
| ३.७ | अनौपचारिक शिक्षा साक्षरता  र आजीवन सिकाइ र शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ८० |
| ४.२ | शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ९५ |
| ४.३ | पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | ११० |
| ४.४ | शैक्षिक सुशासन  र जनशक्ति व्यवस्थापनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १२३ |
| ४.५ | शिक्षामा समतामूलक  समावेशीकरण र मनोसामाजिक परामर्शसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | १३६ |
| ४.६ | शिक्षामा सूचना र सञ्चार प्रविधिसम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | १४७ |
| ४.७ | आपतकालीन र सङ्कटपूर्ण अवस्थामा शिक्षासम्बन्धी प्रमुख क्रियाकलाप तथा लक्ष्य | १५७ |
| ४.८ | शिक्षामा भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १६६ |
| ५.६ | संस्थागत संरचना क्षमता विकास र अन्तरसम्बन्धका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १७५ |
| ६.१ | नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरुप (बजेट रु करोडमा) | १७८ |
| ६.२ | बारबर्दिया नगरपालिकाको विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरुप (बजेट रु लाख) | १७९ |
| ६.३ | शिक्षामा विभिन्न उपक्षेत्रगत संघीय लगानीको अवस्था | १८० |
| ६.४ | बारबर्दिया नगरपालिकाको आगामी पाँच वर्षसम्मको बजेटमा  शिक्षा क्षेत्रको प्रस्तावित बजेट | १८३ |
| ६.५ | बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा हुने व्ययको अनुमान | १८४ |
| ७.१ | कार्यान्वयन अनुगमन तथा मूल्यांकनका प्रमुख क्रियाकलाप तथा लक्ष्य | १९४ |
| ८.३ | प्रमुख कार्यसम्पादन सूचकहरु (KPIs) | १९९ |
| ८.४ | कार्यक्रमगत नतिजासम्बन्धी सूचकहरु | २०२ |

BARABARDIYA

## परिच्छेद : १

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घ प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेको छ। संविधानको मर्म मुताबिक हाल मुलुकमा केन्द्रीय सरकार एक, प्रदेश सरकार सात र स्थानीय तहका ७५३ वटा सरकारहरू क्रियाशील रहेको अवस्था छ। जारी संविधान अनुसार नै बारबर्दिया नगरपालिका पनि स्थानीय तहको ७५३ मध्येको एउटा स्थानीय सरकार हो। कुनै पनि राज्य सरकारका आफ्नै नीति, योजना, कानुन, बजेट र कार्यक्रम हुन्छन्। सोहीअनुसार बारबर्दियाले पनि शिक्षासम्बन्धी योजना बनाई कार्यान्वयन गर्नु आवश्यकता महसुस गरी प्रस्तुत योजना निर्माण कार्य अघि सारेको छ। योजनाको प्रस्तुत परिच्छेदमा योजनाको अवधारणा लगायत योजनासँग प्रत्यक्ष रूपले गाँसिएका बारबर्दियाका विभिन्न सन्दर्भहरूलाई विश्लेषण गरिएको छ। समग्रमा यस परिच्छेदमा योजनाको अवधारणा र योजना निर्माणका निम्ति आवश्यक पर्ने बारबर्दिया नगरपालिकाको हालको अवस्थालाई र योजना निर्माण प्रक्रियालाई छिचोल्ने काम गरिएको छ।

विश्व ब्रह्माण्डको सर्वाङगीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समता मूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको टड्कारो आवश्यकता हो। दिगो विकास, सुख, शान्ति, सुशासन र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षाले असल, योग्य, सक्षम,प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। यसैका माध्यमबाट नै समग्र मुलुकले परिकल्पना गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को आकाङ्क्षा र अठोट समेत पूरा हुन्छ।

नेपाल स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ।अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ।

विकासको मेरुदण्डका रूपमा शिक्षालाई लिंदै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै परिच्छेद ३ मा अनिवार्य तथा निःशुल्क र दफा २० मा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने कुरा समेत उल्लेख गरेको पाइन्छ।यसैलाई टेकेर बनाइएकोअनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को परिच्छेद २ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, आवासीय सुविधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने कुरामा विशेष जोड दिएको पाइन्छ।नियमावलीको परिच्छेद ३ मा छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गरिने कुरा उल्लेख गर्दै परिच्छेद ४ मा वैकल्पिक र अनौपचारिक तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षार्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ।

कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ। यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ। जसको दूरदृष्टि नै "शिक्षित सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने रहेको छ भने यसको लक्ष्य "सबै तहको शिक्षालाई प्रतिष्पर्धी, प्रविधि मैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने भन्ने रहेको छ।प्रस्तुत शिक्षा नीतिले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्म, अनौपचारिक, समावेशी र विशेष शिक्षा सहित

सामुदायिक तथा सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण गरी राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीमा जोड दिनुपर्ने कुरा अगाडि सारेको पाइन्छ। यसका लागि शिक्षामा लगानी अभिवृद्धि गरी विज्ञान र प्रविधि सहित शिक्षामा गुणस्तर कायम गर्नुपर्ने नीति समेत अवलम्बन गर्नुपर्ने उल्लेख छ। यसै अनुरूप प्रदेश र स्थानीय तहले यसको अधिनमा रही थप नीति, रणनीति र कार्यनीतिहरू कार्यान्वयन गर्न सक्ने व्यवस्था पनि गरेको छ।

मुलुकको चालु आवधिक योजना (सोह्रौँ योजना) ले पनि सामाजिक,आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशीलका साथै मुलुकप्रति समर्पित मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ। १३ ओटा उद्देश्यमा आधारित भई विभिन्न रणनीति तथा कार्यनीति समेत बनाइएको छ। जसले गर्दा योजनाको अन्त्यसम्म ५ वर्ष माथिको साक्षरता दर ७७.५ बाट पुर्ण साक्षर बनाउने, १५ देखि २४ वर्षको साक्षरता दर ९७.१ बाट ९९.५ पुऱ्याउने, आधारभूत तहमा खुद भर्ना दर ९५.७ बाट शतप्रतिशत र माध्यमिक तहमा खुद भर्ना दर ५३ बाट ६५ प्रतिशत पुर्याउने, प्रारम्भिक बालविकासमा खुद भर्ना दर ९४.३ बाट ९८.३ पुऱ्याउने आदि जस्ता शैक्षिक उपलब्धि हासिल गरेर समुन्नत समाज र समृद्ध राष्ट्र बनाउन सहयोग गर्ने कुरालाई आत्मसात गरेर अगाडि बढ्न मार्गदर्शन समेत गरेको छ।

शिक्षाको विकास नै देश विकासको मूल आधार हो र शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने कुरालाई आत्मसात गरी मुलुकले विभिन्न समयमा शिक्षा विकासका निम्ति समयानुकुल विविध आवधिक योजना एवम् प्रस्तावहरू अगाडि बढाएको पाइन्छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच, सुनिश्चित गर्नका साथै गुणस्तर सुधार्नका निम्ति सात वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएर यसको अवधिसमेत सम्पन्न भइसकेको छ। यसको मुख्य उद्देश्य भनेकै नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नु रहेको थियो र उक्त उद्देश्यले भावी योजनाहरूमा समेत निरन्तरता पाउने कुरा अवश्यम्भावी छ। हाम्रो नगर शिक्षा योजनाले पनि यिनै कुराहरूलाई शिरोधार्य गर्दै जानु पर्ने देखिन्छ।

दिगो विकासका लक्ष्य २०३० को लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्नेकुरा उल्लेख गरिएको छ जसमा सबै छात्र छात्रहरूलाई सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, बालविकासमा पहुँच र गुणस्तरीयता कायम गर्ने, विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषको समान सुनिश्चितता कायम गर्ने, प्राविधिक तथा व्यावसायिक दक्षता लगायत सान्दर्भिक सिप, दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने जस्ता उद्देश्य लिई अगाडि बढेको पाइन्छ। यसले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरूलाई समेत आत्मसात् गर्दै कार्यान्वयनमा अगाडि बढ्नुपर्ने कुरालाई यस नगर शिक्षा योजनाले पछयाउँदै जानुपर्ने देखिन्छ।

नेपाल भौगोलिक विविधताले सम्पन्न मुलुक हो। हिमाल, पहाड र तराईको सुन्दर संयोजना रहेको हाम्रो देशमा बाढी, पहिरो जस्ता भूक्षय र महामारी जस्ता प्राकृतिक विपत्तिले बेलाबेलामा आक्रान्त पारिरहन्छ। यसको असरबाट प्रत्यक्ष रूपमा शिक्षा क्षेत्र पनि प्रभावित भइरहेको हुन्छ। बारबर्दिया नगरपालिकालाई वि.स २०७१ साउनमा आएको बाढी र वि.स २०७२ बैशाखमा आएको भूकम्पले निम्त्याएको शैक्षिक विपत्ति मात्र नभएर विश्वव्यापी महामारीका रूपमा रहेको कोरोना भाइरसलेत झन् सबैभन्दा बढी प्रभाव पारेको क्षेत्र नै शिक्षा हो जसको प्रत्यक्ष असर आजसम्म पनि विद्यार्थीहरूले भोगिरहेका छन्। यत्तिमात्र नभई हिउँदमा देखा पर्ने शीतलहर, हुस्सु र वायु प्रदूषण, गर्मी याममा देखा पर्ने लू, आगलागी र आँधीहुरी एवम् बर्षायाममा देखा पर्ने बाढीपहिरो, असिना, डुबान, चट्याङ, अतिवृष्टि आदि जस्ता प्राकृतिक प्रकोपले समेत बारबर्दियाको शिक्षालाई असर पारिरहेको देखिन्छ। यस्तो अवस्थामा शिक्षा क्षेत्रको उत्थान गर्नका निम्ति शिक्षाको राष्ट्रिय उद्देश्यभित्र १२औं उद्देश्य प्राकृतिक एवम् दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने बमोजिम विपत्तिको पनि सामना गर्न सक्ने जनशक्ति तयार गर्न मुलुक अग्रसर रहेको पुष्टि हुन्छ।

कोभिड महामारीकै बीचमा नगरपालिकाबाट घुम्ती कक्षा सञ्चालन गर्ने, Project work मार्फत कार्य गर्ने, सम्भव भएसम्म Online class हरू लिने प्रयास गरिएको थियो। कोभिड १९ को समयमा हाम्रो नगरपालिकाले त झन् तहगत र कक्षागत रुपमा सबै विषय समेट्ने गरी परियोजना कार्य तथा प्रश्नहरुको संगालो पुस्तक प्रकाशन गरी विद्यार्थीलाई घरमै पढ्ने र गृहकार्य गर्ने व्यवस्था मिलाउने काम गरेको थियो। प्रस्तुत प्रयासलाई गतिशील बनाउन आलोपालो अनुसार शिक्षकहरूलाई घरमै गई सिकाइ सहजीकरण गर्ने प्रयास



BARBARDIYA

समेत गरिएको थियो। विपत्ति र महामारीको समयमा उपयोगी हुने यस्ता कार्यहरू अझ थप गर्दै गतिशील गराउनु पर्ने आजको आवश्यकता महसुस गरी अझ गुणस्तरीय एवम् व्यवस्थित गर्न नगरपालिका कटिबद्ध रहेको छ।

स्थानीय तहको शैक्षिक योजना निर्माणले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्बोधन गर्न, स्थानीय सरोकारवालालाई शिक्षाप्रति जवाफदेही र जिम्मेवार बनाउन, सम्बन्धित सरोकारवाला सबैलाई शैक्षिक योजना कार्यान्वयनमा अपनत्वको भावना बोध गराउन, स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा गर्न, सरकारका नीति योजना तथा विकास प्रस्तावलाई सफलीभूत पार्न, स्थानीय तहको सामाजिक, आर्थिक, भौगोलिक परिवेश अनुकुलको विद्यालय शिक्षा तथा साक्षरता कार्यक्रम सञ्चालन गर्न, शैक्षिक संस्थाहरूको आर्थिक, भौतिक, शैक्षिक एवम् व्यवस्थापकीय पक्षहरूको गुणस्तर अभिवृद्धि गर्न तथा शिक्षकहरूलाई बदलिदो परिवेश अनुसार पेसाप्रति जवाफदेही बनाउँदै क्षमता अभिवृद्धि गर्न समेत मार्गचित्र कोर्दै सोही बमोजिमको मार्गमा हिड्न प्रेरित गर्ने भएकाले यसको आवश्यकता अपरिहार्य छ। जसका कारण सिङ्गो मुलुककै शैक्षिक एवम् समग्र पक्षको विकासमा टेवा पुग्ने देखिन्छ।

## १.२ वर्तमान अवस्था

नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय शिक्षा नीति, २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ आदि जस्ता शिक्षासम्बन्धी सङ्घीय कानुनहरूले एकातिर हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् भने अर्कोतिर सङ्घीय संरचना अनुसारका तीन वटा सरकारमध्ये शिक्षाको कुन तहको कुन काम कुन सरकारले गर्ने भन्ने कुरा समेत यकिन गरेको अवस्था छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुसार स्थानीय सरकारले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी र अधिकार रहेको अवस्था छ।

बारबर्दिया नगरपालिकामा विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तहमा ९६ वटा बालविकास केन्द्र, ३९ वटा आधारभूत र १४ वटा माध्यमिक विद्यालयहरू छन्। शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या ३१८७ जना रहेको छ। त्यसैगरी आधारभूत तहअन्तर्गत कक्षा १–५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ६५२६ र कक्षा ६–८ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४१७२ जना रहेको छ। माध्यमिक तहअन्तर्गत कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २२६१ र कक्षा ११–१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ८९१ जना रहेको छ। शिक्षकको विवरणको आँकलन गर्दा स्वीकृत दरबन्दी तथा राहतको प्राथमिक तहमा १८६ जना, निम्न माध्यमिक तहमा ५५ जना र माध्यमिक तह (कक्षा ९–१०) मा ३२ जना र माध्यमिक तह (कक्षा ११–१२) मा १० जना शिक्षकहरू रहेको देखिन्छ। यसरी स्वीकृत दरबन्दी तथा राहत शिक्षकलाई मात्र आधार मानी गणना गर्दा प्राथभिक तहमा विद्यार्थी शिक्षक अनुपात १:२६, आधारभूत तह कक्षा ६–८ मा विद्यार्थी शिक्षकको अनुपात १:७० तथा माध्यामिक तह ९–१० को १:२८ रहेको छ।

शिक्षक अपर्याप्ततालाई मध्यनजर राखी नगरपालिकाको आफ्नो सामान्यीकरण अनुदानबाट तथा शिक्षण सहयोग अनुदानबाट नियुक्त गरिएका शिक्षकहरूको सङ्ख्या प्राथमिक तहमा ३१ जना, निम्न माध्यमिक तहमा ४३ जना र माध्यमिक तहमा ४७ जना गरी १२१ जना रहेको देखिन्छ। यसैगरी टुलकिट अनुसार विश्लेषण गर्दा बालविकासमा कुल भर्ना दर १३४.३ तथा खुद भर्ना दर ९४.३ प्रतिशत रहेको देखिन्छ । यसैगरी कक्षा १–५, कक्षा १–८ र कक्षा ९–१२ को कुल भर्ना दर क्रमश १०५.७, १०५.२, ७३ रहेको छ । राष्ट्रियस्तरको तुलनामा नगरपालिकाको उल्लिखित खुद भर्ना दर कम रहेको देखिन्छ।

### क) भौगोलिक अवस्थितिको विश्लेषण:

बारबर्दिया नगरपालिकाको क्षेत्रफल २२६.४६ वर्ग कि.मि. रहेको छ। यो नगरपालिकाको भूधरातल समुद्र सतहबाट १३० मिटरदेखि २१० मिटर उचाइमा रहेको छ। यो नगरपालिका २८ डिग्री १३ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांश देखि २८ डिग्री २५ मिनेट २४ सेकेण्ड उत्तरसम्म र ८१ डिग्री १७ मिनेट ८८ सेकेण्ड पूर्वी देशान्तरदेखि ८१ डिग्री २९ मिनेट १९ सेकेण्ड पूर्वसम्म फैलिएको छ। यस नगरपालिकाको पूर्वमा बर्दिया जिल्लाकै बाँसगढी नगरपालिका र दक्षिणमा बर्दियाकै मधुवन नगरपालिका र गुलरिया नगरपालिका रहेका छन। त्यसैगरी यस नगरपालिकाको उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र पश्चिममा यसै जिल्लाको ठाकुरबाबा नगरपालिका रहेको छ।

बारबर्दिया नगरपालिकाको पार्श्वचित्र २०७५ का आधारमा भन्नुपर्दा यहाँको कुल जमिन मध्ये खेतीयोग्य जमिन ४५.५१ प्रतिशत रहेको छ भने वनजङ्गल अर्थात बर्दिया राष्ट्रिय निकुञ्जले ४१.३६ प्रतिशत जमिन ओगटेको छ। यसका साथै आवासीय क्षेत्रले ३.३७ प्रतिशत, झाँडी र बुट्यानले १.९१ प्रतिशत, घाँसे मैदानले २.६४ प्रतिशत, बालुवाले ३.३२ प्रतिशत, जलक्षेत्रले १.४४ प्रतिशत र बगैचाले ०.४८ प्रतिशत ओगटेको देखिन्छ। प्रशासनिक हिसाबले यस नगरपालिकालाई ११ ओटा वडामा विभाजन गरिएको छ जसमा वडा नं. १मा जमुनिया, वडा नं. २ मा कुमरागाउँ, वडा नं. ३ मा बनियाभार, वडा नं. ४ मा पदनाहा, वडा नं. ५ मा बन्घुस्री, वडा नं. ६ मा जयनगर, वडा नं.७ मा सिउनिया, वडा नं. ८ मा दुध्धा, वडा नं.९ मा कतर्निया, वडा नं.१० मा बैदी र वडा नं. ११ मा बेल्भार टोल/गाँउ पर्दछन्।

## ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

बारबर्दिया नगरपालिकाको घरधूरी सर्वेक्षण २०७५ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ७०,९०४ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३७,८६४ रहेको छ भने पुरुषको जनसङ्ख्या ३३,०३८ रहेको छ। त्यसैगरी ६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या ६५,०५३ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३५,०४८ र पुरुषको जनसङ्ख्या ३०,००५ रहेको देखिन्छ। त्यसैगरी १५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ५१,१६० रहेको छ जसमा महिलाको जनसङ्ख्या २८,२०० र पुरुषको जनसङ्ख्या २२,९६० रहेको देखिन्छ। यसैगरी यस नगरपालिकाको १५ वर्ष देखि ४५ वर्षको जनसङ्ख्या ३५,६८६ रहेको छ जसमा महिलाको जनसङ्ख्या २०,३७२ र पुरुषको जनसङ्ख्या १५,३१४ रहेको देखिन्छ।

**तालिका नं.१.१**

**बारबर्दिया नगरपालिकाको जम्मा जनसंख्या**

| परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धि दर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ | ०.६६ | ३२१ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

**तालिका नं.१.२**

**२०७८ सालको जनसँख्या बमोजिम प्रक्षेपित जनसङ्ख्या**

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसङ्ख्या(जम्मामा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | ११५० | ११६५ | ११७३ | ११८१ | ११८८ | ११९६ | १२०४ | १२१२ | १२२० |
| ४ | ११८५ | ११९३ | १२०० | १२०८ | १२१६ | १२२४ | १२३२ | १२४१ | १२४९ |
| ५ | ११४३ | ११५८ | ११६६ | ११७३ | ११८१ | ११८९ | ११९७ | १२०५ | १२१३ |
| ५-९ | ६०५७ | ६१३७ | ६१७८ | ६२१८ | ६२६० | ६३०१ | ६३४२ | ६३८४ | ६४२६ |
| १०-१२ | ३९१३ | ३९६५ | ३९९१ | ४०१७ | ४०४४ | ४०७१ | ४०९७ | ४१२४ | ४१५२ |
| ५-१२ | ९९७० | १०१०२ | १०१६९ | १०२३५ | १०३०४ | १०३७२ | १०४३९ | १०५०८ | १०५७८ |
| १३-१४ | २८४८ | २८८६ | २९०५ | २९२४ | २९४३ | २९६३ | २९८२ | ३००२ | ३०२२ |
| १५-१६ | २८८५ | २९२३ | २९४३ | २९६२ | २९८१ | ३००१ | ३०२१ | ३०४१ | ३०६१ |
| १३-१६ | ५७३३ | ५८०९ | ५८४८ | ५८८६ | ५९२४ | ५९६४ | ६००३ | ६०४३ | ६०८३ |
| ५+ | ६६७७६ | ६७६६० | ६८१०७ | ६८५५६ | ६९००९ | ६९४६४ | ६९९२३ | ७०३८४ | ७०८४९ |
| १५-२४ | १४१४३ | १४३३० | १४४२५ | १४५२० | १४६१६ | १४७१२ | १४८०९ | १४९०७ | १५००६ |
| १५+ | ५३९५८ | ५४६७३ | ५५०३३ | ५५३९७ | ५५७६२ | ५६१३० | ५६५०१ | ५६८७४ | ५७२४९ |

श्रोतःटुलकिट

## ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:

बहुल जाति, भाषा, धर्म, कला र संस्कृतिले सजिएको बारबर्दिया नगरपालिका बर्दिया जिल्ला सदरमुकाम गुलरियाबाट लगभग १३ किलोमिटर टाढा उत्तर दिशातिर पर्ने रमणीय थारु समुदायले बाहुल्यता रहेको बस्तीको नाम हो। यस नगरपालिका क्षेत्रको नाम "बारबर्दिया" किन रहन गयो भन्ने विषयमा एकमत देखिदैन। स्थानीय थारु भाषामा गाई र गोरुलाई वलिबर्द भनिन्छ। ऐश्वर्य र समृद्धिको प्रतीकका रूपमा रहेको गोरुलाई संस्कृत भाषामा पनि वलिबर्द भनिन्छ। कालान्तरमा वलिबर्द अपभ्रंश भएर बर्दिया जिल्लाको नामाकरण गर्न सहयोगी भएको जनविश्वास छ।

बारबर्दिया शब्द थारु समुदायको बाह जना बर्दिवाहरू (ग्वालाहरू) सँग सम्बन्धित रहेको भन्ने जनविश्वास रहेको छ। जस अनुसार धेरै वर्ष पहिले यस क्षेत्रमा थारु समुदायको बाह जना बर्दिवाहरू गाई, गोरु चराउन जङ्गलमा गएर देउतालाई बलि दिने भनी नाटक गर्दा दश जना बर्दिवाहरू लोप भए। बाँकी दुई जना बर्दिवाहरू गाउँलेको डरले आआफ्नो घाँटी रेटी मृत्यु वरण गरे। यसरी बाह जना बर्दिवाहरू मरेको उक्त स्थानमा गाउँलेहरूले बरहो बरदिया मण्डप निर्माण गरी नित्य पूजापाठ गर्न थाले। यस नगरपालिकाको वडा नं ५ मा रहेको ऐतिहासिक, साँस्कृतिक धरोहरको रूपमा रहेको बरहो बरदिया (बारबर्दिया) मण्डपकै नामलाई आधार मानी स्थानीय समुदायको माग बमोजिम नै नगरपालिकाको नाम बारबर्दिया नामाकरण हुन गएको हो भन्ने स्थानीयहरूको भनाइ रहेको छ।

बारबर्दिया नगरपालिका थारु जातिको बाहुल्यता भएको पालिका हो।जनगणना २०७८ का अनुसार यहाँ कुलजनसङ्ख्या मध्ये ७५.२ प्रतिशत जनसङ्ख्या थारु जाति रहेको छ।त्यसपछि क्षेत्रीहरूको जनसङ्ख्या ९.५ प्रतिशत, पहाडी ब्राह्मणको जनसङ्ख्या ४.२६ प्रतिशत, विश्वकर्माहरुको जनसङ्ख्या ३.५ प्रतिशत, मगरको जनसङ्ख्या २.७ प्रतिशत र परियारको जनसङ्ख्या २.१ प्रतिशत रहेको देखिन्छ।एक प्रतिशत भन्दा पनि कम जनसङ्ख्या रहेका जातिहरूमा ठकुरी, सन्यासी, दशनामी, मिजार तथा तराई ब्रामहण लगायतका जातिहरू पर्दछन्।मातृभाषाका हिसाबले विश्लेषण गर्दा यहाँ ७२.४प्रतिशत मानिसहरू थारु मातृभाषीहरू रहेका छन्।नेपाली भाषा मातृभाषी हुनेहरूको जनसङ्ख्याको प्रतिशत २५.९ रहेको छ।समावेशिताको आधारमा भन्नु पर्दा यहाँको कुल जनसङ्ख्याको ३.५ प्रतिशत मानिसहरू अपाङ्ग रहेका छन्।

धर्मका आधारमा जनसङ्ख्याको वर्गीकरण गर्दा यस नगरपालिकामा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ। यस नगरपालिकाका ९४.९३ प्रतिशत मानिस हिन्दूहरू रहेका छन् भने दोस्रो धर्मको रूपमा इसाइ रहेको छ जसलाई ३.९८ प्रतिशत मानिसहरूले मान्दै आएको देखिन्छ। त्यसपछि बौद्ध र ईस्लाम धर्म मान्नेहरू क्रमश: ०.८२ तथा ०.२५ रहेका देखिन्छन्।

यस नगरपालिकामा बसोबास गर्ने सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म, संस्कृति,चाडपर्व र चालचलनहरू छन्। जसअन्तर्गत बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने–माघे संक्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोहश्राद्ध, जितीया, सिरुवा (विशेषगरी थारु–खवास), कुल–थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, सङ्कट पूजा, बुद्ध जयन्ती, विभिन्न ल्होसार पर्वहरू, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफित ्र, क्रिसमस डे, नयाँ वर्ष, गौरा, होली, आइतबारी, देवीजात, ज्येष्ठ पूर्णिमा (राजी जातिको), चराईहरू (राना थारु जातिको), धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य, भुवा (रणकौशल प्रदर्शन गरिने खेल), पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरू रहेका छन्। यस नगरपालिकामा विभिन्न समयमा धार्मिक तथा सांस्कृतिक मेलाहरू समेत लाग्ने गरेका छन्।

## घ) आर्थिक अवस्थाको विश्लेषण :

पेसागत हिसाबले भन्नुपर्दा यहाँका ७३.१ प्रतिशत मानिसहरू कृषिमा आबद्ध छन्। कृषिमध्ये पनि पशुपालनमा समेत आबद्ध जनसङ्ख्याको प्रतिशत ६९.१० रहेको छ। व्यापार व्यवसायमा आबद्ध जनसङ्ख्याको कुरा गर्दा उद्योगमा दर्ता भई नगरपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायहरूको सङ्ख्या २५१ रहेको छ। जसमा ८०० भन्दा बढी मानिसहरूले रोजगारी पाइरहेका छन्।

त्यसरी नै वाणिज्यमा दर्ता भई नगरपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायको सङ्ख्या ४६८ रहेको देखिन्छ। यस नगरपालिकाको कुल जनसङ्ख्या ८०,९३९ भएकोमा नगरपालिकामा विभिन्न कारणले सर्वेक्षणको अवधिमा अनुपस्थित भएका मानिसहरूको सङ्ख्या १०,०३५ रहेको देखिन्छ। तीमध्ये पुरुषको सङ्ख्या ७,९५४ र महिलाको सङ्ख्या २,०८१ रहेको देखिन्छ। तीमध्ये पनि रोजगारी लगायत बसाइसराइकै क्रममा बाहिरी मुलुकमा रहेका यस नगरपालिकाको जनसङ्ख्या ३,५५० रहेको छ जसमध्ये भारतमा मात्रै १,५३३ अर्थात् ४३.१८ प्रतिशत रहेका देखिन्छन् भने बाँकी जनसङ्ख्या अन्य मुलुक (मलेसिया, सउदी अरब, कतार, कुवेत आदि) मा रहेको देखिन्छ। शिक्षक तथा अन्य सरकारी जागिरमा रहेको जनसङ्ख्या यस नगरपालिकामा नगण्य रहेको छ।

उल्लिखित तथ्याङ्कको अध्ययनबाट पुष्टि हुन्छ कि यहाँका मानिसहरूको आम्दानी र जीवन निर्वाहको मुख्य स्रोत भनेको कृषि र पशुपालन हो। यहाँको केही जनसङ्ख्या उद्योग व्यापारमा पनि संलग्न भएर आय आर्जन गरिरहेको अवस्था छ। त्यस्तै केही मानिसहरू वैदेशिक रोजगारबाट आय आर्जन गरिरहेका छन् भने केही मानिसहरूले नगरपालिकाभित्र वा नगरपालिका बाहिरका विभिन्न पालिका र जिल्लाहरूमा दैनिक ज्याला मजदुरी गरेर आयआर्जन गरिरहेको अवस्था देखिन्छ। यसका अतिरिक्त केही मानिसहरू शिक्षण पेसा, सरकारी जागिर लगायत अन्य सङ्घसंस्थाहरूको जागिरमा लागेर आय आर्जन गरिरहेको अवस्था छ भने केही मानिसहरूले पेन्सनबाट पनि आयआर्जन गरी जीवन निर्वाह गरिरहेको अवस्था छ।

जसरी नगरबासीहरूको आम्दानी हुने गर्दछ त्यसरी नै नगरपालिकाको आयमा पनि कृषि र पशुपालनसँग सम्बन्धित उद्योग तथा व्यापारको दर्ता एवम् नवीकरणबाट भूमिका निर्वाह गरेको देखिन्छ। यसका अतिरिक्त नगरका विभिन्न टोल र बस्तीहरूमा सञ्चालन भइरहेका पसल, कारखाना, इट्टाभट्टा, मिल आदिको दर्ता र नवीकरण र भूसेवाबाट प्राप्त हुने रजिष्ट्रेसन, घरजग्गा कर आदिबाट हुने आम्दानी पनि नगरपालिकाका आम्दानीका प्रमुख स्रोतभित्र पर्दछन्। विभिन्न नदी र खोलाहरूको बालुवा, गिट्टी र ढुङ्गाहरूको ठेक्कापट्टा र बिक्रीबाट प्राप्त हुने रकम पनि नगपालिकाका आम्दानीका स्रोतहरू अन्तर्गत पर्दछन्।

बारबर्दियाको घरधुरी सर्वेक्षण २०७५ को अभिलेख अध्ययन गर्दा यहाँका ११,६६१ (७४.९५) विभिन्न कामका लागि विभिन्न व्यक्ति र संस्थाहरूबाट ऋण लिएको अवस्था छ। ऋण लिने परिवारहरूमध्ये २७.२७ प्रतिशत घरपरिवारले व्यक्तिबाट, ५१.४३ प्रतिशत परिवारले सहकारीबाट, १३.२१प्रतिशत परिवारले बैङ्कबाट, ३८.२३ प्रतिशत परिवारले अन्य वित्तीय संस्थाबाट र २.८० प्रतिशत परिवारले अन्य स्रोतबाट ऋण लिएको देखिन्छ। ऋण लिनुपर्ने कारणहरूको अध्ययन गर्दा प्रमुख कारणको रूपमा घरायसी काम रहेको देखिन्छ भने प्राथमिकता क्रमको आधारमा अन्य कारणहरूमा क्रमश: औषधी उपचार गर्न, घर बनाउन र जग्गा जमिन खरिद गर्न, कृषि व्यवसाय गर्न, शैक्षिक शुल्क तिर्न र उद्योग व्यापार गर्न आदि रहेका छन्।

## ङ) शैक्षिक अवस्थाको विश्लेषण :

बारबर्दिया नगरपालिकामा विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तहमा ९६ वटा बालविकास केन्द्र, ३९ वटा आधारभूत र १४ वटा माध्यमिक विद्यालयहरू छन्। शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या ३१८७ जना रहेको छ। त्यसैगरी आधारभूत तहअन्तर्गत कक्षा १–५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ६५२६ र कक्षा ६–८ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४१७२ जना रहेको छ। माध्यमिक तहअन्तर्गत कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २२६१ र कक्षा ११–१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ८९१ जना रहेको छ। शिक्षकको विवरणको आँकलन गर्दा स्वीकृत दरबन्दी तथा राहतको प्राथमिक तहमा १८५ जना, निम्न माध्यमिक तहमा ५५ जना र माध्यमिक तह (कक्षा ९–१०) मा ३२ जना र माध्यमिक तह (कक्षा ११–१२) मा १० जना शिक्षकहरू रहेको देखिन्छ। यसरी स्वीकृत दरबन्दी तथा राहत शिक्षकलाई मात्र आधार मानी गणना गर्दा प्राथभिक तहमा विद्यार्थी शिक्षक अनुपात १:२६, आधारभूत तह कक्षा ६–८ मा विद्यार्थी शिक्षकको अनुपात १:७० तथा माध्यामिक तह ९–१० को १:२८ रहेको छ।

शिक्षक अपर्याप्ततालाई मध्यनजर राखी नगरपालिकाको आफ्नो सामान्यीकरण अनुदानबाट तथा शिक्षण सहयोग अनुदान बाट नियुक्त गरिएका शिक्षकहरूको सङ्ख्या प्राथमिक तहमा ३१ जना, निम्न माध्यमिक तहमा ४३ जना र माध्यमिक तहमा ४७ जना गरी १२१ जना रहेको देखिन्छ। यसैगरी बालविकासमा कुल भर्ना दर १३४.३ तथा खुद भर्ना दर ९४.३ प्रतिशत रहेको देखिन्छ। यसैगरी कक्षा १–५, कक्षा १–८ र कक्षा ९–१२ को कुल भर्ना दर क्रमश १०५.७, १०५.२, ७३ रहेको छ। राष्ट्रिय स्तरको तुलनामा नगरपालिकाको उल्लिखित खुद भर्ना दर कम रहेको देखिन्छ। उल्लिखित कतिपय विवरणहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं.१.३
### विद्यालयगत सङ्ख्या

| प्रकार | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | प्राविधिक |
|---|---|---|---|---|---|---|
| सबै प्रकारका विद्यालय | ५ | २० | १९ | ८ | ८ | ० |
| सामुदायिक | ३ | १३ | ११ | ६ | ८ | ० |
| सस्थागत | १ | ६ | ८ | २ | ० | ० |
| धार्मिक | १ | ० | ० | ० | ० | ० |

स्रोत EMIS रेकर्ड २०८१

### तालिका नं.१.४
### राहत तथा दरवन्दी शिक्षक विवरण तहगत

| प्रा वि | | | नि मा वि | | | मा वि | | | साविक उ मा वि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| ६० | १२५ | १८५ | १३ | ४२ | ५५ | ५ | २७ | ३२ | २ | ८ | १० |

स्रोत EMIS रेकर्ड २०८१

### तालिका नं.१.५
### नगर अनुदान तथा शिक्षण सहयोग अनुदान शिक्षक विवरण तहगत

| प्रा वि | | | नि मा वि | | | मा वि | | | साविक उ मा वि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| १० | २१ | ३१ | १५ | २८ | ४३ | ६ | ४१ | ४७ | ० | ० | ० |

स्रोत EMIS रेकर्ड २०८१

### तालिका नं.१.६
### २०८१ सालमा विद्यालयमा बालबालिकाको सङ्ख्या

स्रोतः:EMIS रेकर्ड २०८१

| कक्षा १ देखि ५ | | | कक्षा ६ देखि ८ | | | मा वि ९ देखि १० | | | मा वि ११ देखि १२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३१५९ | ३४८९ | ६६४८ | २०५८ | २१०४ | ४१६२ | ११६७ | १०८५ | २२५२ | ५४९ | ३४६ | ८९५ | ८३६८ | ८७८९ | १७१५७ |

### तालिका नं.१.७
### शिक्षक विद्यार्थी अनुपात २०८१

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास | १९ | दरवन्दी तथा राहत शिक्षकलाई मात्रै गणना गरिएको |
| २ | प्रा वि | २६ | |
| ३ | नि मा वि | ७० | |
| ४ | मा वि | ६९ | |
| ५ | उ मा वि | ८९ | |

**तालिका नं.१.८**

**लैङ्गिक समता अनुपात**

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास | ०.८१ | |
| २ | १-५ | ०.९१ | |
| ३ | ६-८ | ०.९६ | |
| ४ | १-८ | ०.९३ | |
| ५ | ९-१० | १.०७ | |
| ६ | ११-१२ | १.५७ | |
| | समग्र | ०.९८ | |

स्रोत EMIS रेकर्ड २०८१

**तालिकानं.१.९**

**महिला शिक्षक अनुपात प्रतिशत**

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास | ९५ | जम्मा महिला शिक्षिका १११ तथा २९२ पुरुष शिक्षक |
| २ | १-५ | ३२.४ | |
| 3 | ६-८ | २८.६ | |
| 4 | १-८ | ३१.२ | |
| 5 | ९-१० | १३.९ | |
| 6 | ११-१२ | २०.० | |
| 7 | ९-१२ | १४.६ | |
| | समग्र | **३८.०१** | |

स्रोत EMIS रेकर्ड २०८१

BARABARDIYA

## १.३ प्रमुख शैक्षिक समस्या, चुनौती र अवसरहरु

### क) शिक्षाक्षेत्रका चुनौतीहरु :

उल्लिखित विश्लेषणका आधारमा बारबर्दिया नगरपालिका शिक्षाका चुनौतीहरू निम्न बमोजिम रहेका देखिन्छन्

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु ।

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु ।

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु ।

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ।

६. नगरपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु ।

७. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।

८. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सुखी र सम्मृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।

९. आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु ।

१०. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गर्नु ।

११. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु ।

१२. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।

१३. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवाका साथै मनोसामाजिक सेवा विद्यालयमार्फत् प्रदान गर्नु ।

१४. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ।

१५. नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु ।

BARBARDIYA

१६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु ।

१७. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु ।

१८. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु ।

१९. विद्यार्थीहरूको टिकाउदर तथा सिकाइ उपलब्धि वृद्धि गर्नु र कक्षा दोहोऱ्याउने दर र छाड्ने दर कम गर्नु ।

२०. आधारभूत तह कक्षा १- ३ मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

२१. कक्षाकोठा व्यवस्थापन, शिक्षक नियमितता, सिकाइ स्थानान्तरणलाई प्रभावकारी बनाउनु ।

२२. विषम परिस्थिति कोरोना, बाढी, हावाहुरी, आगलागिमा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु ।

### ख)अवसरहरू (Opportunities)

उल्लिखित चुनौतीहरूको समाधान गर्नका लागि बारबर्दिया नगरपालिकामा निम्नलिखित अवसरहरू रहेका छन् :

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरू पूर्वाधारका रूपमा रहेको ।

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ।

३. शिक्षामा नागरिकको पहुँचमा वृद्धि तथा गुणस्तरमा समेत सुधारका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा आशातीत प्रगति हुँदै गएको ।

४. दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश सहकार्य तथा सहयोगका निम्ति प्रतिबद्ध भएको ।

५. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ।

६. सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ।

७. संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार प्रदान गरेको कारण आफ्नो नगरपालिकाको आवश्यकता अनुकुलको माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर प्राप्त भएको ।

८. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने अवस्था भएको ।

९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको र सोही अनुसार नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने देखिएको ।

११. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको ।

१२. सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुँदै गएको ।

१३. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा योगदान पुग्न सक्ने देखिएको ।

BARBARDIYA

१४. नगरपालिकाले सामानीकरण अनुदानबाट शिक्षा क्षेत्रमा २० प्रतिसत भन्दा बढी लगानी गरिरहेको।

१५. सबै सामुदायिक विद्यालयहरुमा शिक्षक आपुर्तिको हिसावले विद्यालयहरुलाई अभावमुक्त स्थितिको सिर्जना गरेको।

## १.३ शिक्षा योजना निर्माणको आवश्यकता, औचित्य र प्रक्रिया

### क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी बारबर्दिया नगरपालिकाले पनि यस नगरपालिकाको पाँच वर्षे शिक्षा योजना निर्माण तयार गरेको छ।

विशेषागरी **स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य बूँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :**

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमताजस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन
६. केन्द्र सरकार र प्रदेश सरकारबाट सम्बोधन हुन नसकेका शैक्षिक सवालहरुलाई स्थानीयस्तरबाट सम्बोधन गर्न।

### ख) शिक्षा योजना निर्माणका आधार

बारबर्दिया नगरपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण भएको छ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वयतथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन,नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गरिएको छ ।शिक्षा योजना निर्माण गर्दा बारबर्दिया नगरपालिकाले बालमैत्री,लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्नेछ

### ग) शिक्षा योजना निर्माण प्रक्रिया

देशको मूल योजनासँगै हरेक क्षेत्रको विकास र उन्नतिका लागि पनि विशिष्ट किसिमका योजनाहरूको आवश्यकता पर्दछ । योजनाको यही मूल अभिप्रायका साथ शिक्षामा पनि विशेष किसिमका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने गरिन्छ । यस सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम सम्पन्न हुन थालेपछि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजनाको नामबाट दिगो विकासका लक्ष्यहरूलाई समेत सम्बोधन हुने गरी सङ्घीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरूलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनका लागि मार्ग निर्देशन गरेपश्चात योजनाको आवश्यकता महसुस गरी यसको तयारी र निर्माण कार्यले गति लिएको हो । यस योजनालाई द्रुत गतिमा निर्माण गर्नका लागी बारबर्दिया नगरपालिकाले पहिलै देखि निर्माण गरेको दश वर्षे (२०७८-२०८८) शिक्षा योजना जुन विद्यालय क्षेत्र विकास कार्यक्रमको ढाँचामा रहेको थियो सोही योजनालाई आधार मानी सँघीय सरकारले जारी गरेको विद्यालय शिक्षा क्षेत्र योजना निर्माण मार्गदर्शनलाई टेकेर निर्माण गरि देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

#### १. योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

- **योजना निर्देशक समिति (ESP Steering Committee):**

  यस बारबर्दिया नगरपालिकाको प्रमुख श्री छबिलाल थारु को संयोजकत्वमा बारबर्दिया शिक्षा क्षेत्रको दश वर्षे योजना अद्यावधिकको लागि निर्देशक समितिको गठन गरिएको थियो जसमा नगरपालिकाका उपप्रमुख लगायत सामाजिक विकास



BARABARDIYA

समितिका संयोजक, वडाध्यक्षहरू सबै, नगरपालिकाका प्रशासकीय प्रमुख, माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू सबै, र शिक्षा शाखा प्रमुखलाई समेट्ने काम भएको थियो।

❖ **योजना तयारी प्राविधिक समूह**:बारबर्दिया नगरपालिकाको शिक्षा शाखा प्रमुख श्री टिकानाथ गोसाई जयूको सँयोजकत्वमा गठित कार्यदलमामाध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको प्रतिनिधित्व तथा कालिका स्वावलम्वन सामाजिक केन्द्रका वरिष्ठ शिक्षा योजना निर्माण अधिकृत राम श्रेष्ठ आमन्त्रीत सदस्यको रुपमा रहने गरी योजना तयारी प्राविधिक समूह गठन गरिएको थियो। प्राविधिक समूहले देहायका दस्तावेजहरूलाई अध्ययन गरेर योजना लेखनको खाका निर्माण गरेको थियो।

- दिगो विकास लक्ष्य नं. ४ (SDG-4)
- नेपालको संविधान (२०७२)
- सोह्रौं योजना (२०८०/०८१- २०८५/०८६)
- विद्यालय क्षेत्र विकास योजना (SSDP)
- राष्ट्रिय शिक्षा नीति, २०७६
- राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङ्घीय कानुनहरू
- शिक्षा सम्बन्धी नगरस्तरीय विभिन्न निर्देशिका र कार्यविधिहरू
- सङ्घीय सरकारको शिक्षा क्षेत्र योजनाको मस्यौदा आदि।

### विषयगत अध्ययन एवम् लेखन समूहहरू (Thematic Teams):

माथि उल्लेख भएअनुसार नगरपालिकाले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ (परामर्श दाता),विषय शिक्षक, प्रधानाध्यापकहरू तथा क्याम्पसका प्राध्यापकहरूसमेत संलग्न भएका १४ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो। यी समूहहरूले देहायका शीर्षकहरूमा कार्य विभाजन गरी योजना लेखन कार्य गरेको थियो। प्रारम्भिक बालविकास र शिक्षा

- प्रारम्भिक बालविकास तथा शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
- अनौपचारिक शिक्षा र आजीवन सिकाई
- पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
- शिक्षक व्यवस्थापन र विकास
- शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
- विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

- विद्यालय भौतिक पुर्वाधार विकास
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

❖ **समीक्षा एवम् पृष्ठपोषण :**

नगरपालिका स्तरमा जनप्रतिनिधि, प्रधानाध्यापक, वि.व्य.स एवँ शि.अ.स, गैह सरकारी सँस्थाका प्रतिनिधिहरु तथा पत्रकारहरुको भौतिक उपस्थिति एवम् भेलाको माध्यमबाट शिक्षा योजनाका बारेमा भए गरेका कार्यहरुको प्रस्तुति र सरोकारवालाहरूबाट सुझाव र पृष्ठपोषण सङ्कलन गर्ने काम भएको थियो भने नगरपालिका भित्रका ११ वटै वडाहरुमा वडा भित्र रहेका सम्पुर्ण प्रधानाध्यापक एवँ शिक्षकहरुको उपस्थितिमा सुझाव सङ्कलन कार्य भएको थियो । आएका सुझावहरुलाई कार्यदलको बैठक बसि शिक्षा योजनाको अद्यावधिक मस्यौदामा राख्ने कार्य गरिएको थियो ।

❖ **योजनाको मस्यौदा विकास (SESP first draft preparation)**

उल्लिखित विषयगत समूहबाट आ आफ्नो तोकिएको विषयमा योजना तयार गरी प्राविधिक समूहमा पेश भएको थियो भने विषयगत समूहहरूबाट तयार गरेको योजनालाई आवश्यक परिमार्जन गर्दै निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि कालिका स्वावलम्वन सामाजिक केन्द्रका वरिष्ठ शिक्षा योजना निर्माण अधिकृत राम श्रेष्ठले भुमिका निर्वाह भएको थियो। यस क्रममा उल्लिखित विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित क्षेत्रका आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो । यस प्रकार तयार गरिएको योजनाको प्रथम मस्यौदा सुझाव सङ्कलनका निम्ति बैठकमा पेश गरिएको थियो ।

❖ **परामर्श बैठक (Consultation Meeting)**

योजना लेखन समूहका सदस्यलगायत अन्य विज्ञ समूह समेतको प्रतिनिधित्व भएको नगरस्तरीय परामर्श बैठकमा व्यापक छलफल गरी सुझावहरू प्राप्त भएका थिए । यस किसिमको परामर्श बैठक नगरपालिकाका ११ वटै वडामा समेत सञ्चालन भई सुझावहरू प्राप्त भएका थिए। उक्त सुझावहरूलाई समेत सम्बोधन गरेर योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो। यसरी तयार भएको अन्तिम मस्यौदा बाह्य विज्ञद्धारा मुल्याङ्कन पश्चात आवश्यक छलफल र अनुमोदनका लागि नगर कार्यपालिकामा पेश गरिएको थियो ।

**४. योजनाको स्वीकृति तथा अनुमोदन (Approval of School Education Sector Plan - SESP)**

विषयगत समूहबाट विषयगत लेखन, परामर्श समूहबाट आवश्यक परामर्श र सुझाव एवम् उल्लिखित सबै पक्षहरूलाई समेटेर विज्ञबाट लेखन र पुनर्लेखन हुँदै तयार भएको योजनाको अन्तिम मस्यौदाउपर बाह्य मुल्याङ्कन पश्चात अनुमोदनका लागि नगर कार्यपालिकामा पेश भएकोमा नगर कार्यपालिकाको बैठकमा योजनाका बारेमा घनीभूत छलफल गरी सामान्य संशोधन सहित व्याकरणीय हिसाबले सम्पादन गरी प्रकाशन गर्न कार्यसमितिको बैठकले स्वीकृति प्रदान गरेको थियो ।

BARBARDIYA

## परिच्छेद :२

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ परिचय

योजना भनेको भविष्यको गर्भमा हेर्ने एक रचनात्मक कला हो। योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अबको पाँच वर्षपछि पुग्न सकिने बारबर्दिया नगरपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्न गरिएको छ। परिच्छेद एकमा उल्लेख गरिएको बारबर्दियाको साङ्गोपाङ्गो परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नगरपालिकाको शिक्षाको आागामी ५ वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन्। यही सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट यस नगरपालिकाले वि. स. २०८७ सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचकहरू प्रस्तुत गरिएको छ।

### २.२ दूरदृष्टि (Vision)

*हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता :*
*गुणस्तरीय शिक्षामार्फत सुख, समृद्धि र आत्मनिर्भरता*

### २.३ ध्येय (Mission)

यस योजनाको लक्ष्य शिक्षालाई अधिकारका रूपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिताको प्रवर्धन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षालाई नगरको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नेगरी निर्धारण गरिएको छ।

### २.४ उद्देश्य

योजनाको ध्येयलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु।

५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।

६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु।

७. सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरूले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु।

BARABARDIYA

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै नगरपालिकाको विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु ।

९. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकासका लागि पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील,सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।

१०. समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि शैक्षिक क्षेत्रलाई भय,विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधताअनुकुल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीति

उल्लेखित उद्देश्यहरु पूरागर्न देहाय बमाजिमका रणनीतिहरु तय गरिएको छ ।

| उदेश्य नं | क्रस. | रणनितिहरू |
|---|---|---|
| १. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु । | १.१ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गर्ने । |
| | १.२ | नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने । |
| | १.३ | अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गराई तथा भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने । |
| | १.४ | प्रारम्भिक कक्षाहरूमा पठन सिपको विकास गर्न मातृभाषामा शिक्षण सिकाइलगायतका क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई अभिप्रेरित गर्ने । |
| २.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु । | २.१ | अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ,प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गर्ने । |
| | २.२ | सङ्घीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा नगरपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रबर्धन गर्ने । |
| ३. माध्यमिक शिक्षामा सबैको पहुँच | ३.१ | नि शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न: |

BARABARDIYA

| | | |
|---|---|---|
| सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु। | | सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गर्ने। |
| | ३.२ | विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गर्ने। |
| | ३.३ | पेसाप्रति समर्पित, सामाजिक आचरणको हिसाबले अब्बल एवम् बालबालिका र शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकतानुसार शिक्षक छनोट पाठ्यक्रमको विकास र परिमार्जनमा समेत नगरपालिकाबाट विशेष योगदान गर्ने। |
| | ३.४ | अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रबर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने। |
| | ३.५ | सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा(प्राविधिक तथा साधारण/व्यावसायिक)मा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न माध्यामिक विद्यालयहरुको क्षमता सुधार गर्न आवश्यक समन्वय गर्ने। |
| ४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु। | ४.१ | साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गर्ने। |
| | ४.२ | विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र संग्रहालयको स्थापना र विस्तार गर्ने। |
| ५.सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु। | ५.१ | अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने। |
| | ५.२ | नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गर्ने। |
| ६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको | ६.१ | निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गर्ने। |
| | ६.२ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने। |

BARABARDIYA

| | | |
|---|---|---|
| रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु। | | |
| ७. सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरूले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु। | ७.१ | विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन,कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने। |
| | ७.२ | सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। |
| | ७.३ | शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा प्रयाप्तता, समन्यायीकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्ने। |
| | ७.४ | सबै तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा नगरपालिकाद्वारा आवश्यक सहयोग र सहजीकरण गर्ने। |
| ८.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै नगरपालिकाको विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु। | ८.१ | प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाद्वारा श्रोत परिचालन तथा व्यवस्थापन गर्ने। |
| | ८.२ | सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने। |
| | ८.३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गर्ने। |
| ९. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकासका लागि पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील,सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु। | ९.१ | नगरपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रबर्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्ने। |
| | ९.२ | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने। |
| | ९.३ | विद्यालय र नगरबाट सञ्चालन गरिने विभिन्न शैक्षिक गतिविधिहरुमा जनप्रतिनिधि, अभिभावक तथा शिक्षा सम्बन्धी सरोकारवालाहरुको सहभागीता गराई शैक्षिक सुशासन कायम गर्ने। |
| | ९.४ | वार्षिक कार्यसमपादन मूल्याङ्कन र विद्यार्थीको नतिजामा उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यालय, शिक्षकतथा विद्यार्थीलाई प्रशंसा, पुरस्कार र सम्मानको व्यवस्था गर्ने। |

BARABARDIYA

| | | |
|---|---|---|
| १०. समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि शैक्षिक क्षेत्रलाई भय,विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधताअनुकुल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु। | १०.१ | आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गर्ने। |
| | १०.२ | विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र संग्रहालयको स्थापना र विस्तार गर्ने। |
| | १०.३ | युग सुहाउदो जनशक्ति विकासको लागि ICT अनुकूलित वातावरण निर्माण गरी STEAM Pedagogy लाई शिक्षा प्रणालीको मेरुदण्डको रूपमा विकास गर्ने। |

## २.६. कार्यनीतिहरु

| | कार्यनितिहरु | रणनीति नँ |
|---|---|---|
| १. | विद्यार्थी भर्ना अभियानलाइ समूदाय, अभिभावक, सरोकारवाला निकाय, शिक्षकहरुको सक्रिय सहभागितामा भर्ना अभियान संचालन प्रभावकारी बनाइनेछ। | १.१ |
| २. | विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यार्थीको संख्या एकिन गरिनेछ। | १.२ |
| ३. | भर्ना अभियान संचालन गर्ने र सबै सरोकारवाललाई सहभागी गराई घरदैलो कार्यक्रम संचालन गरिनेछ । | १.३ |
| ४.<br>५. | सबै प्रकारका बालबालिकाको अनुकुल हुने गरि विभिन्न प्रकारका शैक्षिक सामाग्रीको व्यबस्थापन गरिनेछ।<br>प्रारम्भिक कक्षालाई नक्साङ्कन गरि व्यबस्थापन गरिनेछ। | १.४ |
| ६. | आधारभूत शिक्षालाइ अनिवार्य तथा निशुल्क र माध्यामिक शिक्षालाइ निशुल्क गरिनेछ। | २.१ |
| ७. | विद्यालयको भौतिक पूर्वाधारको निर्माण तथा मर्मत संभार गरि सिकाइ अनुकूल वातावरण सिर्जना गरिनेछ। | २.२ |
| ८. | माध्यमिक तहमा विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यालय उमेर समूहका वालवालिकाको संख्या एकिन गरिनेछ। | ३.१ |
| ९. | आवाश्यक बमोजिम दरबन्दी मिलान गर्ने, शिक्षकअनुदानका लागि ब्यवस्था गर्ने, रोष्टर प्रशिक्षक तयारी गरी तालिम दिने, विषयगत शिक्षक समूह निर्माण र परिचालन गर्ने, सिकाइ उपलब्धीका आधारमा प्रोत्साहनका कार्यक्रम गरिनेछ। | ३.२ |
| १०. | स्थानिय स्रोत सामाग्रीको प्रयोग गर्ने, खेल सामाग्रीको प्रयोग गर्ने, कक्षा कोठामा छापामय बनाइ विद्यार्थीहरुलाइ खेल्दै, सिक्दै रमाउने वातावरण संगै पँढु पँढु बसु बसु लाग्ने वातावरण बनाउने, ICT को प्रयोग संगै परियोजनाका कार्य गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गरिनेछ। | ३.३ |
| ११. | सन्दर्भ सामाग्री छपाइ र वितरण गर्ने र भाषिक पठन तथा गणितिय सीप क्षमता विकासका लागि तालिम दिइनेछ। | ३.४ |

BARBARDIYA

| | | |
|---|---|---|
| १२. | विज्ञान प्रयोगशालाको प्रयोग गर्ने, खेल सामाग्रीको प्रयोग गर्ने, ICT को प्रयोग गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गरिनेछ । | |
| १३. | विद्यालयमा सीप सिकाइका लागि आवाश्यक सामाग्रीको ब्यवसथा गर्ने, प्रयोगात्मक शिक्षणविधि, परियोजना कार्यमार्फत गरेर सिक्ने, खोजेर सिक्ने साथै सीप सिकेका जनशक्तीलाइ रोजगार तथा स्वरोजगारको वातावरण तयार गरिनेछ । | ३.५ |
| १४.<br>१५. | घरधुरी सर्बेक्षण गर्ने, योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरि ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गराइ स्वरोजगारमूलक बनाइनेछ । | ४.१ |
| १६. | विद्यालय बाहिर रहेका वालवालिकाहरुलाइ खुला शिक्षा मार्फत विद्यालयमा भर्ना गर्न प्रोत्साहन गर्दै अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालनगर िनेछ । | ४.२ |
| १७.<br>१८. | विशेष शिक्षा ,अनौपचारिक शिक्षा, गृह विद्यालय तथा खुल्ला शिक्षाका विभिन्न तहमा बाध्यमबाट अपागता भएका वालवालिकाहरुलाईऔपचारिक विद्यालय शिक्षासँग आबद्ध गरिनेछ।<br>नयाँ निर्माण हुने भौतिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भएको सुनिश्चित गरिनेछ। | ५.१ |
| १९. | औपचारिक शैक्षिक संस्थामा जान नसक्ने व्यक्तिहरुलाई  विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा खुल्ला शिक्षाका माध्यम बाट शिक्षाको पहुँच सुनिश्चित गरिनेछ | ५.२ |
| २०. | निजि लगानीमा सचालित विद्यालयहरुको अनुगमनक ा लागि संयन्त्र निर्माण गरी निर्धारित योजना र कार्यक्रम बमोजिम निरन्तर अनुगमन गरिनेछ। | ६.१ |
| २१.<br>२२.<br>२३. | अनुगमनबाट देखिएका सबल र दुर्बल पक्षहरुको समीक्षा तथा प्रतिवेदन सम्बन्धित सबै समक्ष पुग्ने गरी गरिनेछ।<br>अनुगमनबाट आएका सुझावहरुको पूर्ण पालना विद्यालयको जिम्मेवारी बनाइनेछ।<br>अनुगमनलाई त्रास नभइ पृष्ठपोषणको एक अचुक साधनका रुपमा विकास गरिनेछ। | ६.२ |
| २४.<br>२५. | सबै तहका शिक्षकहरुलाई पेशागत विकासका लागि सान्दर्भिक र उपयुक्त विधिमार्फत निरन्तर पेशागत क्षमता विकास गर्न अवसर सिर्जना गरिनेछ।<br>शैक्षिक क्षेत्रमा कार्यरत विद्यालय कर्मचारी, विव्यस तथा अन्य सरोकारवाला निकायहरुको कार्यदक्षता अभिवृद्धि गर्न तालिम कार्यशाला अनुभव आदान प्रदान तथा थप प्रोत्साहन जस्ता अवसरहरु प्रदान गरिनेछ । | ७.१ |
| २६. | नेपाल सरकारले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक लागू भएको सुनिश्चत गरिनेछ। | ७.२ |
| २७. | नेपाल सरकारको वर्तमान मौजुदा पाठ्यक्रमको आवश्यकता र महत्त्वको बारेमा सरोकारवाला व्यक्तिहरुलाई अभिमूखीकरण गरिनेछ। | ७.३ |
| २८. | स्थानीय परिवेश, प्रविधि, सीप, कला, मौलिकता, सँस्कृति, धर्म तथा मागको बारेमा अध्ययन गरि अभिलेखिकरण गरिनेछ । | ७.४ |
| २९. | प्रत्येक वडामा प्राविधक तथा व्यबसायिक शिक्षा प्रदान गर्ने विद्यालय संचालन गरिनेछ । | ९.१ |
| ३०. | प्राविधिक अध्ययन गर्ने विद्यार्थीका लागि प्रोत्साहनका लागि सूचना तथा संचारमूलक कार्यक्रम संचालन गरिनेछ । | ९.२ |
| ३१. | स्थानिय सरकारले प्राविधिक शिक्षा आर्जन गरेका विद्यार्थीलाई सिप र क्षमता अनुसारको बजारको सृजना गरिनेछ । | ९.३ |
| ३२.<br>३३. | अभिभावक शिक्षा, दिवा खाजा ब्यवस्थापन, स्यानेटरी प्याड वितरण, समयमै पाठ्यपुस्तक वितरण, पढाइ प्रति बिद्यार्थी सचेतीकरण मार्फत कक्षा छाड्ने दर र दोहोर्याउने दर कम गरिनेछ ।<br>विद्यार्थी उपस्थितिका लागि सरोकारवालाहरुसंग नियमित छलफल गरिनेछ । | |

BARBARDIYA

| | | |
|---|---|---|
| ३४.<br>३५. | सम्पुर्ण विद्यालयहरुले शैक्षिक शत्रको सुरुमा शैक्षिक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।<br>सम्पुर्ण शिक्षकहरुले शैक्षेणिक योजना निर्माण, सिकाइ सुधार योजना निर्माण गर्न लगाइ प्रधानाध्यापक मार्फत प्रमाणिकरण गरि कार्यान्वयन गरिनेछ। | १०.१ |
| ३६.<br>३७. | स्थानिय पाठ्क्रम र पाठ्यपुस्तक कार्यन्वयन गर्दा स्थानिय स्तरमा प्रयोग भइरहेका पारम्पारिक सीप र प्रविधिहरुको सहजीकरण गरिनेछ।<br>स्थानिय कला, सीप, प्रविधि सहितको स्थानिय पाठ्यपुस्तक निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। | ११.१ |
| ३८. | नगरका शैक्षिक कार्यक्रमहरु संचालन गर्दा जनप्रतिनिधिहरुको सहभागिता सुनिश्चित गर्न अभिमूखिकरण तथा जवाफदेहीताका कार्यक्रम संचालन गरिनेछ। | ९.३ |
| ३९. | विद्यालयका शैक्षिक कार्यक्रमहरु संचालन गर्दा अभिभावकको सहभागिता सुनिश्चत गर्न, प्रोत्साहन, सूचना प्रवाह, सचेतीकरण, अभिमूखिकरण तथा मूल्याकन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ। | ९.४ |
| ४०. | बिपदको अबस्थामा विद्यालय बन्द भइ वालवालिकाहरुको सिकाइमा परेको समस्यालाइ ReAL Plan कार्यक्रम प्रभावकारी रुपमा संचालन गरि सिकाइलाइ अनुकूलित वातावरण सिर्जना गरिनेछ। | १०.१ |
| ४१. | स्थानिय स्रोत सामाग्रीको प्रयोग गर्ने, खेल सामाग्रीको प्रयोग गर्ने, कक्षा कोठामा छापामय बनाइ विद्यार्थीहरुलाइ खेल्दै, सिक्दै रमाउने वातावरण संगै पँढु पँढु बसु बसु लाग्ने वातावरण बनाउने, ICT को प्रयोग संगै परियोजनाका कार्य गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गरिनेछ। | १०.२ |
| ४२. | विद्यालयहरुमा ICT का सामाग्री ब्यवस्था गर्ने, ICT सम्बन्धि शिक्षकहरुलाइ तालिम दिने तथा शिक्षणमाICT को प्रयोग गरिनेछ। | १०.३ |

## २.७ अपेक्षित उपलब्धि

योजनाको अन्त्य (२०२८) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

४. नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

७. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरूबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत भएको हुनेछ ।

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग◌ेको हुनेछ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग◌ेको हुनेछ।

११. उच्च शिक्षा प्रदायक संस्थाहरूलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त भएको हुनेछ ।

१२. उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन भएको हुनेछ।

१३. अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त भएको हुनेछ ।

१४. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक भएको हुनेछ ।

१५. विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र सहयोग प्राप्त भएको हुनेछ ।

१६. संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसङ्गत ढङ्गले नियमन भएको हुनेछ।

१७. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

१८. नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पुनर्वितरण तथा समायोजन भएको हुनेछ ।

१९. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

२०. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता (well-being) मा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार भएको हुनेछ ।

२१. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

२२. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

२३. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग भएको हुनेछ ।

२४. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रमा स्थापित गरी पालिका र समग्र मुलुकका अब्बल नागरिकहरू शैक्षिक क्षैत्रमा रोजगारीका लागि आकर्षित भएको हुनेछ ।

२५. अभिभावक र शिक्षकको बीचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

२६. शैक्षिक संस्थाहरू बालबालिकाको सिकाइको सवालमा अभावमुक्त थलोको रूपमा विकास भएको हुनेछ।

२७. प्रारम्भिक कक्षाहरूमा पढाइ सिप तथा सिकाइ उपलब्धि विकास गर्ने वातावरण सृजना भएको हुनेछ।

२८. स्टिम पेडागोजीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा विकास गरी शिक्षकको क्षमता विकास भएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र | स्थानीय | १३४.३ | १३०.३ | १२६.४ | १२२.६ | ११८.९ | ११५.३ | ११९.९ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षामा कुल भर्ना दर* (%) | राष्ट्रिय | ८६.२ | | ८९.५ | | ९४.० | | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ९४.३ | ९५ | ९५.६ | ९६.३ | ९७ | ९७.६ | ९८.३ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६७.८ | ७०.७ | ७३.८ | ७७ | ८०.३ | ८३.८ | ८७.४ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ६८ ६. | | ७३.० | | ८५.० | | ९५.0 | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.२ | ९६.८ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | | ९७.५ | | ९९.० | | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०८.५ | १०७ | १०६ | १०५.५ | १०३ | १०२ | १०० | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १२१९. | | ११५.० | | १०७.० | | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.३ | ९५.७ | ९६ | ९६.५ | ९७ | ९८ | ९९ | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | | ९९.० | | ९९.५ | | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १०५.७ | १०४.९ | १०४.२ | १०३.५ | १०२.७ | १०२ | १०१ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | | ११५०. | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९१.७ | ९२.५ | ९३.४ | ९४.२ | ९५ | ९५.९ | ९६.८ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८०.६ | ८२.५ | ८४.४ | ८६.४ | ८८.४ | ९०.५ | ९२.६ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | | ९३.१ | | ९५.५ | | ९९.५ | | |
| २.७ | आधारभूत तहमा | स्थानीय | ३५.५ | ३२.४ | २८.६ | २४.६ | २०.४ | १६.१ | ११.६ | | |

BARABARDIYA

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (प्राथमिक कक्षा १-८)मा भर्ना भएका ५-१२ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | | २०.० | | १५.० | | १०.० | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा १-५)कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १ | १ | १ | १ | १ | १ | १ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | | | १.०१ | | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.७ | ९६ | ९६.५ | ९७ | ९८ | ९९ | १०० | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | | ९९.० | | | | १०० | | |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १०५.२ | १०४.६ | १०४.२ | १०३.७ | १०३.२ | १०२.८ | १०२.३ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | | | |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८७.३ | ८८.५ | ९० | ९१.५ | ९३ | ९४ | ९५ | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | | | ९५.० | | |
| २.१२ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ७१.६ | ७४ | ७६.६ | ७९.२ | ८१.८ | ८४.६ | ८७.५ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ७२७. | | | | | | ९५.० | | |
| २.१३ | आधारभूत तह(कक्षा १-८)कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०३ | १.०३ | १.०३ | १.०२ | १.०२ | १.०२ | १.०१ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १०१. | | १०१. | | | | | | |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ३१.२ | ३३ | ३४ | ३६ | ३८ | ४० | ४२ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | 43.७ | | ४५.० | | ५०.० | | ५०.० | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.१ | माध्यमिक तह | स्थानीय | ५३ | ५५ | ५७ | ५९ | ६१ | ६३ | ६५ | Flash | |

BARABARDIYA

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा ९-१२)मा खुद भर्ना दर* (%) | | | | | | | | | report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | | | ६५.० | | | | |
| ३.२ | माध्यामिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | स्थानीय | ७३ | ७५ | ७७ | ७९ | ८१ | ८३ | ८५ | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | | | | ९९.० | | |
| ३.३ | माध्यामिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०१ | १.०१ | १.०१ | १ | १ | १ | १ | Flash report | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १०२. | | १.०० | | १.०० | | १.०० | | |
| ३.४ | आधारभूत तहबाटमाध्यामिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९७.३ | ९७.७ | ९८ | ९८.५ | ९९ | ९९.३ | ९९.९ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९७५. | | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७३.२ | ७५.७ | ७८.४ | ८१.१ | ८३.९ | ८६.८ | ८९.८ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ६०३. | | | | | | | | |
| ३.६ | माध्यामिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १४.६ | १६ | १७ | १९ | २१ | २२ | २४ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २०.६ | | २२.० | | २७.० | | ३३.० | | |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ७७.५ | ७८ | ८० | ८४ | ८८ | ९० | ८५ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | | | ९५.० | | | | |
| ४.२ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९७.१ | ९७.५ | ९७.९ | ९८.२ | ९८.६ | ९८.९ | ९९.५ | Toolkit | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | | | ९९.० | | | | |
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २६ | २८ | २९ | ३१ | ३३ | ३६ | ३८ | Toolkit | राहत र स्वीकृत दरबन्दी मात्रै गणना गरियको |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | | | ३०:१ | | ३०:१ | | |

BARBARDIYA

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | ०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ७० | ६६ | ६३ | ६० | ५७ | ५४ | ५० | Toolkit | राहत र स्वीकृत दरबन्दी मात्रै गणना गरियको |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | | | ३०:१ | | ३०:१ | | |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | | ३१:१ | | ३०:१ | | ३०:१ | | |
| ५.४ | माध्यामिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २७.५३ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | Toolkit | सबै प्रकारका सिक्षकहरु लाई गणना गरिएको |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | | ३०:१ | | ३०:१ | | |
| **६** | शिक्षामा लगानी | | | | | | | | | | |
| ६.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ३४.९७ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | | १५.० | | १७.० | | २०.० | | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १८ | | २१ | | २४ | | | | |
| ६.३ | माध्यामिक तह (कक्षा ९-१२)मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११ | | १५ | | १७ | | | | |

BARBARDIYA

## परिच्छेद ३ :
## शिक्षाका मुख्य उपक्षेत्र

### पृष्ठभूमि

प्रस्तुत योजनाको परिच्छेद दुईमा पहिचान गरिएका यस नगरपालिकाको शिक्षा क्षेत्रका पञ्चवर्षीय योजना (२०२४-२०२८) को दीर्घकालीन सोच, उद्देश्य, रणनीति तथा कार्यनीतिका आधारमा यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य उपक्षेत्रहरू समावेश गरी विश्लेषण गरिएको छ। यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु (प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, र प्राविधिक शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिएको उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ । यस परिच्छेदमा मुख्य उपक्षेत्रमा आधारित रहेर तथ्याङ्कको विश्लेषण गर्दा तथा नतिजा उल्लेख गर्दा सँख्यामा विश्लेषण गरी आवश्यकता अनुसार प्रतिशतमा पनि राखिएको छ।

योजनाका सबै प्रमुख उपक्षेत्रहरू यस परिच्छेद अन्तर्गत समेटिने भएकोले पनि योजनामा यो परिच्छेद एक महत्वपूर्ण परिच्छेद हो। उपक्षेत्रहरू समेट्ने क्रममा अधिकार र जिम्मेवारीको हिसाबले कुन तहको सरकारको कुन उपक्षेत्र भन्ने कुरालाई गौण रूपमा हेरी नगरपालिकाको शिक्षा क्षेत्रलाई समग्रमा हेर्ने काम प्रस्तुत योजनाले गरेको छ। उल्लिखित उपक्षेत्र अन्तर्गतका विषयवस्तुहरूको खाका तयार गर्ने क्रममा यस पूर्वका शिक्षा योजनाहरू,दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय शिक्षा नीति २०७५, मुलुकको पन्ध्रौं पञ्चवर्षीय योजना, सङ्घको दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना,नेपालको संविधान एवम् शिक्षासम्बन्धी प्रचलित कानुनहरू,शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित अद्यावधिक तथ्याङ्कहरू तथा क्यालिब्रेशन टुलकिट बाट आएका तथ्याङ्कहरु, बारबर्दिया नगरपालिकाको पार्श्वचित्र २०७५, बारबर्दिया शिक्षा पार्श्वचित्र २०७८ आदिको अध्ययन र विश्लेषण गर्ने काम भएको छ। यसका अतिरिक्त सरोकारवालाहरूसँग भएका अन्तरक्रिया र छलफलबाट लिखित एवम् मौखिक रूपमा प्राप्त भएका सुझावहरूलाई समेत समेट्ने काम गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

बालबालिकामा प्रारम्भिक बालविकास उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ। बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चितताले उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँछ। सिकाइ मानव विकासको एउटा पक्ष हो। यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ। मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपूर्ण हुन्छ। दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्। अत: दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकास शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ। यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। यसैगरी ३९(३) मा प्रत्येक

BARABARDIYA

बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ। शिक्षा (नवौँ संशोधन) ऐन २०२८ ले चारवर्ष उमर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ। यसैगरी सोही ऐनको दफा ११त (१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ" भनी उल्लेख गरिएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधान रहेका छन्। पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५ / ७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन्। यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ।

### ३.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मूल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४२ मा उल्लेख गरिएको छ.। कक्षा १० उत्तीर्ण गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ। हाल नेपालमा ३३,०६१ सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ७,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरू रहेका छन् (CEHRD, 2023) । बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकाको सङ्ख्या १२८६५२६ देखिन्छ। यसरी नियाल्दा बालविकासमा बालबालिकाको कुल भर्ना दर ९९.९ र खुद भर्ना दर ७०.६ प्रतिशत पुगेको छ। बालविकासको अनुभव सहित कक्षा १ मा अध्ययन गर्ने बालबालिकाको प्रतिशत ७६.९ रहेको देखिन्छ।

लुम्बिनी प्रदेश अन्तर्गत सामुदायिक ६००१ र संस्थागत १२५५ गरी कुल ७२५६ बालविकास केन्द्र रहेका छन्। बालविकासमा भर्ना भएका सबै बालबालिकाहरूको सङ्ख्या २६४६५२ रहेको छ जसमध्ये छात्राको सङ्ख्या ११८५८७ र छात्रको सङ्ख्या १४६०६५ रहेको छ। यसरी हेर्दा लम्बिनी प्रदेशमा यो तहमा बालबालिकाको कुल भर्ना दर १०६.८ र चार वर्षका बालबालिकाको भर्नाको अनुपात अर्थात खुद भर्ना दर ७२.६ रहेको देखिन्छ। कक्षा १ मा नयाँ भर्ना हुने विद्यार्थीहरूमध्ये ८४.३ प्रतिशत विद्यार्थीहरू बालविकासको अनुभव लिएर आउने गरेका देखिन्छन्। (Flash Report 2023/24)

बारबर्दिया नगरपालिकामा बालविकास केन्द्रहरूको सङ्ख्या ११२ वटा रहेको छ जसमध्ये सामुदायिक विद्यालयमा आधारित ९६ वटा तथा संस्थागत विद्यालयमा आधारित १६ वटा रहेका छन्। यस नगरपालिकामा रहेका सबै किसिमका बालविकास केन्द्रमा शैक्षिक वर्ष २०८१ मा भर्ना भएका बालबालिकाको जम्मा सङ्ख्या ३१८७ रहेको छ जसमध्ये १७५९ जना बालक र १४२८ जना बालिका रहेका देखिन्छन्। कुल भर्ना भएका बालबालिकाहरु मध्य अपाङ्गता भएका बालबालिकाको प्रतिशत ०.४ रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर १३४.३ रहेको छ भने खुद भर्ना दर ९४.३ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने ६७.८ प्रतिशत रहेको छ।

यस पालिकामा एउटा बालविकास केन्द्रमा १ पुरुष सहजकर्ता र अरू सबै बालविकास केन्द्रमा महिला सहजकर्ता रहेका छन्। बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन्। सबै सहजकर्ताहरू प्रारम्भिक बालविकास सम्बन्धी १५ दिने तालिम प्राप्त छन् भने नगरपालिकाले प्रत्येक वर्ष पुनः ताजगी तालिमको पनि आयोजना गर्नेगर्दछ। प्रारम्भिक बालविकास केन्द्रमा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सुचक ०.८६ रहेको छ। नगरपालिकामा रहेका कुल बालविकास

केन्द्रहरुमा ४१ केन्द्रहरुले न्युनतम मापदण्ड पुरा गरेका छन् भने सबै बालविकास केन्द्रहरुलाइ सिकाइ सामाग्री सेट पनि प्राप्त गरेका छन् । नगरपालिका मार्फत सबै बालविकास केन्द्रमा स्मार्ट टि.भी.को व्यवस्था गरिएको छ। बालविकासका कोठाहरू छापामय रहेका छन्। बालविकासका सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ। प्राय सबै विद्यालयमा खाजा मेनु तयार गरी खाजा खुवाउने प्रबन्ध गरिएको छ।

बालविकास शिक्षालाई प्रभावकारी बनाउनका लागि अभिभावक र शिक्षक बिच समय समयमा अन्तरक्रिया गर्ने गरिएको छ। बालविकास केन्द्रका बालबालिकाहरूको दिवा खाजा, बुक कर्नरका लागि हरेक वर्ष स्थानीय तह मार्फत स्रोत व्यवस्थापन हुने गरेको छ। अहिले सङ्घीय सरकारले नै मासिक न्यूनतम तलब रु १५०००/- दिने भनी व्यवस्था गरिएकोमा संङ्घिय सरकारबाट रु १००००/- र स्थानीय तहबाट रु७०००/- थप गरी जम्मा रु १७०००/-न्यूनतम तलब भत्ता प्रोत्साहन स्वरुप प्रदान गर्ने गरी व्यवस्था गरिएको छ। बालविकास सहजकर्ताहरूलाई स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माणका लागि हरेक बर्ष तालिमको व्यवस्था समेत स्थानीय तहले गर्ने गरेको छ। यसका अतिरिक्त अभिभावकको सहयोगमा समेत स्थानीय शैक्षिक सामग्री निर्माण गर्ने कार्य विद्यालयले गरिरहेको छ।

बालविकास केन्द्रमा समस्याको रूपमा बालबालिकाहरूको उमेरमा अनेकता हुनु, निजी क्षेत्र द्धारा सञ्चालित मोनटेश्वरी ३ देखि ४ वर्षको हुनु, बाल विकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाई कुनाको व्यस्थापन राम्रो नहुनु, बालमैत्री र मौसममैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, खेल्दै सिक्दैको सिद्धान्त अनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री नुहुनु, बालविकास संहजकर्ताहरूमा उत्प्रेरणाको कमी रहनु, तालिम अनुसारको शिक्षण सहजीकरण नहुनु, बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण नहुनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेका छन्।

प्रारम्भिक बालविकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित प्रारम्भिक बालविकास र शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु, बालविकासका लागि सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु, अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनु, बालबालिकाको घरायसी वातावरण बालबालिकामैत्री बनाउनु, विद्यालयदेखि सरकारसम्मका संस्थाहरू बालबालिकाप्रति सहयोगी र सकारात्मक हुनु, प्रारम्भिक बालविकास स्तरको शिक्षा निशुल्क घोषणा : गर्नु, बालबालिकाका निम्ति उचित मनोसामाजिक परामर्शको व्यवस्था गर्नु, बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तसम्बन्धी स्पष्ट मापदण्डको विकास गर्नु, प्रारम्भकि बालविकास तथा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु, सरकारी विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र र सस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाको सहजीकरण र अवधिमा एकरूपता ल्याउनु आदि प्रारम्भिक बाल विकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन्।

नेपालको संविधान २०७२ ले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हकअन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ। विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र बालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकीकृत गरिसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसात गरिएको छ। नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रको पहुच सुनिश्चितताका लागि आवश्यक संरचनाको विकास भइसकेको अवस्था छ। अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरूबीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक बाल विकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ। सङ्घीय सरकारले समेत चालु आर्थिक वर्षको बजेटमा बालविकास केन्द्रमा कार्यरत शिक्षकहरूको तलबभत्ता वृद्धि गर्ने सवाललाई सम्बोधन गरेको छ। प्रदेश सरकार र विभिन्न पालिकाहरूले समेत बालविकासका शिक्षकहरूलाई पारिश्रमिकमा टेवा पुग्नेगरी प्रोत्साहन र सेवासुविधा प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिवृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ। उल्लिखित पक्षहरूलाई बालविकासको क्षेत्रमा भएका अवसरहरूको रूपमा लिन सकिन्छ।



BARBARDIYA

## ३.१.३ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

यस योजना अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षाको लक्ष्य बारबर्दियाका प्रारम्भिक उमेर समूहका सबै बालबालिकाको उपयुक्त किसिमबाट शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्नु रहेको छ भने यसका उद्देश्यहरू र उद्देश्य अनुसारका रणनीतिहरु निम्न बमोजिम रहेका छन्।

| क्र. सं. | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच सुनिश्चित गर्नु। | • प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने।<br>• प्रारम्भिक बालविकास सहजकर्ता मार्फत अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुलाई अभिभावक शिक्षा कक्षा सञ्चालन गर्ने। |
| २ | सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित निशुल्क आधारभूत शिक्षामा भर्ना गर्नु। | • सङ्घ र प्रदेशको कानुनसँग नबाझिने गरी बालविकास सम्बन्धी कानुन, नीति, कार्यविधि आदि निर्माण गरेर कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य र निःशुल्क गर्ने।<br>• अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने। |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी नीतिगत संरचना र गुणस्तर सुधार कार्यलाई प्रभावकारी बनाउनु। | • तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेको बालविकासको शिक्षा अवधिलाई समायोजन गरी कम्तिमा २ वर्षको बनाउनका लागि कानुन निर्माण गरी कार्यान्वयन गर्ने।<br>• प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गर्ने।<br>• लागत साझेदारीका आधारमा बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गर्ने।<br>• प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीलाई एकद्वार प्रणालीबाट खर्च गरिने नीतिगत प्रबन्ध कार्यान्वयनमा ल्याउने। |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूको गुणस्तर सुनिश्चित गर्नु। | • प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई जोड दिने। |

BARARDIYA

| | | |
|---|---|---|
| | | ● सँघिय सरकारले झै नगरपालिकाले पनि कुनै एक वडालाई आधार मानि प्रत्येक वर्ष एक नमुना बालविकास केन्द्र स्थापना गर्ने ।<br>● प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।<br>● बालबालिकाहरूको मनोरञ्जन र उनीहरूको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुऱ्याउनका लागि कम्तिमा प्रत्येक विद्यालयमा एउटा बालउद्यानको स्थापना र विकास गरी सञ्चालन गर्ने ।<br>● प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध कम मूल्यका (No Cost , Low Cost ) स्रोतसाधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) को कार्यान्वयनको सुनिश्चितता गर्ने । |
| ५ | पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकासपूर्व प्राथमिक / शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गर्नु । | ● प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञमार्फत आवश्यक पर्ने मनोसामाजिक परामर्श सम्बन्धी तालिम सहजकर्तालाई प्रदान गर्ने ।<br>● प्रारम्भिक बालविकास उमेरका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण लगायत सबै किसिमका अधिकारको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र आमसंचार माध्यमसँग सहकार्य गर्ने । |
| ६ | प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको सुनिश्चतता गर्नु । | ● प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई समयानुकुलको तलब सुविधाका साथै योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्ने ।<br>● प्रारम्भिक बाल शिक्षा तथा विकासपूर्व प्राथमिक शिक्षा कार्यक्रम / सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गरी सोको कार्यान्वयन गर्ने । |
| ७ | बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रीय संलग्नता सुनिश्चित गर्नु । | ● बालविकास उमेरका बालबालिकाको आफ्ना सन्ततिहरूलाई घरायसी वातावरणलाई बालमैत्री बनाउन '***सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा'*** *र आमा शिक्षा* मार्फत अभिभावकलाई जिम्मेवार बनाउने ।<br>● बाबुआमा नभएका बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घसंस्था र मनकारी सामाजिक अभियन्ताहरूसँग सहकार्य र समन्वय |

BARABARDIYA

| | | |
|---|---|---|
| | | गरी उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान गर्नका लागि कानुन बनाई नगरपालिकाद्वारा अभिभावकको भूमिका निर्वाह गर्ने। |
| ८ | प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूका लागि पोषण एवम स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु। | • नगरपालिकाको अगुवाइमा स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गर्ने।<br>• दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिने। |

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि (Outcomes)**

१. सबै बालबालिकाहरु कक्षा १ मा भर्ना हुदाँ अनिवार्य रुपमा बाल बिकास केन्द्रको अनुभव सहित कक्षा १ मा प्रवेश भएको हुनेछन्।
२. नगरपालिकाको सम्पुर्ण प्रारम्भिक बालबिकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन्।
३. सबै बालविकास सहजकर्ताहरुले आधारभुत तथा पुर्नताजगी तालिम प्राप्त गरेका हुनेछन्।
४. प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई जोड दिइएको हुनेछ।
५. बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालबिकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

ख) **नतिजा**

| क्र.सं. | सूचक | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्नादर | १३४.३ | १३०.३ | १२६.४ | १२२.६ | ११८.९ | ११५.३ |
| २ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ९४.३ | ९५.० | ९५.६ | ९६.३ | ९७.० | ९७.६ |
| ३ | विद्यार्थी शिक्षक अनुपात | १९ | २० | २२ | २४ | २५ | २५ |
| ४ | बाल विकासको अनुभव लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | ६७.८ | ७०.७ | ७३.८ | ७७.० | ८०.३ | ८३.८ |
| ५ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ४१ | ४३ | ४५ | ४८ | ५२ | ५५ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

भौतिक लक्ष्यमा १, २, ३, ४, ५ भन्नाले क्रमश ०८२, ०८३, ०८४, ०८५ तथा ०८६ भनेर बुझ्नुपर्नेछ।

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरूको | पटक | ० | १ | ० | ० | ० | १ | १ |

BARBARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास,परिमार्जन तथा प्रबोधीकरण गरी कार्यान्वयन गरिने । | | | | | | | | |
| २ | न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको कक्षा कोठाको व्यवस्था गरिने | बा.वि.के | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | निजी क्षेत्र र सङ्घसंस्थाहरूको समेत साझेदारीमा मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरिने । | बा.वि.के | १० | १० | १० | १० | १० | ५० | ९६ |
| ४ | विकास साझेदार, गैरसरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन भेटघाट, अन्तरक्रिया सञ्चालन गरिने । | बा.वि.के | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| ६ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गर्न कानुन निर्माण गरिने । | स्थानीय तह | ० | ० | १ | ० | ० | १ | १ |
| ७ | कानुन बनाई बालविकास तथा शिक्षाको अवधिलाई कम्तिमा दुई वर्ष हुने गरी संशोधन गरिने | स्थनीय तह | ० | ० | १ | ० | ० | १ | १ |
| ८ | स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास सल्लाहकार संयन्त्रको स्थापना र सञ्चालन गरिने । | बाविके | ० | १ | ० | ० | ० | १ | १ |
| ९ | प्रत्येक वर्ष कुनै एक वडामा एक बालविकास केन्द्रलाई नमुनाको रूपमा स्थापना गरी सञ्चालन गरिने । | वडा | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | कानुन र शिक्षा दुवैको माध्यमबाट अभिभावककलाई जिम्मेवार बनाउदै घरायसी वातावरणलाई सिकाइमैत्री बनाउन अभिभाव सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक / बा वि के | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धिलाइ निरन्तरता प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

BARABARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षकको शैक्षिक योग्यता बिकासका निम्ति निश्चित निर्देशिका तयार गर्ने तथा अवसर प्रदान गर्ने | शिक्षक | ० | १ | ० | ० | ० | १ | १ |
| १३ | चाइल्ड ट्र्याकिङ गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई कोड दिई बालबालिकाको अभिलेखीकरण गर्ने। | बाविके | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | अपाङ्ता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | पहिचान भएका घरपरिवार र केन्द्रहरू | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रबोधीकरण गर्ने | पटक | ० | ० | ० | १ | ० | १ | १ |
| १६ | बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच,खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमनगरी कुपोषित बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने | सबै बाविके | | | | | | | |
| १७ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | सबै बाविके | १ | १ | १ | १ | १ | ५ | १० |
| १८ | सिकाइ सहजीकरण कार्यमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको समेत प्रयोग गर्ने | स्थानीय तह,सबै केन्द्र | १ | १ | १ | १ | १ | १ | १ |
| १९ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू र अभिभावक तथा सरोकारवालाहरूका लागि नियमित अभिमुखीकरण | सबै बाविके | ० | १ | ० | ० | १ | २ | ४ |
| २० | प्रारम्भिक बालविकास केन्द्रमै आएर कम्तीमा महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | पटक | १० | २० | ४० | ८० | ९६ | ९६ | ९६ |
| २१ | प्रारम्भिक बालविकास केन्द्रमा आवश्यकताको आधारमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्शदाताका निम्ति ग्रैह सरकारी सँस्थासँग समन्वय गर्ने | | | | | | | | |
| २२ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन गरिने | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| २३ | स्वास्थ्य शाखा सँग समन्वय गरि अर्ध वार्षिक रुपमा बालबालिकाहरुको स्वास्थ्य परिक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| २४ | कम्तिमा प्रत्येक बा.वि.के एउटा बालउद्यानको स्थापना र सञ्चालन | बा.वि.के | २ | २ | ३ | २ | २ | ११ | ११ |
| २५ | बालविकास कक्षालाई छापामय बनाउन उपयुक्त कक्षाकोठाको व्यवस्था गरिने | बा.वि.के | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २६ | बालविकास केन्द्रका लागि आवश्यक शैक्षिक खेल सामग्रीको व्यवस्था गरिने | बा.वि.के | १० | १० | १० | १० | १० | ५० | ९६ |
| २७ | बालबालिकाहरुका अभिभावकलाई त्रैमासिक रुपमा अभिभावक कक्षा सञ्चालन गर्ने | बा.वि.के | ९६ | ९६ | ९६ | ९६ | ९६ | ९६ | ९६ |
| २८ | बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापन सहयोग – पार्केटिङ्ग तथा राउन्ड टेबल | बा.वि.के | ५ | ८ | ८ | ८ | १० | ३९ | ५० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको पुनःसंरचना गरेर कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ लाई माध्यामिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल २ तहको भएको छ। यसपूर्व भएको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ क अन्तर्गत यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखी आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ। सबैका लागि शिक्षा (२०००-२०१५), सहश्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरू, इन्चोन घोषणा (२०१५-२०३०), संयुक्त राष्ट्र सङ्घ, मानव अधिकारको

विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा खास गरी बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक रूपले पिछडिएका जनजाति समुदायका बालबालिकालगायत सबैका लागि गुणस्तरीय निशुल्क तथा अनिवार्य प्:राथमिक शिक्षामा पहुँच तथा विद्यालय पूरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो। विद्यालय शिक्षा विकास योजनाले सन् २०३१/२०३२ सम्ममा प्रारम्भिक बाल विकास शिक्षा पूर्व प्राथमिक शिक्षामा कुल भर्न दर १०६.९ प्रतिशत, कक्षा १ को खुद भर्ना दर शत प्रतिशत र आधारभूत तह कक्षा १-८ को खुद भर् दर शत प्रतिशत, कक्षा दोहोर्याउने दर ०.८ प्रतिशत, कक्षा छोड्ने दर ०.५ प्रतिशत तथा कक्षा ८ सम्मको टिकाउ दर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ।

गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सिप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६–२०८५ अभियान सञ्चालन गर्ने नीति लगायत थुप्रै आधारहरूले आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि बारबर्दिया नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ।

## ३.२.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप मुलुकभर आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूको सङ्ख्या ५३,७१,७०७ रहेको छ। यी मध्ये सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३६,९२,८५९ र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १६,७८,८४८ रहेको छ। यसरी हेर्दा मुलुकको आधारभूत तहका विद्यार्थीहरूको कुल भर्ना दर १२१.६ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९५.२ पुगेको छ। यस्तै आधारभूत तह कक्षा ८ को टिकाउ दर ८६.३ रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका ४.८ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्।

लुम्बिनी प्रदेशमा आधारभूत तह कक्षा १–८ सञ्चालन भएका जम्मा विद्यालयहरूको सङ्ख्या ४००७ रहेको छ जसमा सामुदायिक विद्यालयको सङ्ख्या ३,३६६ र संस्थागत विद्यालयको सङ्ख्या ६४१ रहेको छ। लुम्बिनी प्रदेशमा आधारभूत तहमा ९,७८,४४३ विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। यी विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरूको सङ्ख्या ६,८५,०८७ र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २,९३,३५६ रहेको देखिन्छ। यसरी नै छात्र र छात्राको सङ्ख्या क्रमश :५,१२,२७६ र ४,६६,१६७ रहेको देखिन्छ। आधारभूत तह अन्तर्गत कक्षा १-५ तथा कक्षा १-८ को कुल भर्ना दर क्रमश १२८.४ तथा १२३.९ प्रतिशत रहेको देखिन्छ तथा खुद भर्ना दर क्रमश ९५.५ तथा ९५.१ प्रतिशत रहेको देखिन्छ।

बारबर्दिया नगरपालिका भित्र हाल कक्षा १-५ सञ्चालित विद्यालयहरुको सङ्ख्यागत एकाई २० (१४ सामुदायिक र ६ सँस्थागत), कक्षा १-८ सञ्चालित विद्यालयहरुको सङ्ख्यागत एकाई १९ (११ सामुदायिक र ८ सँस्थागत), कक्षा १-१० सञ्चालित विद्यालयहरुको सङ्ख्यागत एकाई ८ (६ सामुदायिक र २ सँस्थागत) र कक्षा १-१२ सञ्चालित विद्यालयहरु ८ रहेका छन् (सँस्थागत नरहेको)। आधारभुत तहमा जम्मा १०६९८ (५१७१ छात्रा र ५५२७ छात्रा) विद्यार्थीहरु अध्ययनरत छन्। यसरी हेर्दा नगरपालिकाको आधारभूत तह कक्षा १ देखि ८ को विद्यार्थीहरूको कुल भर्ना दर १०५.२ र कक्षा १ देखि ८ को खुद भर्ना दर ९५.७ पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ७१.६ र कक्षा ८ को टिकाउ दर ८७.३ रहेको छ। अझै पनि आधारभूत तहको उमेर

BARBARDIYA

समूहका ४.३ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् यद्यपि यो नगरपालिका आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य घोषणा सुनिश्चित गरिएको नगरपालिका हो ।

यी विद्यालयहरूमा सामुदायिकतर्फ आधारभूत तहको स्वीकृत दरबन्दी तथा राहतमा प्राथमिक तह १८५ र निम्न माध्यमिक तह ५५ गरी जम्मा २४० जना शिक्षककहरू कार्यरत छन् । यसका अतिरिक्त प्राथमिक तहमा ३१ र निम्न माध्यमिक तहमा ४३ जना गरी आधारभूत तहमा जम्मा ७४ जना शिक्षकहरू नगरपालिका तथा शिक्षण सहयोग अनुदानबाट नियुक्त भई कक्षा १ देखि ८ सम्म अध्यापनरत रहेको देखिन्छ । यसरी हेर्दा यस नगरपालिकामा कक्षा १ देखि कक्षा ५ सम्मको र कक्षा ६ देखि कक्षा ८ सम्मको शिक्षक र विद्यार्थी अनुपात क्रमशः १:२६ र १:७० रहेको र आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको यो अनुपात १:४५ देखिन्छ । तर शिक्षक विद्यार्थी अनुपातमा नगरपालिका तथा शिक्षण सहयोग अनुदानका शिक्षकलाई गणना गरिएको छैन ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई पूर्ण रुपले निःशुल्क तथा अनिवार्य गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, उपयुक्त सङ्ख्यामा दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजी विद्यालयबीचको शिक्षण सिकाइको प्रक्रिया र उपलब्धिको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलव्धी अभिवृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विभिन्न किसिमका प्रकोप, सङ्कट तथा महामारीबाट शिक्षालाई मुक्त बनाउनु लगायत विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धित चुनौतीहरू हुन् ।

आधारभूत तहको शिक्षाको सवालमा अवसरहरू पनि बग्रेल्ती देखिएका छन् । नगरपालिकाले आफूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक पालिकाको सुनिश्चतता घोषणा गरिसकेको अवस्था छ। बाबुआमा नभएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको शिक्षाका लागि खाना, नाना र आवासीय सुविधा प्रदान गरिएको छ । शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले नगरपालिकाका निम्ति शिक्षामा सहभागीता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ। देशमा सङ्घीयताको कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढिरहेको छ। शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिबाट शैक्षिक सुधारमा सकारात्मक प्रतिबद्धताहरू प्राप्त भइरहेका छन् ।

यसरी नै आधारभूत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै गएको अवस्था छ । विद्यालयमा आधारभूत तहको खुद भर्ना दर र लैंङ्गिक समता सूचकाङ्कमा प्रगति देखिएको छ । स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ। शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिन्छ । बारबर्दिया नगरपालिकाले शिक्षकको अपर्याप्ततालाई समाधान गर्न आफ्नै स्रोतबाट आधारभूत तहमा शिक्षकहरूको व्यवस्थापन गरेको छ ।

### ३.२.३ उद्देश्य र रणनीतिहरू

यस बारबर्दिया नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि समतामूलक किसिमबाट गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने रहेको छ भने यससँग सम्बन्धित उद्देश्य र उद्देश्य अनुसारका रणनीतिहरू देहायबमोजिम रहेका छन् ।

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु। | १. जनसाङ्ख्यिकी बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय गाँभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने काम सम्पादन निरन्तर रूपमा गर्ने ।<br>२. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र सङ्घीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउनुका साथै आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा दण्डित हुनेतर्फ अभिभावकलाई सजग गर्ने ।<br>३. घरधुरी सर्वेक्षण मार्फत गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षालाई पूर्ण रूपले निःशुल्क किसिमबाट पूरा गर्ने कुराको सुनिश्चित गर्ने ।<br>४. कक्षा १ मा भर्ना हुन आउने नँया बालबालिकाहरुका निम्ति निः शुल्क रुपमा विद्यालय पोशाक उपलब्ध गराउन व्यवस्था मिलाउने ।<br>५. सामुदायिक विद्यालय नभएको सेवा क्षेत्रमा स्थापना भएर निःशुल्क अनिवार्य आधारभूत शिक्षा प्रदान गर्न योगदान गर्ने संस्थागत विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गर्ने ।<br>६. आधारभूत शिक्षालाई कानुनी रूपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस नगरपालिकामा सरकारी ढुकुटीबाट तलबभत्ता खाने कुनै पनि कर्मचारीको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने । |
| २ | आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु। | ७. आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्ने ।<br>८. विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित हुनेगरी सबै विद्यालयहरूमा गुणस्तरीय वातावरणको सुनिश्चित गर्ने ।<br>९. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि,शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।<br>१०. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने ।<br>११. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गर्ने ।<br>१२. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको |

BARBARDIYA

| | | |
|---|---|---|
| | | सिकाइ उपलब्धि परीक्षण मार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।<br>१३. आधारभूत तहको प्रारम्भिक कक्षामा लागु भएको प्रारम्भिक कक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>१४. आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गर्ने ।<br>१५. सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरूमा स्थानीय स्रोत साधन परिचालन गर्ने ।<br>१६. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउदै सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमताको विकास गर्ने । |
| ३ | आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु । | १७. सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी,शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गर्ने ।<br>१८. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता(PMEC) पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न सङ्घीय सरकार र आवश्यक समन्वय गरी ततसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>१९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गर्ने ।<br>२०. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिक रूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्व पीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरूलाई उनीहरूको अवसर लागतलाई समेत दृष्टिगत गरी छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रूपमा उपलब्धगराउनका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरू उपलब्ध गराउन आवश्यक कार्य गर्ने ।<br>२१. सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने । |

BARBARDIYA

| | | |
|---|---|---|
| ४ | विविधता अनुकुल,उत्थानशील (Resilient) र जवाफदेही विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु। | २२. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील(Resilient) बनाउने र शिक्षण संस्थाहरूलाई प्रविधिससम्बन्धी सिप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री बनाउने कार्यको कार्यान्वयन गर्ने।<br>२३. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थलको निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>२४. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने।<br>२५. सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गर्ने।<br>२६. तीनै तहका सरकारको सहकार्यमा अनुदानमा वृद्धि गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरूमा दिवाखाजाको व्यवस्थापन गर्ने।<br>२७. तोकिएका मापदण्ड पूरा गरेका विद्यालयहरूलाई आवश्यक अनुदानको व्यवस्था गरी नमूना विद्यालयको रूपमा विकास गरिने छ। |
| ५ | आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु। | २८. शिक्षक होइन कि अनुदान देऊ हामीले चाहेको गुणस्तर दिन सक्छौं भन्ने स्थानीय तहका केही विद्यालयहरूलाई शिक्षकको सट्टा अनुदान उपलब्ध गराई नमूनाका रूपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने।<br>२९. सङ्घीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी नपुग शिक्षक दरवन्दी सिर्जना गरी विद्यालयलाई वितरण गर्ने।<br>३०. प्रारम्भिक पठन सिप कार्यक्रमलाई प्रारम्भिक कक्षाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि घर र विद्यालयमा पढाइ कुना ६ को व्यवस्थापन, छापामय वातावरणको निर्माण, समुदायमा घुम्ती पढाइ कुना निर्माण र सञ्चालन, स्थानीय स्तरमा परम्परागत लोककथाहरू संकलन र वाचन, स्थानीय एफएम तथा रेडियोमा आधारित सन्देशमूलक कार्यक्रम सञ्चालन, अभिभावक र समुदायका व्यक्तिहरूको सहभागितामा पढाइ मेला आयोजना लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने।<br>३१. विद्यालय हरूको नियमन(संस्थागत समेत), अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरूले गरेको राम्रा अभ्यासहरूलाई सामुदायिक र संस्थागत विद्यालयहरूको बीचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेश्रोपक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी गर्ने।<br>३२. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार स्थानीय पेसा, व्यवसाय र प्रविधि एवम् मूल्य, मान्यता, संस्कार र रीतिरिवाजहरूको संरक्षण र सम्बर्धन गर्न र बालबालिकालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्नका लागि एक विद्यालय एक |

BARABARDIYA

| | | |
|---|---|---|
| | | व्यवसायको अवधारणालाई स्थानीय पाठ्यक्रम निर्माणको क्रममा समावेश गरी कार्यान्वयन गर्ने । <br>३३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गर्ने । <br>३४. जैविक विविधता, हरित विद्यालय, बालबगैचा र पर्यावरणको अवस्थालाई सुदृढ गर्न एवम् वन्यजस्तु र मानिस बिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा स्थानीय पाठ्यक्रम एवम् अन्य क्रियाकलापहरू मार्फत विद्यार्थीहरूमा तदनुरूपको ज्ञान, सिप र अभिवृत्तिको विकास गर्ने । |

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. आधारभूत शिक्षामा सबैको पहुँच भएको हुनेछ ।
२. विद्यालयमा न्यूनतम आधारभूत पूर्वाधारको विकास भएको हुनेछ ।
३. विद्यालयको औषत सिकाई उपलब्धिमा सुधार भएको हुनेछ ।
४. बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ ।
५. कार्यरत जनशक्तिको क्षमता विकास भएको हुनेछ ।
६. कक्षा छोड्ने दरमा कमी आएको हुनेछ ।

**ख) नतिजा**

| क्र.स | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९६.२ | ९६.८ | ९७ | ९७.५ | ९८ | ९८.५ |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १०८.५ | १०७ | १०६ | १०५.५ | १०३ | १०२ |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९५.३ | ९५.७ | ९६ | ९६.५ | ९७ | ९८ |
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | १०५.७ | १०४.९ | १०४.२ | १०३.५ | १०२.७ | १०२ |
| ५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९१.७ | ९२.५ | ९३.४ | ९४.२ | ९५ | ९५.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८०.६ | ८२.५ | ८४.४ | ८६.४ | ८८.४ | ९०.५ |
| ७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १ | १ | १ | १ | १ | १ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९५.७ | ९६ | ९६.५ | ९७ | ९८ | ९९ |
| ९ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १०५.२ | १०४.६ | १०४.२ | १०३.७ | १०३.२ | १०२.८ |
| १० | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८७.३ | ८८.५ | ९० | ९१.५ | ९३ | ९४ |
| ११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ७१.६ | ७४ | ७६.६ | ७९.२ | ८१.८ | ८४.६ |
| १२ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०३ | १.०३ | १.०३ | १.०२ | १.०२ | १.०२ |
| १३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | ३१.२ | ३३ | ३४ | ३६ | ३८ | ४० |
| १४ | आधारभूत तह (कक्षा १-८) मा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात | १:४५ | १:४६ | १:४७ | १:४८ | १:४९ | १:५० |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

भौतिक लक्ष्यमा १, २, ३, ४, ५ भन्नाले क्रमश ०८२, ०८३, ०८४, ०८५ तथा ०८६ भनेर बुझ्नुपर्नेछ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पकेट क्षेत्र निर्धारण गरि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| ४ | त्रैमासिक रूपमा विद्यालयमा अनियमित | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

BARABARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हुने बालबालिकाहरूको अभिभावकलाई लक्षित गरि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास बहुभाषिक सिकाइ ) सहजीकरण तथा विद्यार्थी परामर्श (सेवासमेत | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ७ | पढाइ स्तर कमजोर भएका बालबालिकाहरूका निम्ति ReAL कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ८ | सिकाईलाई प्रविधि सँग जोड्नका निम्ति विद्यालयमा प्रोजेक्टर सहयोग | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २५ |
| ९ | विद्यालय स्तरीय गुनासो सुनुवाइ संयन्त्र समिति गठन गरि कार्यविधि सम्बन्धी तालिम प्रदान गर्ने | पटक | १ | ० | ० | ० | १ | २ | ३ |
| १० | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र कम्तिमा प्रति विद्यार्थी रु २५। हुनेगरी दिवा खाजाको प्रबन्ध र दिवा खाजा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | आधारभूत तहमा बालबालिकाहरुलाई लक्षित गरी विद्यालयमै महिनाको १ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक प्रत्येक विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |
| १३ | कक्षा १-३ का बालबालिकाहरूलाई लक्षित गरि कक्षा कोठा मा बाल मैत्री बसाइ व्यवस्थापनका निम्ति कार्पेट तथा टेबुल प्रदान | कक्षाकोठा | २० | २० | २० | २० | २० | १०० | २०० |
| १४ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई गैह सरकारी संस्थाहरू सँग समन्वय गरी सहायक सामाग्री सहयोग | विद्यार्थी | ८ | ८ | १० | ५ | ८ | ३९ | ६० |
| १५ | निशुल्क शिक्षाको सुनिश्चितताका : लागि पाठ्यपुस्तक | सबै विद्यार्थीलाई पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | अभिभावकविहीन विद्यार्थीका लागि शिक्षा सहित खाना, नाना र छानाको व्यवस्था गर्न छात्रावास निर्माण तथा सञ्चालनको निम्ति निर्देशिका निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| १८ | शिक्षण सिकाइमा सुधार र बालमैत्री विद्यालयको विकासका लागि प्रस्तावमा आधारित अनुदान प्रणालीको कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | आधारभूत तहमा एउटा वडामा कम्तिमा एउटा नमूना विद्यालयको विकासका लागि कार्यक्रमको सञ्चालन गरिने | विद्यालय | २ | २ | ३ | २ | २ | ११ | ११ |
| २० | कक्षा १ देखि कक्षा ३ सम्म कक्षागत शिक्षक व्यवस्थापन र त्यसभन्दा माथिका कक्षाहरूमा विषयगत शिक्षकको व्यवस्था हुने गरी कार्यतालिका निर्माण गरी लागु गर्ने। | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २१ | अभिभावक र समुदायका व्यक्तिहरूको सहभागितामा पढाइ मेला आयोजना कार्यक्रम सञ्चालन | पटक | १ | ० | १ | ० | १ | ३ | ५ |
| २२ | स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलाप मार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालबगैचा प्रवर्धन तथा वन्यजन्तु र मानिस बीचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिने। | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २५ |
| २३ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको काम, कर्तव्य बारे अभिमुखीकरण | पटक | १ | ० | ० | १ | ० | २ | ३ |
| २४ | स्वास्थ्य शाखाको समन्वयमा अर्ध वार्षिक रूपमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण गर्ने | पटक प्रत्येक विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| २५ | गरिबीकै कारणले विद्यालय छाडेका बालबालिकाहरूलाई लक्षित गरि निश्चित मापदण्डको आधारमा छात्रवृति प्रदान गर्ने | बालबालिका | १० | १५ | २० | २० | २० | ८५ | १२० |
| २६ | वार्षिक रूपमा उत्कृष्ट विद्यार्थी शिक्षक प्रधानाध्यापक अभिभावक तथा विद्यालयलाई पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २७ | नगरपालिकाले वार्षिक रूपमा केही | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय छनौट गरि बालबालिकाहरूको सिकाइ उपलब्धि परीक्षण गर्ने तथा शिक्षा पार्श्व चित्रमा समावेश गर्ने | | | | | | | |
| २८ | कक्षा १ मा भर्ना हुन आउने नँया बालबालिकाहरुका निम्ति निः शुल्क रुपमा विद्यालय पोशाक वितरण | विद्यार्थी | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४००० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ।

राष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अधेययन अध्यापन गरी वैज्ञानीक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागु गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ।

### ३.३.२ वर्तमान अवस्था

मुलुकको माध्यमिक तहको शिक्षाको अवस्था अध्ययन गर्दा यस तहमा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ। शैक्षिक तथ्याङ्क २०८१ अनुसार माध्यमिक तह (कक्षा ९-१२) कुल भर्ना दर र खुद भर्ना दर क्रमश ८३.२ र ५६.८ प्रतिशत रहेको छ। कक्षा ९-१२ मा लैङ्गिक समता सूचक सुचकाङ्क ०.९६ पुगेको छ। तर कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६९.८ र ३७.२ मात्र रहेको देखिन्छ। यसले कक्षा ८ र कक्षा १० पछाडि ठुलो सङ्ख्याविद्यालय छाड्ने बालबालिकाहरुको सङ्ख्या ठूलो देखाउछ।

समग्र मुलुकमाकक्षा ९ र कक्षा १० मा छात्राहरू ४८.९८ प्रतिशत रहेकोमा संस्थागत विद्यालयमा जम्मा ४२.२० प्रतिशत छात्रा छन्। यसले निजी विद्यालयमा छोरीलाई भन्दा छोरालाई पठाउन प्राथमिकता दिएको देखिन्छ। माध्यमिक तहको कक्षा ९-१० मा अध्ययनरतमध्ये दलित तथा जनजाति समुदायका विद्यार्थीहरू क्रमशः१३.६७ र ४५.७ प्रतिशत छन्। त्यस्तै कक्षा ११-१२ मा दलित तथा जनजाती समुदायका विद्यार्थीहरु क्रमश ६.०९ र ११.१२ प्रतिशत रहेको छ। दलित र जनजातिको जनसङ्ख्या क्रमशः १३ र ३७ प्रतिशतभएको सन्दर्भमा जनङ्ख्याको तुलनामा दलित समुदायको माध्यमिक शिक्षामा सहभागिताको अनुपात कम देखिन्छ।

BARBARDIYA

**शैक्षिक तथ्याङ्क २०८१** अनुसार लुम्बिनी प्रदेशमा कक्षा ९–१० सञ्चालन भएका जम्मा माध्यमिक विद्यालयहरू १०२७ र कक्षा ११–१२ सञ्चालन भएका जम्मा विद्यालयहरू ७६६ रहेका छन्। सामुदायिक माध्यमिक विद्यालयहरूको मात्र हिसाब गर्दा लुम्बिनी प्रदेशमा कक्षा ९–१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ५५५ र कक्षा ११–१२ सञ्चालन भएका विद्यालयहरू ६१० रहेका छन्। त्यसैगरी लुम्बिनी प्रदेशमा संस्थागत विद्यालयको हिसाब गर्दा कक्षा ९–१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४७२ र कक्षा ११–१२ सञ्चालन भएका विद्यालयहरू १५६ रहेका छन्। लुम्बिनी प्रदेशमा माध्यमिक तह कक्षा ९–१२ मा अध्ययनरत विद्यार्थीहरूको कुल सङ्ख्या ३,०९,८५५ जसमा छात्रा र छात्रको सङ्ख्या क्रमश: १,५५,७४७ र १,५४,१०८ रहेको देखिन्छ। यसरी नै सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या क्रमशः२४०५५२ र ६९३०३ रहेको छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा ५२.५ तथा सँस्थागत विद्यालयमा ४२.६ प्रतिशत विद्यार्थीहरु रहेका छन्।

शैक्षिक तथ्याङ्क २०८१ अनुसार यस बारबर्दिया नगरपालिकामामा कक्षा ९–१० सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू ६ वटा र कक्षा ११–१२ सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू ८ वटा रहेका छन्। संस्थागत विद्यालयतर्फ गणना गर्दा कक्षा ९–१० सञ्चालन भएका संस्थागत विद्यालयहरूको सङ्ख्या यस नगरपालिकामा २ वटा रहेका छन् भने कक्षा ११–१२ सञ्चालन भएका संस्थागत माध्यमिक विद्यालयहरूको सङ्ख्या यस नगरपालिकामा शून्य रहेको छ। त्यसैगरी माध्यमिक तह कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या २२६१ र कक्षा ११–१२ मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ८९१ गरी जम्मा ३१५२ विद्यार्थीहरू अध्ययनरत् रहेका देखिन्छन्। यसमध्ये छात्रा र छात्रको सङ्ख्या क्रमश:१७१६ र १४३६ रहेको देखिन्छ। संस्थागत विद्यालयतर्फ कक्षा ९–१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ६७ जना मात्र रहेको देखिन्छ।

नगरपालिकामा माध्यमिक तहमा स्थायी, अस्थायी, राहत र नगरपालिकाबाट राखिएका शिक्षक गरी कक्षा ९–१० मा ७९ र कक्षा ११–१२ मा १० गरी जम्मा ८९ शिक्षकहरू कार्यरत रहेका छन् भने सो मा महिला शिक्षकको प्रतिशत १४.६ रहेको छ। यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा ९–१० मा ६९ र कक्षा ११–१२ मा ८९ रहेको छ। यसरी नै माध्यमिक तहको कुल विद्यार्थी भर्ना दर ७३ तथा खुद भर्ना दर कक्षा ५३ प्रतिशत रहेको अवस्था छ। माध्यामिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक १.०१ रहेको छ भने माध्यमिक तह कक्षा १० सम्मको टिकाउ दर ७३.२ रहेको देखिन्छ।

हाम्रो मुलुकमा विगत लामो समयदेखि नै विद्यालय र शिक्षकको क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्थाभित्र सिकाइ संस्कार विकास गर्नुपर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ। विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ। कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन्। प्रधानानाध्यापकको छुट्टै पदको विकास गर्ने भन्ने नीति तय गरिए पनि कार्यान्वयन भएको छैन।

सङ्घीयता संरचना अनुसार तीनओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भएतापनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा विकाससँग सम्बन्धित संरचनाहरू पनि सोहीअनुसार बन्ने क्रममा छन्। शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ। शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तर्गत तालिम केन्द्रहरू छन्। शिक्षकका केही पेसागत सङ्गठनहरू तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

माध्यमिक शिक्षाका चुनौतीको रूपमा निःशुल्क माध्यामिक शिक्षालाई कार्यान्वयन गर्नु, माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच

विस्तार गर्नु, शिक्षकको पेसागत समर्पण र दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले त्यसको प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार गर्नु, डिजिटल डिभाईडलाई कम गर्नु, सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, सङ्घीय संरचना अनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु, विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्नु, आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी माध्यमिक शिक्षाको प्रविष्टीलाई स्तरीय बनाउनु, शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु, विद्यालय शिक्षालाई विविधताअनुकुल,समावेशी र समतामूलक बनाउनु, आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु आदिलाई लिन सकिन्छ।

सङ्घीयताको सङ्क्रमणकालीन अवस्था, कर्मचारीहरूको समायोजन, स्थानीय र प्रदेश तहको संरचना, कानुन र व्यवस्थापकीय स्पष्टताको अभाव, शिक्षक व्यवस्थापन, विद्यालय शिक्षक र शिक्षक विद्यार्थीको उच्च अनुपात, विद्यालयमा राजनीतिक हस्तक्षेप, विद्यालय सुपरिवेक्षण, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, माध्यमिक शिक्षामा न्यून लगानी, तीनवटा तहका सरकारहरू बिचको समन्वय र सहकार्य तथा शिक्षासम्बन्धी अधिकारको साझा बुझाइमा अस्पष्टता, मेधावी व्यक्तिहरूको शिक्षण पेसामा आकर्षण, शिक्षकको पेसागत विकास, संस्थागत विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने कार्य, माध्यमिक शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने कार्य, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमको प्रभावकारी कार्यान्वयन, विद्यालय र नतिजामा आधारित सुपरिवेक्षण आदि पनि माध्यमिक शिक्षाका चुनौतीहरू हुन्।

नेपालको संविधानको मौलिक हक सम्बन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी र पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेन्टी गरिएको छ। संविधानको त्यही धाराले अपाङ्ग भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई उच्च शिक्षा समेत निः शुल्क हुने व्यवस्था गरेको छ। त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क हुने ब्यवस्था गरेको छ। संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अङ्गीकार गरेको छ। त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ। उल्लिखित कुराहरूलाई अवसरको रूपमा लिन सकिन्छ।

त्यसरी नै संविधानको अनुसूची ९ मा उल्लेख गरिएको साझा अधिकारको क्षेत्रभित्र रहेर नगरपालिकाले माध्यमिक शिक्षाको स्तर वृद्धिका लागि योगदान गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नपुग शिक्षक दरबन्दीको व्यवस्थापन गर्नका लागि प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाए अनुरूप नगरपालिकाले माध्यमिक तहका ३३ वटा शिक्षक दरबन्दीको सिर्जना गरी उक्त दरबन्दीमा शिक्षक नियुक्ति गरेर पठनपाठनमा लगाएको छ। यसका साथै शिक्षा नीति २०७६ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेसागत विकास गर्न, शिक्षक बढुवासम्बन्धी कार्य सम्पादन गर्न र विद्यालय क्षेत्र विकास योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरूलाई जिम्मेवार हुने गरी नीति अगाडि सारेको छ। उक्त नीतिले सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारीहरूलाई थप स्पष्ट बनाएको छ। शिक्षाका उल्लिखित सन्दर्भहरुलाई समेत अवसरको रुपमा हेर्न सकिन्छ।

### ३.३.३ उद्देश्य र रणनीतिहरू

यस योजनाको माध्यमिक शिक्षा उपक्षेत्रको लक्ष्य माध्यमिक शिक्षामा सबको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई नगरपालिका र समग्र मुलुकका निम्ति मध्यमस्तर र उच्च शिक्षाका निम्ति अब्बल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ भने यस अन्तर्गतका उद्देश्य र उद्देश्य अनुसारका रणनीतिहरू निम्न अनुसार रहेका छन् :

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितता, सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु। | १. सङ्घीय मापदण्डअनुसार प्रदेश सरकारसँग आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने।<br>२. नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गर्ने।<br>३. आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने।<br>४. सामुदायिक विद्यालय नभएको सेवा क्षेत्रमा स्थापना भएर निशुल्क माध्यामिक शिक्षा प्रदान गर्न योगदान गर्ने सँस्थागत विद्यालयहरुलाई विद्यार्थी सङ्ख्याको आधारमा अनुदान दिने पद्धतिको विकास गर्ने।<br>५. नगरपालिकाले आफ्नो पहलमा कुनै एक वडामा प्रत्येक वर्ष नमुना माध्यामिक विद्यालय निर्माण गर्ने।<br>६. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरूसँगको समन्वय र साझेदारीमा माध्यमिक शिक्षाको पहुँच गुणस्तर र सान्दर्भिकतामा सुधार हुने गरी विद्यालयको आवश्यकता अनुसार कार्यक्रमहरूको तय गरी सञ्चालन गर्ने। |
| २ | माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर वृद्धि गर्नु। | ७. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमणदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन एवम् अपाङ्गता भएका र अभिभावक विहीन बालबालिकाहरूका लागि खाना, नाना र छाना सहितको सुविधा उपलब्ध गर्ने।<br>८. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९ १२ को माध्यमिक-शिक्षा पूरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गर्ने। |
| ३ | विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल,उत्थानशील | ९. नतिजाप्रतिको जबाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सङ्घीय संरचना अनुकुल सुधार गर्ने।<br>१०. शिक्षक निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।<br>११. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्र.अ. लाई उत्तरदायी बनाउने।<br>१२. सङ्घीय सरकारको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी |



BARBARDIYA

| | | |
|---|---|---|
| | र जवाफदेहीमा वृद्धि गर्नु। | शिक्षक अनुपातलगायत शिक्षक दरबन्दीका आधारहरूको पुनरावलोकन गरी निर्धारण गरिएको शिक्षक दरबन्दीको आवश्यकता अनुसार पुनर्वितरण, समायोजन तथा थप गर्नका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गर्ने।<br>१३. बालबालिकाको सिकाइ उपलब्धि सुधारका निम्ति जिम्मेवार हुनका लागि अभिभावकलाई आवश्यक कानुन र सहजीकरणमार्फत अभिप्रेरित गर्ने।<br>१४. विद्यालयमा रचनात्मक किसिमले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न इच्छुक विद्यालयहरूलाई उनीहरूको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गर्ने।<br>१५. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्न स्थानीय तहसँग सहकार्य गर्ने।<br>१६. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरी विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धतिमा सुधार गर्ने।<br>१७. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ र सुधारका क्षेत्र पहिचान गरी सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने।<br>१८. माध्यमिक विद्यालयहरूलाई नियमन एवम् पुरस्कृत गर्न सङ्घ र प्रदेशसँग समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गर्ने।<br>१९. तोकिएका मापदण्ड पूरा गरेको वा गर्नुपर्ने प्रावधानका आधारमा माध्यमिक विद्यालयहरूलाई नमूना विद्यालय र वृहत विद्यालयको रूपमा विकास गर्ने। |
| ४ | विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित निर्माण गर्नु। | २०. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PMEC)पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने।<br>२१. नगरपालिकाले विकास साझेदार र सङ्घ एवम् प्रदेश सरकारसँग सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।<br>२२. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थल (Safe Zone) को निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरूलाई हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| ५ | माध्यमिक शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुरूप विद्यार्थीहरूमा आत्मनिर्भरता र श्रमप्रति सम्मान गर्ने | २३. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूप अनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास,परियोजना कार्य वा सामुदायिक कार्य समावेश गर्ने।<br>२४. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ को कार्यान्वयन गर्ने क्रममा विद्यार्थी, स्थानीय तह र विद्यालयहरूको आवश्यकतामा आधारित गरी विद्यार्थीलाई सिक्दै |

BARBARDIYA

| | | |
|---|---|---|
| | बानीको विकास गर्नु। | कमाउँदै गर्ने वातावरणको समेत सिर्जना हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने। |
| ६ | सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु। | २५. विद्यार्थीलाई शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गर्ने।<br>२६. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी डिजिटल डिभाईड कम गरिने र<br>२७. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाउने। नगरपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गर्ने।<br>२८. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM)जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने।<br>२९. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने।<br>३०. माध्यमिक शिक्षामा मानव मूल्यमा आधारित शिक्षालाई अन्तरसम्बन्धित विषयको रूपमा शिक्षण सिकाइ गर्नका लागि पाठ्यक्रममा स्थानीय परिवेश अनुसार परिमार्जन गरी कार्यान्वयन गर्ने।<br>३१. शिक्षण सिकाइमा विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणितलाई हरेक विषयमा अन्तरसम्बन्धित गरी विद्यार्थीहरूमा तदनुरूपको ज्ञान, सिप र क्षमताको विकास गरी रोजगारीको सिर्जना गर्ने। |

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई नगरपालिका तथा समग्र मुलुकको आवश्यकता अनुसार सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।

**ग) नतिजा**

| क्रस | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५३ | ५५ | ५७ | ५९ | ६१ | ६३ |
| २ | माध्यामिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ७३ | ७५ | ७७ | ७९ | ८१ | ८३ |
| ३ | माध्यामिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.०१ | १.०१ | १.०१ | १ | १ | १ |



BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तहबाट माध्यामिक तहमा ट्रान्जिसन दर* (%) | ९७.३ | ९७.७ | ९८ | ९८.५ | ९९ | ९९.३ |
| ५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ७३.२ | ७५.७ | ७८.४ | ८१.१ | ८३.९ | ८६.८ |
| ६ | माध्यामिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | १४.६ | १६ | १७ | १९ | २१ | २२ |
| ७ | माध्यामिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात | २७.५३ | ३० | ३५ | ४० | ४५ | ५० |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि निर्देशिकाहरुको तयारी र कार्यान्वयन | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | |
| ५ | विद्यालयमा मापदण्ड अनुसार नपुग शिक्षक व्यवस्था | निरन्तर | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ६ | सिर्जनात्मक तथा नवप्रर्वतनात्मक क्रियाकलापका लागि विद्यालयहरूलाई प्रस्ताव र कामका आधारमा प्रोत्साहन अनुदान | वार्षिक रुपमा विद्यालय | २ | २ | २ | २ | २ | १० | १५ |
| ७ | नमुना विद्यालय भौतिक पुर्वाधार सहयोग कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ८ |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| | | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ९ | व्यवहार कुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | प्रतिशत | ० | २५ | २५ | २५ | २५ | १०० | १७५ |
| १० | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | माध्यामिक शिक्षामा विज्ञान, प्रविधि, | विद्यालय | २ | २ | २ | २ | १ | ९ | १८ |

BARABARDIYA

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | | | | | | | |
| १२ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहायता सामाग्री सहयोग | जना | १२ | १२ | १५ | १० | १५ | ६४ | १०० |
| १३ | वि.स.व्य., शि.अ.स पदाधिकारीको क्षमता विकास | पटक | ० | १ | ० | ० | १ | २ | ३ |
| १४ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक, आर्थिक रूपमा विपन्नका लागि सहयोग र छात्रवृत्ति कार्यक्रम | जना | २५ | २५ | ३० | ३० | ३० | १४० | २५० |
| १५ | अभिभावक विहीन बालबालिकाका लागि खाना, नाना र छानाको व्यवस्था | विद्यार्थी सङ्ख्या | ३० | ३५ | ३५ | ४० | ५० | १९० | १९० |
| १६ | कक्षा कोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| १७ | स्थानीय पाठ्यक्रममा आधारित सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन | विद्यालय | २ | ३ | ४ | ५ | ६ | ६ | ६ |
| १८ | स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलाप मार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालबगैचा प्रवर्धन तथा वन्यजन्तु र मानिस बीचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने। | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| १९ | माध्यामिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| २० | नमुना एवम् बृहत् विद्यालयको विकास विशेषज्ञ सम्मिलित तेस्रो पक्षबाट विद्यालयको अनुगमन, सुपरिवेक्षण र प्रतिवेदन | पटक | १ | ० | १ | ० | १ | ३ | ५ |
| २१ | विद्यालय विज्ञान प्रयोगशाला, ICT ल्याब, STEM, महिनावारी व्यवस्थापन कक्ष, पुस्तकालय, जस्ता सिकाइ सन्दर्भ पक्ष व्यवस्थापन | विद्यालय | १ | ० | १ | ० | १ | ३ | ६ |
| २२ | विद्यालयसँग सामुदायिक प्रहरी तथा ट्राफिक प्रहरी कार्यक्रम | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| २३ | शिक्षा दिवशको अवसरमा उत्कृष्ट माध्यामिक विद्यालय, उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

BARBARDIYA

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको अपरिहार्य आवश्यकता हो। यो शिक्षा श्रम, सिप, रोजगारी र उत्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। यसका अतिरिक्त यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ। त्यसैले पनि हाम्रो जस्तो बसिबसी खानका लागि पढ्नुपर्छ भन्ने मानसिकताले घर गरेको समाजमा गरिखाने शिक्षालाई प्राथिमकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिँदैन। उल्लिखित विषयलाई आत्मसात गरी सरकारले गरिखाने शिक्षा अर्थात प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र बिस्तारलाई उच्च प्राथमिकतामा राखेर प्रत्येक स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवम् स्वरोजगारका अवसरहरू सिर्जना गर्दै कामका लागि विदेश जाने युवाहरूलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ।

नेपालको सन्दर्भमा लिच्छवि कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ। त्यस्तैगरी मल्लकालमा आएर सिपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ। राणाकालीन तथा शाहकालीन समयमा पनि कालिगडी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको देखिन्छ। औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि. स. १९९९ सालमा स्थापित पुलचोक कलेजबाट भएको हो। नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.स. २००४ सालदेखि नै सुरु भएको हो। नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ। यद्यपि यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन सकेन। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाले ७ दशक पार गरिसकेको छ।

जुन मुलुकले आफ्नो स्रोत साधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन, त्यो मुलुकले युग अनुकुल आफूलाई बदल्न पनि सक्दैन। अतः यसका लागि शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशिलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ। यसै कुरालाई मध्यनजरमा राखी माध्यमिक तह कक्षा ९–१२ मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको भएतापनि कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११–१२ मा पुगेपछि विज्ञानको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकाले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरूको दर न्यून रहेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सिप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ। त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरू स्थापना गरिने छ भनी उक्त नीतिमा उल्लेख गरिएको छ। नेपालका आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैर सरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरूसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू बिस्तार गर्ने रणनीति लिएको पाईन्छ। जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिवृद्धि गर्दै सामाजिक तथा आर्थिक रुपान्तरणको आधारशिला मानिएको छ (राष्ट्रिय योजना आयोग, २०७६)। मुलुकले राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको बिस्तार गरी आवश्यकता भएकाहरूको पहुँच उपलब्ध गराउन क्षेत्रगत रूपमा

सरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा पोलिटेक्निक ईन्ष्टिच्युटहरू खोल्ने, शिक्षालय, तालिम केन्द्रहरूको स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राबिधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्वन्द पीडित, सहिद परिवार, पछाडि परेका वर्ग, दलित, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले आगाडि सारेको छ। **(शिक्षा मन्त्रालय, २०७६)**

### ३.५.२. वर्तमान अवस्था

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७ मा प्रकाशित तथ्याङ्कलाई नियाल्दा केही समय यता आएर प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङ्ख्यात्मक रूपमा निकै बिस्तार भएको छ। CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरु, २० वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त निजी शिक्षालयहरू र ११४० वटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देशभरि विस्तार गरिएका छन। लुम्बिनी प्रदेशको अवस्था हेर्दा आङ्गिक ९, साझेदारी ८८, सामुदायिक विद्यालय ७९, निजि संस्था १, छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू १५६ गरी जम्मा ३२३ ओटा प्राविधिक शिक्षा प्रदायक संस्थाहरू सञ्चालनमा रहेका छन्। यसरी नै मुलुकभरि माध्यमिक तहमा कक्षा ९ देखि १२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको सङ्ख्या ९८ मात्र रहेको छ। **(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक सूचना, २०७७)**

त्यसरी नै बारबर्दिया नगरपालिकाको पाञ्चजन्य माध्यमिक विद्यालय, पदनाहामा बाली विज्ञान, जनसेवा माध्यमिक विद्यालय, बैदीमा सिभिल इञ्जिनियरिङ् र सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालय, जयनगरमा वन विज्ञानको ३ वर्षे डिप्लोमा तहको अध्ययन अध्यापन भइरहेको छ। प्राविधिक शिक्षाको डिप्लोमा तहमा अध्ययनरत यस नगरपालिकामा विद्यार्थीहरूको सङ्ख्या १६० रहेको छ जसमा छात्राहरू ७५ र छात्रहरू ८५ छन्। यसका अतिरिक्त यसरी उत्पादन भएको मध्यम स्तरको जनशक्तिलाई उच्च तहको प्राविधिक शिक्षा दिएर अब्बल किसिमको जनशक्तिमा रुपान्तरण गर्नका लागि प्राविधिक शिक्षा दिने कलेजहरूको स्थापना गर्नु जरुरी रहेको छ। बारबर्दिया नगरपालिकामा प्राविधिक धारका विद्यालयहरू एउटा पनि नभएको अवस्था देखिन्छ। पहिले सञ्चालन गरेका विद्यालयहरूले समेत अहिले बन्द गरेको अवस्था देखिन्छ।

प्राविधिक तथा व्यावसायिकको सन्दर्भमा कक्षा ९ देखि कक्षा १२ को प्राविधिक धारको पाठ्यक्रमलाई अधिकांश विद्यार्थीलाई आकर्षित गर्ने गरी परिमार्जन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गरी समावेश गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष र अभिप्रेरित जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यावसायिक शिक्षालाई प्रवर्धन गर्नका लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यन्वयनका लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना निर्माण र सोको कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन।

बारबर्दिया नगरपालिकाले अहिले पनि मेडिकल साइन्स, इन्जिनियारिङ् र चार्टर एकाउण्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नु, सिटिइभिटीसँग साझेदारीका आधारमा नगरपालिकाले आफ्नै लगानीमा वन विज्ञान तर्फ डिप्लोमा तह अध्ययनका लागि सहिद विष्णुधनी स्मृति बहुप्राविधिक शिक्षालयको स्थापना गरी सञ्चालन गर्नु, नगरपालिका भित्र प्राविधिक एसएलसी र

डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालनमा हुनु, कृषि, पशुपालन, इन्जियारिङ, इलेक्ट्रिसिटी र इलोक्ट्रोनिक तर्फका प्राविधिक शिक्षा सञ्चालनका लागि नगरपालिकाको परिवेश अनुकुल हुनु, प्राविधिक शिक्षा प्राप्त गरेका विद्यार्थीहरू बेरोजगार बस्नु नपरेको कारण नागरिकहरूको प्राविधिक शिक्षा तर्फको आकर्षण बढ्नु आदि यस नगरपालिकाका प्राविधिक शिक्षा तर्फका अवसरहरू हुन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, विद्यालयदेखि उच्च शिक्षासम्म प्राविधिक शिक्षालाई प्राथिमकताका साथ सञ्चालन गर्नका लागि सरकारी नीति र कार्यक्रमहरू लागु हुदै गएको अवस्था हुनु, सिटिइभिटी अन्तर्गतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सिप र प्रविधिलाई व्यावसायिक सिप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, साधारण विषयहरूमा उच्च शिक्षा सञ्चालन भइरहेका कलेजहरूलाई प्राविधिक शिक्षा सञ्चालन गर्ने कलेजको रूपमा स्थानान्तरण गर्न प्रोत्साहित गर्ने शिक्षा नीति हुनु आदिलाई समेत प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ।

### ३.५.३. उद्देश्य र रणनीतिहरू

यस योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य बारबर्दिया नगरपालिका लगायत समग्र मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन गर्ने रहेको छ भने यससँग सम्बन्धित उद्देश्यहरू र उद्देश्य अनुसारका रणनीतिहरु निम्नानुसार रहेका छन्।

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | प्राविधिक र व्यावसायिक शिक्षामार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भरताका साथै देश र नागरिकप्रति समर्पित र इमान्दार जनशक्ति उत्पादन गर्नु। | १. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान् र सेवान्मुख बनाउनका लागि तथा प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गर्ने।<br>२. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकुल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, सङ्घसंस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने वातावरणको सिर्जना गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने। |
| २ | प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसरमा वृद्धि गरी उच्च शिक्षाको अवसर प्रदान गर्नु। | ३ नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूमा त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम उपलब्ध गर्ने।<br>४ नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गर्ने।<br>५ प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालयलाई उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति गर्ने।<br>६ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घ, प्रदेश सरकार र विश्वविद्यालयहरूसँग सहकार्य गर्ने।<br>७ स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक |

| | | |
|---|---|---|
| | | शिक्षा र सिप विकासका अवसरहरू इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदायक संस्थाहरूको विकास र विस्तार गर्ने। |
| ३ | नगरपालिकाको स्रोतसाधन र सम्भाव्यतामा आधारित उद्योग, व्यवसाय र रोजगारीमार्फत नगर र नगरवासीको आर्थिक विकास र समृद्धिमा सहयोग गर्नु। | ८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यावसायिक धारका पाठ्यक्रमहरूलाई नगरपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकता अनुकुल हुनेगरी छनौट गरेर सञ्चालन गर्न नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम व्यवस्थापन इकाईको गठन गर्ने।<br>९ प्राथमिकताका आधारमा कृषि तथा वन, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने। |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि प्राविधिक विषयका योग्य विज्ञहरू, सक्षम सिपयुक्त र उद्धमशील जनशक्ति तयार गर्नु। | १० प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर र तालिम लिनेहरूलाई व्यवसाय गर्न सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनका साथै हाल नगरपालिकाबाट सञ्चालन गरिएको छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>११ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वनय र सहकार्य गर्ने।<br>१२ प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरी कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>१३ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| ५ | श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध हुने आवश्यक पर्ने संरचना र सहकार्यको विकास गर्नु। | १४ सबै क्षेत्र हैसियत र वर्गका मानिसहरूमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>१५ मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेका प्राविधिक धारतर्फको कक्षा ९–१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रम लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>१६ प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्न सङ्घ, प्रदेश सरकार र सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।<br>१७ नगरपालिकामा साधारण विषय सञ्चालन भएका उच्चशिक्षा प्रदायक संस्थालाई |

| | | |
|---|---|---|
| | | आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरणका लागि प्रोत्साहित गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने। |
| | | १८ निजी क्षेत्र तथा नगर भित्रका प्राविधिक शिक्षालयहरूको रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसिप र अन् द जब ट्रेनिङ्ग सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने। |
| | | १९ श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको मागअनुसार नयाँ सिप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने। |

## ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१. प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त जनशक्तिको उत्पादन भएको हुनेछ।
२. रोजगार तथा स्वरोजगारको अवसर वृद्धि हुने प्राविधिक तथा व्यवसायिक धारको उच्च शिक्षाको लागि आवश्यक सिकाईको विकास भएको हुनेछ।

### ख) नतिजा

| क्रस | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | व्यावसायिक शिक्षा ग्रहण गर्न चाहने लक्षित वर्गका युवाहरूलाई छात्रवृति द्वारा प्रोत्साहन गर्न निश्चित मापदण्ड निर्माण गर्ने। | ० | १ | ० | ० | ० | ० |
| २ | नगरपालिका तथा ग्रैह सरकारी संस्था मार्फत सिप मुलक तालिम प्राप्त युवाहरू मध्य कम्तीमा ७० प्रतिशत स्वः रोजगार वा रोजगारमा आवद्ध भएका हुनेछन्। | ० | ७० | ७० | ७० | ७० | ७० |
| ३ | सीपमुलक तालिम प्राप्त गरि रोजगार अथवा व्यवसायमा लागेका युवाहरू मध्य कम्तीमा ८० प्रतिशत युवाहरूले मासिक रु १८००० आम्दानी गरेका हुनेछन्। | ० | ८० | ८० | ८० | ८० | ८० |
| ४ | यस नगरपालिका भित्र रहेका अन्य व्यावसायिक दक्ष तथा क्षमतावान फर्म तथा सीपहरूको पहिचान गरि रोष्टर भएको हुनेछ। | ० | १ | ० | ० | १ | ० |
| ५ | बजार मागको विस्तृत अध्ययन भएको हुनेछ तथा सोका | ० | १ | ० | ० | १ | ० |

BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारमा सीपमुलक तालिम प्रदान गरिनेछ | | | | | | |
| ६ | नगरपालिकामा सञ्चालनमा रहेको सबै प्राविधिक शिक्षालयहरूले विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्राप्त गरेको हुने । | ० | १ | १ | १ | १ | १ |

### ३.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (१० वर्ष) |
| १ | सँघ तथा प्रदेश सरकार सँगको समन्वयमा बहु प्राविधिक शिक्षालयको स्थापना | बहु प्राविधिक शिक्षालय | ० | ० | १ | ० | ० | १ | १ |
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति प्रदान गर्ने | जना | ० | १५ | २५ | ३० | ३० | १०० | २०० |
| ३ | नगरपालिका स्तरमा प्राविधिक शिक्षा सम्बन्धी काम गर्नका लागि विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाइको गठन गरिने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ४ | प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा हाल सञ्चालनमा रहेको सहिद विष्णु धनी स्मृति बहुप्राविधिक शिक्षालयलाई उच्च शिक्षा दिने कलेजको रूपमा स्तरोन्नति गरिने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ६ | प्राथमिकताका आधारमा कृषि तथा वन, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन गरिने । | सर्वे पश्चात मागका आधारमा | ० | ० | १ | ० | ० | १ | १ |
| ७ | गाँउपालिका तथा स्थानीय तहमा कार्यरत | युवा सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० | ३५० | ५०० |

BARBARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ग्रैह सरकारी सँस्थाहरु सँग समन्वय गरि युवाहरुलाइ सीप मुलक तालिम प्रदान गर्ने | | | | | | | | |
| ८ | सीप मुलक तालिम प्राप्त युवाहरुलाई व्यवसाय स्थापनार्थ सामाग्री सहयोग गर्ने। | युवा सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० |
| ९ | व्यवसाय स्थापना गर्न चाहने युवाहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन नगरमा साझेदारी कोषको स्थापना गर्ने। | पटक | ० | १ | १ | ० | ० | २ | ३ |
| १० | रोजगार प्रदायक सँस्थाहरु सँग समन्वय गरि तालिम प्राप्त युवाहरुलाइ स्वरोजगारका निम्ति समन्वय गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकासका लागि (Apprenticeship), इन्टर्नसिप र अन् द जब ट्रेनिङ्ग कार्यक्रम सञ्चालन गर्ने | सर्वे पश्चात मागका आधारमा | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

### ३.५.१ परिचय

शिक्षा सभ्य र सुसंस्कृत मानव जीवन पद्धतिको प्रमुख पूर्वाधार हो। यो मानव अधिकारको विषय पनि भएकाले सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चित गर्नु राज्यको दायित्व हो। औपचारिक शिक्षाबाट मात्र सबैलाई समय सुहाउँदो सार्वजनिक शिक्षाको सर्वसुलभ पहुँच नहुने हुँदा औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकावाट समय सापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो। अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ।

शिक्षा क्षेत्र योजना २०७७ ८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगत-आधा शताब्दीमा मुलुकमा भए गरेका परीक्षणहरू, विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरू तथा सबै सरोकारवालाहरूको सल्लाह र सुझावको आधारमा समय सापेक्ष सुधार गरिएको छ। अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानु पर्ने देखिन्छ।

अनौपचारिक लगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाई समेत समकक्षता प्रदान गरी गतिशीलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework- NQF)नेपाल सरकार मन्त्रिपरिषदबाट



BARBARDIYA

स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट (तत्कालीन अनौपचारिक शिक्षा केन्द्र) आधारभूत तहको समकक्षी अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयारी भइरहेको छ। राष्ट्रिय शिक्षा नीति – २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रको योजनाको यस खण्डमा सिङ्गो मुलुक एवम् बारबर्दियामा अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यसमा समावेश गरिएको छ।

### ३.५.२ वर्तमान अवस्था

सन् १९९४ मा दूर शिक्षा केन्द्रको स्थापना, वि. स. २००८ मा नन्दी रात्री मा.वि बाट खुलापद्धती अंगालेर SLC परीक्षाको सञ्चालन, प्रथम पञ्चवर्षीय योजना २०१३-२०१८ बाट प्रौढ साक्षरताको सुरुवात, २०६५/०६६ मा नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान सञ्चालन, २०६९ को साक्षर नेपाल अभियान आदि कार्यक्रमहरू नेपालमा बैकल्पिक पद्धतिबाट सम्पूर्ण ०७२-(विद्यालय बाहिर रहेका समेत नागरिकलाई शिक्षित बनाउनका लागि प्रभावकारी भूमिका खेल्ने कार्यक्रमहरू रहेका थिए र (प्रस्तुत कार्यक्रमहरूले उल्लिखित भूमिका निर्वाह गरेकोमा पनि कुनै सन्देह छैन। शिक्षा नियमावली २०५९ को परिच्छेद ९ र १० मा क्रमशःअनौपचारिक र दूर शिक्षा सम्बन्धी व्यवस्था भएको साथै पन्ध्रौ योजना ले समेत(०८१/२०८० -०७७/२०७६) "अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान र सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्नेरणनीति तय गरेको सन्दर्भलाई हेर्दा अनौपचारिक ", खुला र निरन्तर सिकाइले समाज सुधारमा उल्लेखनीय भूमिका निर्वाह गर्ने देखिन्छ।

हाम्रो मुलुकमा योजनाबद्ध विकासको सुरुसँगै २०१३ देखि नै अनौपचारिक शिक्षाको विकास र विस्तार हुँदै आएको छ। यस अन्तरगत मुख्य गरी आधारभूत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरोत्तर शिक्षा, साक्षरता अभियान लगायतका क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन्। मुलुकको संविधान, आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, क्षेत्रगत ऐन नियम तथा तीनै तहका सरकारको नीति कार्यक्रम तथा बजेटमा समेत अनौपचारिक शिक्षालाई प्राथमिकताका साथ राखिएको छ। शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि नेपालमा अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको गुणस्तरमा सुधार हुने नतिजाको अपेक्षा गरिएको थियो।

साक्षर जिल्ला घोषणा अभियानक ो क्रममा बारबर्दिया नगरपालिकाका साविकका गाविस र समग्र बर्दिया जिल्ला समेत २०७२ सालमा साक्षर घोषणा गरिएको देखिन्छ। त्यस अभियानमा १५ देखि ६० वर्ष उमेर समूहका मानिसहरूको साक्षरता दर ९५ प्रतिशत पुग्यो भने जिल्लालाई साक्षर घोषणा गर्न सकिने प्रावधान रहेको थियो। यस नगरपालिकामा २ वटा सामुदायिक सिकाई केन्द्रहरु सञ्चालनमा रहेका छन् । नगरपालिकाले समयसापेक्ष त्यंहा रहेका सामुदायिक सहजकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । हाल बारबर्दिया नगरपालिकाको सन्दर्भमा कुरा गर्नु पर्दा यस नगरपालिकामा ५ वर्ष भन्दा माथिको कुल जनसङ्ख्या ६६७७६ रहेको छ जसमा महिलाको जनसङ्ख्या ३५,६५४ रहेको छ भने पुरुषको जनसङ्ख्या ३१,१२२ रहेको छ। जसमध्य पढन तथा लेख्न दुबै जान्ने कुल जनसङ्ख्या ५२७९३ (७९ प्रतिशत) रहेको छ भने महिलाको

हकमा २६५३० (७४.४० प्रतिशत) तथा पुरुषको हकमा २६२६३ (८४.३८ प्रतिशत) रहेको देखिन्छ । **श्रोतः राष्ट्रिय जनसङ्ख्या २०७९**

अनौपचारिक शिक्षाका समग्र चुनौतीहरूको रूपमा सबै नागरिकलाई कार्यमूलक साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्ण साक्षर नगरपालिका घोषणा गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजले पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच उपलब्ध गराउनु, साक्षरतालाई आय आर्जन र निरन्तर शिक्षासँग आबद्ध गर्नु आदि मुख्य चुनौती रहेका छन् । अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागीहरूको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबिच समन्वयको अभाव, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता, स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतीका रूपमा रहेका छन् ।

बारबर्दिया नगरपालिकाका अनौपचारिक शिक्षा क्षेत्रका विशिष्ट चुनौतीहरूको रूपमा नगरपालिका भित्रका दुर्गम क्षेत्रमा बसोबास गरिरहेका र सिकाइको उमेर ढल्किसकेका व्यक्तिहरूलाई सिकाइको अवसर विस्तार गर्नु, निरक्षर व्यक्तिको तथ्याङ्क सङ्कलन र निजहरूलाई सिकाइका लागि स्रोत व्यवस्थापन गर्नु, सामुदायिक सिकाइ केन्द्रहरूलाई अनौपचारिक शिक्षाका निम्ति सक्रिय बनाउनु, कार्यक्रमको सफल कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु, शिक्षाका लागि समाजका हरेक तह र तप्काका व्यक्ति एवम् संस्थाको सहयोग र समर्थन प्राप्त गर्नु, कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त ज्ञान सिपलाई दिगो बनाउन उपयुक्त अवसरको सिर्जना गर्नु, सिकाइका लागि सिकाइ नभई सिकाइप्रति सिकारुको अपनत्व बोध गराउनु, एकपटक सिकिसकेपछि सोको निरन्तरताका लागि पुनसिकाइ कार्यक्रम सञ्चालन गर्नु :, प्रौढहरूमा 'सिकेर के हुन्छ र ?' भन्ने मनोभावना हटाइ सिकाइले जीवन सहज बनाउछ भन्ने तर्फ अभिप्रेरित बनाउनु, सिकारुको धर्म, संस्कृति आदि समेटेर उनीहरूकै मातृभाषामा सिकाइ सामग्रीको विकास गर्नु आदि रहेका छन् ।

वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरूको स्रोत सहितको प्रतिबद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सङ्घीय सरकारको दीर्घकालिन सोच, साक्षरता अभियान, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै गरेको स्थितिको अन्त्य गरी शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि अवसरको रूपमा लिन सकिन्छ ।

बारबर्दिया नगरपालिकाको सन्दर्भमा नगरपालिका पूर्ण साक्षर घोषणाको सङ्घारमा हुनु, पालिकासँग घरधुरी सर्वेक्षण २०७५ सम्पन्न भई साक्षर र निरक्षरको नामनामेसी विवरण हुनु, नगरपालिकामा धैरै पहिलेदेखि साक्षरताको क्षेत्रमा क्रियाशील हुदै आएका दुईओटा सिकाइ केन्द्रहरू लगायत अन्य सहयोगी विकास साझेदारहरूले सहयोग गरिरहेको अवस्था हुनु, नगरपालिका शिक्षा र साक्षरताको क्षेत्रमा लगानी गर्न प्रतिबद्ध हुनु आदिलाई यस नगरपालिकामा भएका अनौपचारिक शिक्षाका अवसरहरूको रूपमा लिन सकिन्छ ।

### ३.५.३ उद्देश्य र रणनीतिहरू

यस शिक्षा क्षेत्र योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्यअनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर नगरपालिका सहितको समुन्नत समाज निर्माण गर्ने रहेको र यस अन्तर्गतका उद्देश्य र उद्देश्य अनुसारका रणनीतिहरू देहायबमोजिम रहेका छन् ।

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै नगरवासी नागिरकहरूका लागि समावेसी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु | १ नगर क्षेत्र भित्र विभिन्न उमेर समूहका औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूको लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने।<br>२ साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गर्ने।<br>३ 'साक्षर अभिभावक हाम्रो गौरव' लाई साक्षरता अभियानसँग जोडेर आफ्नो सेवा क्षेत्रअन्तर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेको शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गर्ने।<br>४ नागरिक समाज, आमा समूह, बालक्लब युवाक्लब तथा अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका सुनिश्चितताको घोषणा गर्ने।<br>५ कुनै पनि कक्षाका विद्यार्थीहरूका घरपरिवारका निरक्षर सदस्यहरूलाई साक्षर बनाउने गरी त्यस्ता विद्यार्थीहरूलाई परियोजना कार्य र प्रयोगात्मक कार्य दिने व्यवस्था गर्ने। |
| २ | अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु। | १. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको निम्ति नागरिकहरूलाई अभिप्रेरित गर्ने।<br>२. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गर्ने।<br>३. नवसाक्षरहरूका लागि खुला विद्यालय, वैकल्पिक विद्यालय, पेसागत विद्यालय, व्यावसायिक विद्यालय आदि सञ्चालन गर्ने विद्यालय संरचना र संयन्त्र प्रयोगमा प्रोत्साहन गर्ने। |
| ३ | पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्नु। | १. पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडास्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गर्ने।<br>२. सामुदायिक सिकाई केन्द्रलाई प्रत्येक वडामा आबद्ध तथा विस्तार गरेर प्रविधिमैत्री बनाई सिकाइका अवसर प्रदान गर्ने।<br>३. सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाई समुदायमा रहेका नवसाक्षर व्यक्तिहरूलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गर्ने। |
| ४ | अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री | १. नगरपालिकामा शिक्षा, युवा तथा खेलकूद शाखा अन्तर्गत रहने गरी अनौपचारिक शिक्षा इकाईको स्थापना गरी कार्यान्वयन गर्ने।<br>२. स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरूलाई |

BARBARDIYA

| | | |
|---|---|---|
| | निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबिचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु। | क्षमता र योग्यतानुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिने छ। त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।<br>३. अनौपचारिक शिक्षालाई आवश्यकता अनुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई–पत्राचार आदिको माध्यमबाट सञ्चालन गर्ने। |
| ५ | औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्नु। | १. राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास गरी कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्ने।<br>२. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका डिजिटल सिकाइ सामग्री विकास गरी उपयोगमा ल्याउन सङ्घ र प्रदेश सरकारसँग समन्वय गर्ने।<br>३. सङ्घ, प्रदेश र स्थानीय सरकारलगायत साझेदार निकायबिच समन्वय, सहजीकरण तथा राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन गर्न सङ्घदेखि स्थानीय तहसम्म नै एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गर्ने।<br>४. अनौपचारिक एवम् आजीवन सिकाइका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच स्रोत साझेदारीको प्रारूप विकास गरी लागु गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>५. मौलिक एवम् पम्परागत सिप र शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गर्ने।<br>६. औपचारिक,अनौपचारिक र अतिरिक्त शिक्षाकाबिच अन्तरसम्बन्ध स्थापित गर्नका लागि सामुदायिक सिकाइ केन्द्रलाई पुलको रूपमा विकास गरी कार्यक्रम सञ्चालन गर्ने। |

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

१. नगरपालिकाका सबै नागरिकहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भई यसकै कारण उनीहरूको जीवनस्तरमा सकारात्मक प्रभाव परेको हुनेछ।

#### ख) नतिजा

| क्रसं | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बारबर्दिया नगरपालिका पूर्ण साक्षर नगरपालिकाको रूपमा घोषणा भई नवसाक्षर र शिक्षालाई | ० | ० | ० | ० | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निरन्तरता दिन चाहनेहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध भएको हुने। | | | | | | |
| २ | सिकारुको आवश्यकताअनुसार आजीवन सिकाइका नमुना मोड्युलर सिकाइ सामग्रीहरू विकास भई कार्यान्वयन भएको हुने। | ० | ० | १ | १ | १ | १ |
| ३ | कक्षा ९ मा अध्ययनरत सतप्रतिशत बालबालिकाहरुलाई जीवन उपयोगी सत्रको कक्षा सञ्चालन भएको हुने | ० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | गाउँपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्र )Lifelong Learning Hub) का रुपमा विकास हुने। | ० | १ | १ | १ | १ | १ |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार भई कार्यान्वयन भएको हुने। | ० | ० | १ | ० | ० | ० |

### ३.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | माध्यामिक तह तथा आधारभूत तहमा अध्ययनरत किशोर किशोरीहरुलाई परियोजना कार्य मार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गर्ने। | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क IEMIS मा अद्यावधिक गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय पँहुचको लागी वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ४ | 'साक्षर अभिभावक हाम्रो गौरव' लाई साक्षरता अभियानसँग जोडेर विद्यालय सेवा क्षेत्र अन्तर्गतका सबै अभिभावकलाई साक्षर | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बनाउनका लागि टोल र वडामा रहेका शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी आदिलाई परिचालन गरिने | | | | | | | | |
| ५ | स्थानीय तह अन्तर्गत सञ्चालित रोजगार तथा आयमुलक कार्यक्रमहरुमा विद्यालय बाहिर रहेका किशोर किशोरीहरुलाई समावेश गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | नगरपालिकालाई पूर्ण साक्षर सुनिश्चितताको घोषणा गरिने | पटक | ० | ० | १ | ० | ० | १ | निरन्तर कार्यान्वयन |
| ७ | नगरपालिकाको कम्तीमा एउटा सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफसञ्चालन र सेवा प्रवाह गर्ने .एम . बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिने | सिकाई केन्द्र | ० | १ | ० | ० | १ | २ | |
| ८ | साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री स्थानीय भाषाका सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | सामुदायिक पुस्तकालयहरूको स्थापना र सञ्चालनलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | ० | १ | ० | ० | १ | २ | सबैको रोहबरमा वडा छनोट |
| १० | विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट आफ्नो परिवारका निरक्षर सदस्यहरूलाई साक्षर बनाउनका लागि परियोजना एवम् प्रयोगात्मक कार्य सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ७ |
| ११ | माध्यामिक विद्यालयको कक्षा ९ मा सामाजिक विषय अध्यापन गराउने शिक्षक शिक्षिकालाई जीवन उपयोगी सिप तालिम सञ्चालन | शिक्षक | ० | १६ | ० | ० | ० | १६ | ३२ |
| १२ | तालिम प्राप्त शिक्षक शिक्षिकाले कक्षा ९ का बालबालिकाहरुलाई जीवन उपयोगी सत्र कक्षा सञ्चालन | विद्यालय | ० | ८ | ८ | ८ | ८ | ८ | ८ |
| १३ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयार गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ |

## परिच्छेद :४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### पृष्ठभूमी

प्रस्तुत यस परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ जस्तामुख्य उपक्षेत्रहरुसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरु जस्तैः पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सामाग्री तथा मुल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास, शैक्षिक समता र समावेशिकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पूर्वाधार विकास तथा विद्यालयमा सुचना तथा सञ्चार प्रविधि समावेश गरी विश्लेषण गरिएको छ। यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरु उल्लेख भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरुले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा  विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुर्याउने काम गर्दछ।

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम औपचारिक शिक्षाको बाटो हो। यही बाटोमा मानिसलाई समुन्नति शिखरमा पुर्‍याउने औपचारिक शिक्षा रुपी साधन हिड्ने गर्दछ वा शिक्षा हिड्नु पर्दछ। कुनै मुलुक वा प्रदेश वा पालिका वा विद्यालयको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्दछ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले तय गर्दछ। यत्ति मात्र नभई पाठ्यक्रमले उक्त बाटोमा सिकारुलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत पाठ्यक्रमले व्याख्या गर्दछ। पाठ्यक्रमले देखाएको बाटोमा सिकारु हिड्न सके नसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित बाटोमा हिडेको भएमा सिकारुलाई पाठ्यक्रमले नै तोकेको बाटोमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ। यसरी पाठ्यक्रम र मूल्याङ्कन एउटै सिक्काका दुईपाटा भएर काम गरिरहेका हुन्छन्। अर्को शब्दमा भन्नुपर्दा मूल्याङ्कनको पाटोलाई समेत पाठ्यक्रमले आफूमा समाहित गरेर पाठ्यक्रम अघि बढ्ने गर्दछ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। यसका साथै पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य, मान्यता तथा व्यवहारलाई सान्दर्भीकरणसहित आत्मसात् गर्न; विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ। मानवीय आवश्यकता, सिकारुको रुचि, सामाजिक मूल्य, मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधिअनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ।

शिक्षा क्षेत्र योजनाको प्रस्तुत खण्डमा नेपालमा विद्यालय तह पाठ्यक्रम विकास (सम्मको १२ बालविकास शिक्षादेखि कक्षा), कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरिएको छ। उच्च शिक्षाको पाठ्यक्रम र मूल्याङ्कनका सवालहरूलाई समेत सतहमा उठान गरिएको छ। पाठ्यक्रम र सन्दर्भ सामग्रीको सवालमा बारबर्दिया नगरपालिकाका

प्रयासहरूलाई सन्दर्भ अनुसार जोड्ने काम समेत गरिएको छ। पाठ्यक्रमको सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ। पहिचान गरिएका चुनौती र अवसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा बारबर्दिया नगरपालिकामा पाठ्यक्रम र मूल्याङ्कनलाई अझ सान्दर्भिक बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ।

### ४.१.२ वर्तमान अवस्था

शिक्षाका अधिकांश सरोकारवालाहरू अहिले पनि पाठ्यक्रमतिर भन्दा पनि पाठ्पुस्तकतिर बढी चासो राखिरहेका हुन्छन्। मिडियाले समेत पाठ्यपुस्तक सम्बन्धित विद्यालयमा पुगे नपुगेको कुरालाई प्रमुख खबर बनाइरहेको हुन्छ। अरूका त कुरै टाढा भयो, कतिपय शिक्षकहरूले समेत पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई प्राथमिकतामा राखी पठनपाठन गरेका तथ्यहरू भेटिन्छन्। यसो हुनुमा पठनपाठन सुरु भएको केही दशक नाघिसकेपछि मात्रै औपचारिक रूपमा हाम्रो मुलुकमा पाठ्यक्रमको जन्म भएको सन्दर्भले भूमिका निर्वाह गरेको हुनसक्छ। यसकारण कि शिक्षक, विद्यार्थी र शिक्षाका सरोकारवालाहरूले पाठ्यक्रमलाई भन्दा पनि पहिले पाठ्यपुस्तकलाई देख्ने मौका पाए। नेपालमा वि.सं.  २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो।

पाठ्यक्रम विकास केन्द्रको स्थापना र यसको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा विमा राष्ट्रिय पाठ्यक्रम  २०६३ .सं. पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि देखि २०७७ .सं.कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि २०८० .सं.देखि विद्यालय तहका सबै कक्षाहरूमा लागु गरिएको छ।

यसरी कार्यान्वयन भएको पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकिने व्यवस्था गरिएको छ।

पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ। विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ। विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Based) मा निर्धारित गरिएको छ। विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सोअनुरूप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ। यसका लागि शिक्षकको तयारी, क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जबाफदेहिता ज्यादै महत्त्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ। विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ। प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ।

पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्याङ्कनलाई सँगसँगै हिडाँउन अपेक्षाकृत सकिएको छैन। निरन्तर मूल्याङ्कनले यसको मर्म अनुरूप व्यवहारमा प्रयोग हुन नसकिरहेको अवस्था छ। शिक्षण सिकाइ क्रियाकलापसँगसँगै मूल्याङ्कन पनि हिड्नु पर्नेमा मूल्याङ्कनको गति अलि ढिला भएको छ। त्यसमा पनि निर्माणात्मक मूल्याङ्कन त थला परेर हिड्न नसकेको हो कि झै महसुस भइरहेको छ। त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरुआत गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ। यति हुँदाहुदै पनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गरेर सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ।

कक्षा ८, १० र ११मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित १२/, बैध र विश्वसनीय बनाउनु पर्ने छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षणसम्बन्धी कार्य चरणबद्ध रूपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका निम्ति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ। समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुऱ्याउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्नुपर्ने भएको छ। विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन।

पूर्वीय दर्शनमा आधारित शिक्षा, मातृभाषा तथा स्थानीय विषय, संस्कृतलगायत शास्त्रीय भाषा शिक्षाका लागि कानुनी तथा नीतिगत आधारहरू तयार भई मैालिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै स्थानीय तह तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरिएको छ। सम्बन्धित क्षेत्र वा विषयका यथेष्ट रूपमा विज्ञ पहिचान र परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन्। प्राविधिक माध्यमिक शिक्षा, केही परम्परागत शिक्षा तथा स्थानीय पाठ्यक्रमबाहेक अन्य सबै विषयमा पाठ्यक्रमअनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरूबाट लेखाइ मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निजी मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्री वितरण हुने व्यवस्था रहेको छ।

नेपाल सरकारले स्थानीय तहमार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १—१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। विकल्पविहीन र प्रतिस्पर्धाविना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई नकार्न सकिन्न। विगत केही बर्षदेखि कक्षा १—३ मा प्रारम्भ गरी कक्षा १—५ सम्म पुऱ्याइएको रङ्गिन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ। यसका लागि पुस्तक डिजायन र मुद्रणमा सुधार आवश्यक देखिन्छ। त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ।

अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भएको, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ ले पनि सोही कुरा उल्लेख गरेको र यस सम्बन्धमा निर्देशिकामा प्रक्रिया उल्लेख गरिए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन। निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित पुस्तकहरूमा पनि प्रतिस्पर्धात्मक रूपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचीकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरू पनि प्रयोग हुनसक्ने देखिन्छ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेबसाइटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरू भने कार्यक्रम लागु भएका विद्यालयमा पुऱ्याइएको छ। अधिकांश बाल सन्दर्भ सामग्रीहरूको उपलब्धता र प्रयोग सीमित छ भने कतिपय सामग्री अध्यावधिक गर्नुपर्ने पनि छन्। यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १–५ का लागि विभिन्न २७ मातृभाषाका पाठ्यक्रमहरु तयार गरेको छ भने केही मातृभाषामा कक्षा १–३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरू पनि तयार गरेको छ। एकातिर सीमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामग्री विकासमा चुनौती रहेको छ भने अर्कोतिर मातृभाषाका पाठ्यसामग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन।

पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टल (e-Learning Portal) मा उक्त सिकाइ सामग्रीहरू राखिएका छन्। माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेबसाइटमा राखिएका छन्।

स्थानीय तहहरू अहिलेको परिवर्तित परिवेशमा स्थानीय पाठ्यक्रम निर्माणको लागि जुटिरहेको देखिन्छ। आफ्नो पालिकामा उपलब्ध विषय वा पाठ्यक्रम विज्ञ एवम् सो नभए अन्य प्रदेश वा राष्ट्रिय स्तरबाट पनि विज्ञको व्यवस्था गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने कार्य भइरहेको छ। यस्तैमा एउटा ज्वलन्त नमूनाको रूपमा रहेको नगरपालिका बारबर्दिया नगरपालिका हो। यसपूर्व स्थानीय वा ऐच्छिक विषय भनेर अङ्ग्रेजी भाषालाई अध्यापन गरिरहेका विद्यालयहरूले अहिले स्थानीय तहले बनाएको पाठ्यक्रमको आधारमा स्थानीय भाषा, सिप, पेसा, व्यवसाय, पर्यावरण, पर्यटन, प्रविधि, परम्परा, संस्कृति, पूर्वीय दर्शन, सामाजिक मूल्य मान्यता आदि जस्ता विषयवस्तु समेटेर तयार गरिएको बारबर्दिया गौरवनामको स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिरहेको अवस्था छ।

बारबर्दिया नगरपालिकाले पाठ्यकमको आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू पनि लेखन एवम् प्रकाशन गर्ने कामलाई तिब्रता दिएको छ। यसै सन्दर्भमा बारबर्दियामा शैक्षिक सत्र २०७८ मा कक्षा १, २, ३ र ६ मा स्थानीय पाठ्यपुस्तक समेत तयार गरी पठनपाठन सुरु गरिएको छ भने शैक्षिक सत्र २०७९ मा  कक्षा ४, ५, ७ र वि. सं. २०८० मा कक्षा ८ मा लागू गरिएको छ। कोभिड १९ को कारण विद्यालयहरू बन्द भएको अवस्थामा घरमै बसेर अध्ययन गर्नका लागि बारबर्दिया नगरपालिकाले स्वाध्ययन सामग्री प्रकाशन गरेर विद्यार्थीहरूलाई वितरण गरेको थियो। राष्ट्रिय शिक्षा नीति २०७६ले प्रदेशस्तरका विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरणका साथै विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन गर्ने जिम्मेवारी प्रदेश तहको हुने भनी किटान गरिएको भएतापनि यो जिम्मेवारीमा प्रदेश सरकारले आफूलाई क्रियाशील बनाउन अझै बाँकी देखिएको छ। यो मामलामा प्रदेशभन्दा स्थानीय तहहरू क्रियाशील भएको अवस्थालाई सकारात्मक किसिमले लिन सकिन्छ।

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था गर्नु, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि स्थानीय तहको क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु, पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु, पालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु, बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी भाषाको छनोट गर्नु, विशेषतप्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार : मातृभाषा, स्थानीय भाषा, बहुभाषा आदिको प्रयोग गर्नु, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन गर्नु, अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्नु, मूल्याङ्कनलाई व्यावहारिक र प्रयोजनमूलक बनाउनु आदि पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

यसका अतिरिक्त शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चित गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञा तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान राष्ट्रिय ) गर्नु (योग्यता प्रारूपको कार्यान्वयन, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु, अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइको लागि सिप प्रविधि र पहुँमा विस्तार गर्नु, पाठ्यक्रम विकास, परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु आदि समेतलाई पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

यसका साथै उच्च शिक्षाको पाठ्यक्रम समय अनुसार परिवर्तन र परिमार्जन गर्नु, उच्च शिक्षाको पाठ्यक्रम परिवर्तन र परिमार्जन प्रक्रियालाई सरल बनाउनु, पाठ्यक्रम परिवर्तन गर्दा धरातलीय आवश्यकतालाई भन्दा विश्वव्यापीकरणका विषयले प्रश्रय पाउनु, विश्वविद्यालयपिच्छे पाठ्यक्रम फरक हुनु, पाठ्यक्रमको मर्म मुताविक शिक्षण सिकाइ क्रियाकलापहरूमा परिमार्जन गर्नु, शिक्षकले गर्नु पर्ने भनी पाठ्यक्रमले तोकेका विद्यार्थीको मूल्याङ्कन पद्धतिलाई बस्तुनिष्ठ बनाउनु, परिवर्तित र परिमार्जित पाठ्यक्रम एवम् मूल्याङ्कन प्रणालीको सम्बन्धमा शिक्षकहरूलाई प्रवोधिकरण गर्नु, आदि उच्च शिक्षाको तहमा पाठ्यक्रम र पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङकन प्रणालीमा कण्ठ गर्ने किसिमको सङ्ज्ञानात्मक पक्षभन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको आरम्भ हुनु, मूल्याङ्कन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुँदै जानु, स्थानीय ज्ञान, सिप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने कार्यको आरम्भ हुनु, तुलनात्मक रूपमा पहिलेको भन्दा पाठ्यपुस्तक छपाइ, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु, पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, पहिले जस्तो पाठ्यपुस्तकमा आधारित नभई अवका शिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको प्रकाशनमा बढोत्तरी हुँदै जानु, विभिन्न मातृभाषामा पाठ्यपुस्तक र सन्दर्भसामग्रीहरू प्रकाशन हुँदै जानु, वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भसामग्रीका इकपिहरू पढ्न मिल्ने गरी उपलब्ध हुँदै जानु, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विद्यालयहरूमा बालबालिकाहरूका निम्ति कक्षाकोठाहरूमा सन्दर्भ सामग्रीहरूसहितका बुककर्नरहरूको व्यवस्था हुनु बारबर्दिया लगायतका पालिकाहरूले आफ्नै परिवेश अनुकुलको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था हुनु जस्ता पक्षहरूलाई पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा देखिएका अवसरहरूको रूपमा लिन सकिन्छ ।

### ४.१.३ उद्देश्य र रणनीतिहरु

योजनाले पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कनका सवालमा तय गरिएका उद्देश्य र उद्देश्य अन्तर्गतका रणनीतिहरु निम्न अनुसार रहेका छन् :

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्क्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी गर्नु। | १. पाठ्यक्रमलाई समयसापेक्ष,सान्दर्भिक,गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध र समुन्नत नगरपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनुका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारको विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र कार्यान्वयनको मूल्याङ्कन आवधिक रूपमा गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्ने सवालमा प्रदेश र संघसँग सहकार्य गर्ने।<br>२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयन गर्ने र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ। विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गर्ने।<br>३. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न नगरपालिकाले आफ्नो तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवारी र जवाफदेहिताको विकास गरिने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोश निर्माण,तथा लेख्य परम्पराको विकास गर्ने कार्यको आरम्भ गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गर्ने।<br>४. मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि नगरपालिकाको सक्षमतालाई प्रभावकारी बनाउने।<br>५. सङ्घीय सरकार र प्रदेश सरकारको सहयोग सहकार्यका आधारमा नगरपालिकामा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि मौजूदा संरचना पुनरवलोकन गर्ने।<br>६. सङ्घीय सरकार र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्ने। |

BARABARDIYA

| | | |
|---|---|---|
| २ | पूर्वीय दर्शन, मानवीय मूल्यमान्यता र आदर्शलाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित किसिमबाट विकास गरी कार्यान्वयन गर्नु। | ७ पूर्वीय दर्शन, मानवीय मूल्य मान्यता र आदर्शका साथै ज्ञानमा आधारित समाज,सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक,सामाजिक,सांस्कृतिक,राजनीतिक,आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिनुका साथै विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गर्ने सवालमा प्रदेश र संघसँग सहकार्य गर्ने।<br>८ स्थानीय तहबाट निर्माण गरिने पाठ्यक्रम र सन्दर्भ सामग्रीहरू स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवतामा आधारित र पूर्वीय दर्शनमा आधारित बनाई निर्माण एवम् कार्यान्वयन गर्ने। |
| ३ | सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु। | ९ वैकल्पिक सिकाइका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत्, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार,शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाउदै लगने<br>१० पाठ्यक्रम, पाठ्यसामग्री लगायत अन्य सन्दर्भ सामग्रीहरूको विकास र कार्यान्वयनको क्रममा स्टेमलाई उच्च प्राथमिकता दिएर तदनुरूपको शिक्षण सिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र परियोजना कार्यहरू सञ्चालन गर्ने। |
| ४ | पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु। | ११ तीव्र गतिमा भइरहेको ज्ञान विज्ञान र प्रविधिको परिवर्तन र विकासलाई सम्बोधन र समावेश हुने गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल, चुस्त र छरितो बनाउन प्रदेश र संघसँग सहकार्य गर्ने।<br>१२ परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित,लैङ्गिक तथा अपाङ्गमैत्री बनाई सूचना,सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ। प्रारम्भिक कक्षाहरूको शिक्षण सिकाइमा पाठ्यपुस्तकको प्रयोगलाई न्यूनीकरण गर्ने।<br>१३ प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग,थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्ने। |
| ५ | सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै | १४ शिक्षण सिकाइ भन्दा परीक्षालाई महत्त्व दिने हाम्रो संस्कारलाई परिवर्तन गरी सिकेको प्रमाणित भइसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणालीको विकास गर्ने। |

BARABARDIYA

| | | |
|---|---|---|
| | प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु । | १५ विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, बस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुनेगरी परिमार्जन गर्ने । |
| ६ | कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभई पाठ्यक्रममा आधारित बनाउनका लागि शिक्षालयको वातावण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु । | १६ शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिटाइज अनलाइन सिकाइ पोर्टलमार्फत् सर्वसुलभ गर्ने ।<br>१७ पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता तथा अनुसन्धाता आदिको सहभागिता र भूमिकामा वृद्धि गर्ने ।<br>१८ पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा नयाँ विकसित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने वा विकास गर्नुपर्ने सक्षमता यकिन गरी उनीहरूको पेसागत सक्षमता विकास योजनासमेत समावेश गरी पाठ्यक्रम कार्यान्वयन पूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाउने ।<br>१९ सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।<br>२० सबै सामुदायिक विद्यालयमा सूचना,सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याउने । |
| ७ | स्तरीय र सिकारुमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको लेखन र प्रकाशन गरी विद्यालय र विद्यार्थीहरूलाई सहज किसिमले उपलब्ध गराएर पठन संस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु । | २१ बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिनेछ । यसका लागि विशेषत:प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथिमकता दिने ।<br>२२ स्थानीय तहबाट समेत प्रकाशन हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गरिने छ । कागज तथा छपाइको गुणस्तरसमेत सुधार गरी बहुवर्ष प्रयोगको सम्भाव्यता परीक्षण गरिनेछ । यसका साथै पाठ्यक्रममा आधारित शिक्षणसिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने । |
| ८ | पालिकास्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु । | २३ सङ्घीय संरचनाअनुसार स्थानीय तहको सरकारबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने । |

| | | |
|---|---|---|
| | | २४ राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार स्थानीय स्तरमा विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता र जिम्मेवारीको विकास गर्ने। <br>२५ विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउदै लगिने। <br>२६ विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउँने। |

## ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

विद्यालय तह र उच्च शिक्षाको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग भएको हुनेछ।

### ख) नतिजाहरु

| क्र.सं | सूचक | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम लागु भएको विद्यालय प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सीपहरू कार्यान्वयन गर्ने विद्यालय प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | विद्यालय तहको स्थानीय पाठ्यक्रम अध्यावधिक तथा कार्यान्वयन भएको हुने | ० | १ | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालयको प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | मातृभाषामा आधारीत शिक्षण सिकाई क्रियाकलाप सञ्चालन भएको विद्यालयको प्रतिशत | ० | ० | २५ | ५० | ७५ | १०० |
| ६ | जिवनपयोगी सिप सिकाउन नियमित पाठ्यक्रमका अतिरिक्त १ घण्टाको ब्यवहारिकमूलक सीपको पठनपाठन भएको विद्यालयको प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक |
|---|---|---|---|---|

BARBARDIYA

| .सं. | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम र शैक्षणिक योजना सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | ० | १ | ० | ० | १ | २ | ३ |
| २ | प्रारम्भिक कक्षाका शिक्षकहरुलाई शैक्षिक सामाग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | ० | ० | ३ | ५ |
| ३ | स्थानीय मातृभाषाको पाठ्यक्रम अद्यावधिक तथा पाठ्यपुस्तक विकास | पटक | ० | १ | ० | ० | १ | २ | २ |
| | मातृभाषामा आधारीत शिक्षण सिकाई सम्बन्धि क्षमता विकास | पटक | ० | १ | १ | १ | ० | ३ | ५ |
| ४ | अपाङ्गता भएका बालबालिकाहरुजका लागि उपयुक्त पाठ्यसामग्रीको विकास र वितरण | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| ५ | कक्षा १-३ मा व्यवहार कुशल सीप सहित एकीकृत पाठ्यक्रम लागू | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ६ | नगरपालिका स्तरमा पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना हुने | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ९ | CB-EGRA सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरू स्रोतहरूले गति लिने गर्दछन्। शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

हाम्रो मुलुकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू ले गरिरहेका छन् (उच्च मावि)। शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन्।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस नगरपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा केही सकारात्मक कामहरू भएको देखिए तापनित्यसकोसँगसँगैचुनौतिहरू पनि देखिएका छन्।अतः यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस नगरपालिकाको सन्दर्भमा शिक्षक व्यवस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावलीअनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १३०:, पहाडी भेगमा १४० र तराई तथा काठमाडौँ उप:त्यकामा १५० रहेको छ:।

यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ।

बारबर्दिया नगरपालिकामा आधारभूत तहमा जम्मा स्विकृत राहत तथा दरबन्दी शिक्षक गरि २४० जना शिक्षक रहेका छन् जस मध्य महिला ७३ जना रहेका छन् भने पुरुष शिक्षक १६७ जना रहेका छन्। त्यसै गरी माध्यामिक तहमा जम्मा ४२ जना शिक्षक रहेका छन् जसमध्य महिला शिक्षक ७ तथा पुरुष शिक्षक ३५ जना रहेका छन्। यही अनुपातलाई आधार मान्दा बालविकास केन्द्रमा विद्यार्थी शिक्षक अनुपात १९ रहेको छ, त्यसैगरी आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा ६-८, माध्यामिक तह कक्षा ९-१० तथा माध्यामिक तह कक्षा ११-१२ मा क्रमश २६, ७०, ७९ तथा ८९ रहेको छ। यो विद्यार्थी शिक्षक अनुपात गणना गर्दा स्विकृत राहत तथा दरबन्दी शिक्षकहरुलाई मात्र गणना गरिएको छ। शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गर्दै नगर शिक्षक अनुदान तथा शिक्षण सहयोग अनुदान मार्फत जम्मा १२१ जना शिक्षकहरु बारबर्दिया नगरपालिकाले नियुक्त गरेको छ।

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति

शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा सङकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रूपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरूमा तहगत रूपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी निरन्तर स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू हुन् ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेसागत संस्थातिर नभई विशुद्ध पेसाको उन्नयनमा सहयोग पुऱ्याउने गरी सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी बनाउनु आदि पनि शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरू नै हुन् ।

शिक्षक सेवा आयोगले निरन्तर रूपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदन अनुसार दरबन्दी मिलानका कार्यहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारूपअनुसार पेसागत विकासका तीनओटै तरिकाहरू कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु, शिक्षकका पेसागत संस्थाहरू प्रविधि तथा अन्य पेसागत विकास सम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजीकरणमा अभिप्रेरित देखिनु,नगरपालिकाले आफ्नै स्रोतबाट नपुग भएका शिक्षक दरबन्दीको व्यवस्थापन गरी कामकाजमा लगाउनु, प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गर्नु आदि यस क्षेत्रका अवसरहरू रहेका छन् ।

## ४.२.३ उदेश्य र रणनीतिहरु

योजनाले शिक्षक व्यवस्थापन र विकासका सवालमा तय गरिएका उद्देश्य र उद्देश्य अन्तर्गतका रणनीतिहरु निम्न अनुसार रहेका छन् :

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु । | १. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्ने ।<br>२. विषयवस्तुका अतिरिक्त शिक्षण पेसाप्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसाबले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी सङ्घीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्नका लागि सुझाव दिने ।<br>३. पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित प्र.अ.तथा शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाई लागु गर्ने । |

| | | |
|---|---|---|
| २ | शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ गर्नु । | ४ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतीक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्य गर्ने । |
| ३ | नपुग शिक्षक दरबन्दीमध्ये राष्ट्रिय शिक्षा नीतिअनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानुन बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु । | ५ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गर्ने ।<br>६ शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार बेहोर्ने गरी कानुनबमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरूको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरूको नियुक्ति र पदस्थापन गर्ने । |
| ४ | सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपुण शिक्षकको सुनिश्चितता गर्नु । | ७ प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४–८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गर्ने सवालमा प्रदेश र संघ सरकारसँग सहकार्य गर्ने ।<br>८ वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुँदै पुनरावलोकन गर्ने । |
| ५ | शिक्षक बैङ्कको स्थापना गर्न प्रत्येक वर्षको चैत्र मसान्तमा विज्ञापन गरी रोष्टर शिक्षक सुनिश्चित गर्नु । | ९ शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धतिको विकास गर्न शिक्षक बैङ्कको स्थापना गरी कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने । |
| ६ | शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु । | १० प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य गर्ने ।<br>११ स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्न यसकालागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्न स्थानीय तहसँग सहकार्य गर्ने । |
| ७ | आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु । | १२ पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी गर्नु ।<br>१३ शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनका लागि शिक्षक तथा कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धति सम्बन्धित विद्यार्थीको सिकाइ सुधारसँग प्रधानाध्यापकको वृत्ति विकासलाई सुधार गर्नका लागि स्थानीय तहसँग सहकार्य गर्ने ।<br>१४ कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाई सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने । |
| ८ | सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी | १५ शिक्षकहरूको साझा सङ्गठनको रूपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेसागत सहयोग र विकासका निम्ति क्रियाशील |

| | | |
|---|---|---|
| | सान्दर्भिक र प्रभावकारी बनाउँन संघ सरकारसँग सहकार्य गर्ने। | बनाउनका लागि सङ्घ एवम् स्थानीय तहसँग सहकार्य गर्ने।<br>१६ शिक्षकको सेवा, सर्त, सुविधा, प्रोत्साहन,बढुवा लगायतका वृत्ति विकासका लागि पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने।<br>१७ सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर पठनपाठन नियमित गर्नका लागि सट्टा शिक्षकको व्यवस्था गर्ने।<br>१८ सेवानिवृत्तका लागि स्वेच्छिक रूपमा अवकाश हुन चाहने शिक्षकहरूलाई विशेष प्रोत्साहनको व्यवस्था गर्ने। |

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइ सक्षमता सुधार हुनेछ।

१. नियमित र औचित्यताका आधारमा दरबन्दी मिला भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ।

**प्रमुख नतिजाहरु**

| क्र.सं | सूचक | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षकहरुले तोकिएको शैक्षिक योग्यता प्राप्त गर्ने प्रतिशत | ० | ५० | ६० | ७० | ८० | ९० |
| २ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको विद्यालय प्रतिशत | ० | ५० | ६० | ७० | ८० | ९० |
| ३ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुर्नवितरण हुने विद्यालय सङ्ख्या | २० | ५ | ५ | ५ | ४ | ३ |
| ४ | विद्यालयमा प्रधानाध्यापक छनौटका निम्ति निर्देशिका तयार भएको हुनेछ। | ० | ० | १ | ० | ० | ० |
| ५ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षकको सख्या शतप्रतिशत भएको हुने। | ० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षककोसख्या शतप्रतिशत भएको हुने। | ० | १०० | १०० | १०० | १०० | १०० |
| ७ | शिक्षकहरुको विषयगत समित गठन भई नियमित सिकाई आदान प्रदान भएको हुने। | ० | ६ | ६ | ६ | ६ | ६ |

BARABARDIYA

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० ) (वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन, दण्ड, पुरुस्कारका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| २ | शिक्षक दरबन्दी मिलान तथा पुनः वितरण | पटक | ० | १ | १ | ० | ० | २ | ४ |
| ५ | बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिकको सुनिश्चितता | वर्ष | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | बाल विकास शिक्षकलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड कार्यान्वयन सम्बन्धि १० दिने तालिम | पटक | १ | १ | ० | ० | ० | २ | ३ |
| ७ | बालविकास शिक्षकहरुका लागि पुनर्ताजगी तालिम | पटक | ० | ० | ० | १ | १ | २ | ४ |
| ८ | सिकाइ आपूरण तथा द्रुत सिकाइ सम्बन्धि शिक्षकहरुको क्षमता अभिवृद्धि ReAL | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | नव प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| ११ | शिक्षकले प्रत्येक शैक्षिक सत्रमा कार्यमूलक अनुसन्धान गर्ने र उत्कृष्ट अनुसन्धानलाई पुरस्कृत र प्रकाशित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | प्रधानाध्यापकबाट छनौट निर्देशिका निर्माण गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| १५ | सहपाठी कक्षा अवलोकन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

BARABARDIYA

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० ) (वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १६ | नगरपालिकामा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले विद्यालयको असल तथा अनुकरणीय अभ्यास प्रस्तुत गर्ने | मासिक | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| १८ | सूचना तथा प्रविधिमा आधारित सिकाइका लागि छोटो अवधिको अनलाईन तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ७ |
| १९ | प्रधानाध्यापक तथा फोकल पर्सनलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीसम्बन्धि छोटो अवधिको तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ७ |
| २० | शैक्षिक अवलोकन भ्रमण | पटक | ० | १ | ० | १ | ० | २ | ५ |
| २२ | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग र विव्यसले पालिकासँग करार सम्झौता गरी कार्य गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २३ | विषयगत समितिहरुको त्रैमासिक रुपमा बैठक बसि सिकाई आदान प्रदान गर्ने | पटक | २४ | २४ | २४ | २४ | २४ | १२० | २४० |
| २४ | वि.व्य.स शिक्षक सँघ तथा जनप्रतिनिधिहरु बिच त्रैमासिक रुपमा छलफल आयोजना गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

## ४.३ शैक्षिक समतामूलक समावेशिकरण र मनोसामाजिक परामर्श

### ४.३.१ परिचय

सामान्य किसिमले हेर्दा संसारमा भएका सबै मानिसहरू एकैकिसिमका जस्ता देखिन्छन्। सबैका शरीरका अङ्ग र इन्द्रियहरू उस्तै छन् र ती अङ्ग र इन्द्रियहरूले गर्ने काम पनि उस्तै छन्। शरीरभित्रका प्रणालीहरूले गर्ने काम पनि उस्तै हुन्। यत्ति हुँदाहुदै पनि

BARABARDIYA

मानिसहरू एकअर्कासँग हुबहु मिल्दैनन्। देख्ने बित्तिकै सबै मानिसहरूको बिचमा भिन्नता देखिन्छ। त्यसैले पनि अहिलेसम्म संसारका कुनै आमा पनि आफ्नो सन्तति कुन हो भनेर द्विविधामा परेको अवस्था छैन। करोडौंको मात्र होइन अरबौंको भिडमा पनि मानिसहरू प्रष्ट चिनिन्छन्। यसप्रकार जसरी बाहिर हेर्दा मानिसहरू फरक छन् उनीहरूको रुचि, स्वभाव, क्षमता र सम्भावनाका हिसाबले पनि मानिसहरू एकअर्कासँग फरक हुन्छन्। जसरी बगैचामा थरिथरिका फूलहरूको व्यवस्थापनले बगैचा सुन्दर देखिन्छ, त्यसरी नै फरकफरक स्वभाव, रुचि, क्षमता र सम्भावना भएका मानिसहरूको तदनुरूपको व्यवस्थापनले पनि मानिसहरूको बस्ती मानव बगैचा जस्तो देखिन्छ। यही कुराको अध्ययन, विश्लेषण र सम्बोधन गर्ने काम योजनाको प्रस्तुत खण्डमा गरिने छ।

नेपाल सामाजिक–सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक,आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता (equity) कायम गर्नु आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न (inclusion) प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ। यस प्रकार शिक्षामा विविधता (diversity), समता (equity) र समावेशिता (inclusion) को प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ।

विविधताको सम्मान गर्न नसकेको कारणबाट व्यक्तिमा मनोसामाजिक समस्याहरू बल्झिने गर्दछन्। यी कुराहरू जानी वा नजानी बालबालिकाहरूमा विद्यालय र परिवारले समेत सिर्जना गरिरहेको हुन्छ। कतिपय कामहरू बालबालिकाको विकासका निम्ति गरिएका भए तापनि त्यसले उनीहरूको विकासमा बाधा पुऱ्याइरहेको हुन्छ। यस्ता बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवशअनुसार भिन्नता हुनसक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरू भौतिक तथा स्रोत - सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुनसक्दछन्। कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन्। यस्तो अवस्थामा बालबालिकालाई मनोसामाजिक परामर्शको आवश्यकता हुने गर्दछ।

हाम्रो जस्तो मुलुकमा अभिभावक र विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको अहम महत्व छ। अभिभावकहरूमा चेतनाको अभाव छ। बालबालिकाहरू चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो। हाम्रा कतिपय अभिभावकहरूलाई चकचक नगर्ने, एकैठाउँमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिकाहरू मन पर्छ जवकि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो। बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरू छन्। जसले गर्दा बालबालिकाहरूको उपयुक्त विकासमा बाधा पुऱ्याइरहेको हुन्छ। कतिपय बालबालिकाहरूले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ हामी त्यसलाई पनि हुर्कन र फष्टाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौं। यस्तो

अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यससम्बन्धी सिपको विकास गर्न आवश्यक देखिन्छ।

यस परिच्छेदमा विविधताको सम्मान र समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरी त्यसमा देखिएका अन्तरहरू )gaps) का आधारमा चुनौतीहरू पहिचान गरिएको छ। यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ।

## ४.३.२. वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप विसालमा २००४ .सं. छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं२०२१. मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ। त्यसैगरी विदेखि खगेन्द्र २०२५ .सं .बहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवसीय प्रबन्धको सुरुआत भएको थियो। अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यसलाई नेपाल अपाङ्ग अन्ध सङ्घ र नवजीवन गृह एवम् केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भरइरहेको छ।

शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ। बालिका तथा महिला शिक्षामा विको दशकदेखि केही २०५० .सं. प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गतालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि विको दशकदेखि केही २०५० को .सं. योजनाबद्ध प्रयास सुरु भएको थियो।

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३–२००२, सालामान्का घोषणा सन् १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्धता जनाएको छ। यी सम्पूर्ण महासन्धि एवम् घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्। विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित आरक्षणको प्रबन्ध भएको छ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले : समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५:, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निशुल्क शिक्षा नियमावली:, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुवञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। मुलुकमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्वहाली भए पछि शिक्षामा केही हदसम्म लगानीको पनि वृद्धि भयो। विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रबृत्तिको व्यवस्था गरियो। आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालन गरिएको यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य समूहको भर्ना दर उल्लेख्य रूपमा बढेको अवस्था छ। करिव तीन दशक अघि सबै छात्रा र सबै दलित विद्यार्थीहरूका लागि ब्लाङकेट अप्रोचबाट कार्यान्वयन गरिएको यो छात्रवृत्ति कार्यक्रम अहिले पनि त्यही किसिमबाट कार्यान्वयन भइरहेको छ र छात्रवृत्ति रकम पनि खासै समसामयिक हुने गरी वृद्धि गर्न सकिएको छैन। अहिलेको आवश्यकता भनेको छात्राहरू र दलितहरूमध्ये पनि विपन्न समूहलाई छनोट गरी महङ्गी समेतलाई मध्यनजर गरी छात्रवृत्ति रकम दिनु पर्ने देखिन्छ। यसका अतिरिक्त यस प्रकारको छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ।

छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ। यस्तो छात्रवृत्ति छात्राहरूको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरूका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कूल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरूका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति सङ्घीय सरकारले प्रदान गर्ने गरेको छ। यस्तो छात्रवृत्ति कार्यक्रममा प्रति विद्यार्थी मासिक चारहजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ। प्रति विद्यार्थी मासिक किसिमले दिने यो रकम विद्यार्थीहरूका खाना लगायत सरसफाइ र शैक्षिक सामग्रीसम्बन्धी आवश्यकता पूरा गर्न अपर्याप्त देखिन्छ।

गैरआवासीय विद्यार्थीहरूका निम्ति प्रदान गरिने छात्रवृत्ति पनि अपर्याप्त रहेको छ र त्यसको दुरूपयोग पनि त्यत्तिकै देखिन्छ। विद्यालयदेखि अभिभावकसम्म पुग्दा विद्यार्थीलाई जे कामको लागि दिइएको हो त्यो काममा कमैमात्र प्रयोग भएको देखिन्छ। गरिवीको रेखामुनी रहेका बालबालिकाले छात्रबृत्ति पाउन नसकेको अवस्था छ। अबको आवश्यकता भनेको जाति र लिङ्गको आधारमा भन्दा पनि विपन्नताको आधारमा छात्रवृत्ति दिनु पर्ने हुन्छ र यो रकम पुग्ने गरी पनि हुनु आवश्यक छ। विद्यार्थीहरू जति बेला छात्रवृत्ति बाँडिन्छ त्यत्तिबेलामात्र विद्यालयमा आउने र अरू समयमा नआउने वा कम आउने समस्या पनि कतिपय विद्यालयहरूमा छ। यो समस्या लगायत छात्रवृत्तिको दुरूपयोगलाई नियन्त्रण गर्न भौचर प्रणालीबाट पुग्ने मात्रामा छात्रवृत्ति दिनु पनि त्यत्तिकै जरुरी छ।

देशमा सङ्घीयताको कार्यान्वनय सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय तहहरूले विपन्न समुदाय र छात्राहरूका निम्ति पनि छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ। यस बारबर्दिया नगरपालिकाले उच्च शिक्षा अन्तर्गत मेडिकल साइन्स, इन्जिनियरिङ र चार्टर्ड एकाउन्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ। त्यसरी नै यस नगरपालिकाले बाबुआमा नहुने अनाथ बालबालिकाहरूको निम्ति अभिभावकको भूमिका निर्वाह गर्नेगरी खाना नाना र छाना सहितको आवासीय सुविधाको व्यवस्था

BARBARDIYA

गरेको छ। कतिपय स्थानीय तहहरूले उच्च तहको प्राविधिक शिक्षा अध्ययनका निम्ति समेत कोटा निर्धारण गरी बजेट विनियोजन गरेको देखिन्छ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुँदै गएपछि समाजका हुने विकृत्तिहरू पनि बढ्दै गएको अवस्था छ। यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरू बढी प्रताडित भएको देखिन्छ। बालबालिकाहरूको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक वृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरू देखा पर्ने गर्दछन्। यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरूलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ। बालबालिकाको निम्ति यो परामर्शको टडकारो आवश्यकता भएपनि सरकारी तवरबाट यसलाई महत्व दिएको देखिदैन। गैरसरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरूमा शिक्षकहरूका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ। विदेश जाने विद्यार्थीहरूका निम्ति परामर्श दिने उद्देश्यले सहरका गल्ली र चोकहरूमा कन्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरू स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरू सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ।

बारबर्दिया नगरपालिकाको EMIS तथ्याङ्क २०८१ लाई केलाएर हेर्दा बारबर्दिया नगरपालिकामा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विभिन्न किसिमको अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या ९० जना रहेको छ जसमा छात्राको सङ्ख्या ४३ र छात्रको सङ्ख्या४७ रहेको छ। यो सङ्ख्यालाई तहगत रूपमा हेर्दा आधारभूत तहमा ७६ जना र माध्यमिक तहमा १४ जना रहेको देखिन्छ। उल्लिखित विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयमा ८० जना र संस्थागत विद्यालयमा १० जना अध्ययनरत छन्।

यसरी नै सोही तथ्याङ्क अनुसार बारबर्दिया नगरपालिकाको विद्यालय शिक्षामा बालविकास देखि माध्यमिक तहसम्म दलित विद्यार्थीहरूको कुल सङ्ख्या १४५७ रहेको छ। यसमध्ये छात्राको सङ्ख्या ७०९ र छात्रको सङ्ख्या ७४८ रहेको देखिन्छ। त्यसरी नै जनजाति विद्यार्थीहरूको सङ्ख्या ९७०८ रहेको छ जसमा छात्राको सङ्ख्या ४९०९ र छात्रको सङ्ख्या ४७९९ रहेको देखिन्छ।

समतामूलक किसिमले सबै प्रकारका विद्यार्थीहरूको शिक्षामा पहुँचको अभिवृद्धिका लागि नगरपालिकाले हरेक वर्ष विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरेको अवस्था छ। ती मध्य प्राथमिक (१-५) तर्फ छात्रवृति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ६१६ जना रहेको छ जसमध्य छात्राको सङ्ख्या ३१९ तथा छात्रको सङ्ख्या २९७ रहेको छ। त्यसै गरि आधारभूत (६-८) तर्फ जम्मा ४६२ जनाले छात्रवृति प्राप्त गरेको मध्य छात्रा २१७ तथा छात्र २४५ रहेका छन्। प्रत्येक विद्यालयमा गुनासो सुनुवाई सँयन्त्र समिति गठन गरि फोकल शिक्षक नियुक्त गरिएको छ । सबै विद्यालयमा गुनासो सुनुवाई पेटिका पनि उपलब्ध छ । यसका साथै बालक्लबका पदाधिकारीहरुलाई गुनासो सुनुवाई सँयन्त्रको विषयमा अभिमुखिकरण पनि बेला बखत हुने गरेको छ।

यसका चुनौतीका रुपमा विद्यालयमा अपाङ्ग मैत्री भौतिक पुर्वाधारहरु नहुनु, आर्थिक रुपमा पछाडी रहेका परिवारका बालबालिकाहरुलाई शिक्षामा समतामुलक पहुँच तथा विद्यालयमा टिकाई राख्न नसक्नु, गुनासो पेटिकामा केही गुनासो तथा सुझावहरु प्राप्त नहुनु (सकारात्मक तथा नकारात्मक पाटो दुबै), अपाङ्गता भएका बालबालिकाहरुको निम्ति छुट्टै श्रोत विद्यालय नगरपालिका भित्र नहुनु आदि पर्दछन्।

### ४.३.३ उद्देश्य र रणनीतिहरू

योजनाको यस उपक्षेत्रको लक्ष्य शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन मार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै नगरपालिकाको शैक्षिक पद्धतिलाई सबैका निम्ति पारदर्शी, विश्वससीय र मितव्ययी बनाउनु रहेकामा यस अन्तर्गतका उद्देश्यहरू र उद्देश्य अन्तर्गतका रणनीतिहरु निम्नानुसार रहेका छन् :

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक,आर्थिक कारणले अवसरबाट वञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु। | १. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने।<br>२. लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिष्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गर्ने।<br>३. सबै प्रकारका बालबालिकामा उपयुक्त क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक खुला तथा दूर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने।<br>४. सबै प्रकारका विद्यार्थीहरूलाई विद्यालय तथा शिक्षालयहरूका विभिन्न तहमा भर्ना गर्दा उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गर्ने। |
| २ | लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु। | १ विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने।<br>२ औपचारिक विद्यालय शिक्षाबाट वञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गर्ने।<br>३ अपाङ्गतामैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नवीनतम् सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गर्ने।<br>४ नगरपालिकाभित्र निर्माण भइसकेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरूलाई अपाङ्गतामैत्री बनाउदै लिने सवालमा नगरपालिकाबाट सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>५ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालय स्थापना गर्ने।<br>६ अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सिप सिक्ने अवसर प्रदान गर्न भूमिका निर्वाह गर्ने। |
| ३ | विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक | १. लक्षित समूहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने। |

BARABARDIYA

| | | |
|---|---|---|
| | सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउनु। | २. आाधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने। त्यसैगरी सिकाइलाई जीवनोपयोगी सिपसँग आाबद्ध गर्ने।<br>३. विशेष बालबालिकाहरूको विशिष्टताअनुसार विद्यालय र विश्वविद्यालयहरूमा प्राविधिक शिक्षातर्फ उनीहरूको भर्ना प्रक्रियालाई सहज बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने।<br>४. विशेष बालबालिकाहरूलाई आत्मनिर्भर बनाउन दिगो विकासका लागि हरित सिपमा आधारित जीवनपयोगी सिपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरवलोकन गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने। |
| ४ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु। | १. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदिको समुचित प्रबन्ध गर्ने।<br>२. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीको विकास र सहज पहुँचका लागि सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने।<br>३. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने।<br>४. अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकुल बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>५. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गर्ने। |
| ५ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्नु। | १ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गर्ने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने। |



BARARDIYA

| | | |
|---|---|---|
| | | २ हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरवलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गर्ने। छात्रवृत्तिका लागि मूलतगरिबीलाई केन्द्रित गरी आर्थिक : रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था गर्ने।<br>३ सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा नगरपालिकामा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गर्ने।<br>४ गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरूलाई प्रदान गरिने छात्रवृत्तिलाई एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनुका साथै उद्देश्यअनुरूप पर्याप्त हुने गरी छात्रवृत्ति रकमको समय अनुसार पुनरवलोकन गर्ने।<br>५ शिक्षा क्षेत्रको बजेटमा समावेश छात्रवृत्ति विद्यार्थीलाई विद्यालयमा अध्ययन गर्न र सिकाइ क्रियाकलापमा सहयोगी हुने कार्यमा केन्द्रित गरिने छ भने परिवार तथा व्यक्तिको जीवनयापन तथा कल्याणसँग सम्बन्धित सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षा अन्तर्गत स्थानीय तहले अलग्गै सुविधा प्रदान गर्ने व्यवस्था मिलाउने। |
| ६ | कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट शिक्षामा उनीहरूको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु। | १ घरायसी वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरू अघि बढाउने सवालमा अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरूको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गर्ने।<br>२ विद्यार्थीहरूमा मनोसामाजिक समस्याहरू सघन रूपमा देखिदै गएको कारण उनीहरूको शिक्षा लगायत समग्र जीवनमा प्रतिकुल असर परिरहेको कुरालाई मध्यनजर राखी नगरपालिकाबाट यससम्बन्धी आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गर्ने। |

### ४.३.४ प्रमुख उपलब्धि तथानतिजा

#### क) उपलब्धि

विद्यालय तहको शिक्षामा उचित मनोसामाजिक परामर्शका साथ समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

#### ख ) प्रमुख नतिजा

| क्र स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०३ | १.०३ | १.०३ | १.०२ | १.०२ | १.०२ |

BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०१ | १.०१ | १.०१ | १ | १ | १ |
| ३ | विद्यालय तहमा समता तथा समावेशीकरण सम्बन्धि गुनासो आएको प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| ४ | अपाङ्गता मैत्री भौतिक पुर्वाधारको निर्माण भएका प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गरिने | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| २ | सबै विद्यालयहरुमा अपाङ्गता मैत्री सँरचना निर्माण कार्यविधि निर्माण गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ३ | गरिबी तथा अपाङ्ग भएकै कारणले पढाइ छोइने स्थितिमा रहेका बालबालिकाहरूलाई लक्षित गरि निश्चित मापदण्ड निर्माण गरि छात्रवृतिको व्यवस्थापन गर्ने | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | २२५ |
| ४ | विद्यालय स्तरमा हुने अतिरिक्त क्रियाकलापहरूमा समता तथा समावेशिता जस्ता मुद्दाहरूलाई पनि प्रवेश दिइने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | शिक्षकहरूलाई समता तथा समावेशिकरणको विषयमा २ दिने तालिम प्रदान गर्ने | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ५०० |
| ६ | समावेशी शिक्षा संजाल गठन, कार्यविधि निर्माण तथा कार्यान्वयन GIEN | पटक | १ | ० | ० | १ | ० | २ | ३ |
| ७ | छात्रा मूल्यांकन प्रविधि समिति GIEN को गठन तथा अद्यावधिक गर्ने | पटक | १ | ० | ० | १ | ० | २ | ३ |

BARABARDIYA

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| ८ | अपांगता भएका बालबालिकाको पहिचान र व्यक्तिगत शिक्षण योजना IELP विकास गर्नु | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यालय स्तरीय बालक्लब गठन तथा नियमित बैठक सञ्चालन | | | | | | | | |
| १० | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र समितिको गठन गरि सो कार्यविधि सम्बन्धी निश्चित पदाधिकारीहरूलाई अभिमुखीकरण प्रदान गर्ने | विद्यालय | ० | १८ | ० | ० | ० | १८ | ३६ |
| ११ | विद्यालयमा सुझाव पेटिका सहयोग गर्ने | विद्यालय | ० | १८ | ० | ० | ० | १८ | १८ |
| १२ | छात्राहरूलाई लक्षित गरि घरमा पनि पढ्ने वातावरण सृजना गर्नका निम्ति तथा बाल विवाह सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | ५४ | ५४ | ५४ | ५४ | ५४ | २७० | ५०० |
| १३ | मनोपरामर्श दाताहरूको रोष्टर तयार गरी आवश्यकताको आधारमा बालबालिकाहरूलाई परामर्श सेवा प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | श्रोत विद्यालयको स्थापना | विद्यालय | ० | ० | १ | ० | ० | १ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की, छात्राहरूका लागि सेनिटरी प्याड, छात्र र छात्राका लागि अलगअलग शौचालय, व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र

योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ।

### ४.५.२ वर्तमान अवस्था

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

बारबर्दिया नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आइरनचकी र फोलिक एसिड वितरण, प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ । सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा प्रभावकारी अनुगमन हुने गरेको छैन । प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन । यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन् । विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग



BARBARDIYA

गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । बारबर्दिया नगरपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

### ४.४.३ उद्देश्य र रणनीतिहरु

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु र उद्देश्य अन्तर्गतका रणनीतिहरु तय गरेको छः

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु, | १. विद्यालयमा स्थानीय उत्पादनबाट तयार गरिएको पौष्टिक खाजाको व्यवस्था गर्नका लागि अभिभावकहरुलाई सघाउने ।<br>२. विद्यालयमा विद्यार्थीहरुका निम्ति व्यक्तिगत सरसफाइ र पौष्टिक आहारको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सोको कार्यान्वयनका बारेमा अनुगमन र पृष्ठपोषण कार्य नियमित रुपमा गर्ने । |
| २ | विद्यालयमा बालबालिकाको स्वास्थ्यपोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु, | १. विद्यार्थीहरुको व्यक्तिगत सरसफाई पोशाक सरसफाई तथा विद्यालय स्तरीय सरसफाई सम्बन्धि क्रियाकलाप सञ्चालन गर्ने ।<br>२. विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई स्वस्थ रहन विद्यालय र परिवारले स्वच्छ बालबालिका हातेमालो कार्यक्रम सञ्चालन गर्ने । |
| ३ | विद्यालयमा प्राथमिक उपचार, न्युनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु, | १ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले तयार गरेको विद्यार्थी हाजिरी कापीको अनिवार्य रुपमा सबै विद्यालयले प्रयोग गर्ने र त्यसमा उल्लेखित विषयमा विश्लेषण गरी अभिभावकलाई समय समयमा जानकारी गर्ने ।<br>२ विद्यालयले प्रत्येक ३ महिनामा सबै विद्यार्थीको तौल र उचाई मापन गर्ने र कुनै गंभिर लक्षण भए तत्काल र सामान्य अवस्थामा वर्षको एक पटक अभिभावकलाई जानकारी गर्ने ।<br>३ स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य गरेर प्रत्येक ३ महिनामा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गर्ने । |
| ४ | विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु, | १ विद्यालयमा स्थानीय विषयको रुपमा वा स्वास्थ्य विषयमा जोडेर पोषण शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने ।<br>२ विद्यालयले वर्षको २ पटक अनिवार्यरुपमा सम्वन्धीत स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेको नगरेको सुनिश्चित गर्ने । |
| ५ | बालबालिकाको स्वास्थ्य र सरसफाई सम्बन्धमा अभिभावकको चेतना र सहभागिता बढाई सिकाइ उपलब्धी सुधार गर्नु, | १ स्वास्थ्य र पोषणबारे अभिभावकहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>२ विद्यालय हाता र कक्षाकोठा नियमित सरसफाइको नियमित ब्यवस्था गर्ने ।<br>३ शुद्धिकरण गरेको पानीको ब्यवस्था प्रत्येक विद्यालयमा गर्ने । |
| ६ | किशोरीहरुको स्वास्थ्य संवेदनशिलताअनुरुपका संरचनाहरुमा वृद्धि गर्नु, | १. छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने र पिसाव गर्ने स्थान पनि बेग्लै निर्माण गर्ने ।<br>२. प्रत्येक बालबालिकाहरुलाई महिनावारी चक्रका लागि प्रति महिना १६ वटा स्यानीटरी प्याड उपलब्ध गर्ने। |

| | | |
|---|---|---|
| | | ३. नगरपालिकाका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । विद्यार्थीहरूद्वारा नै शौचालय सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने । |

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

#### ख) प्रमुख नतिजाहरु

| क्रसं | सूचक | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने विद्यालयको सख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | अर्ध वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण भएको विद्यालयको सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | शुद्ध खानेपानी,तथा शौचालयको पहुँच पुगेका विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्यामा बृद्धि भएको हुने | ४ | २ | २ | २ | २ | १२ |

### ४.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |

BARABARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिवा खाजाको निम्ति अभिभावकहरुलाई स्थानीय पोषक खाद्य सामग्री बारे जानकारी प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| २ | स्वास्थ्य र पोषणबारे अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| ४ | अर्ध वार्षिक रुपमा स्वास्थ्य शाखा सँग समन्वय गरि सबै विद्यालयमा बालबालिकाको स्वास्थ्य परिक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | First Aid Kit बक्समा औषधि भर्न नियमित रुपमा विद्यालयको स्वास्थ्य चौकी सँग समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | माध्यामिक तह तथा नि मा वि कक्षा सञ्चालित विद्यालयका किशोर किशोरीहरुलाई स्यानीटरी प्याड सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालयको खानेपानीको आरसेनिक चेकजाँच गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| ८ | आवश्यकताको आधारमा विद्यालयमा खानेपानी फिल्टर सहयोग | विद्यालय | २ | २ | २ | २ | २ | १० | १८ |
| ९ | एक वडा एक नर्स कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ११ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

हरेक बालबालिकाहरूले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागी हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो। नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ। बालबालिकाहरूले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो। विद्यालयमा बालबालिकाहरूका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ जहाँ बालबालिकाहरूले रमाएर सिक्ने वातावरण तयार होस तर विडम्वना अझै पनि अधिकांस विद्यालयमा शिक्षक र बालबालिकाहरू प्राकृतिक प्रकोप, हिंसा, द्वन्द्व आदिका कारणले भौतिक, शारीरीक र मनोवैज्ञानिक रूपमा असुरक्षित भएको विभिन्न तथ्याङ्कले देखाउँदछ।

सुरक्षित विद्यालय अधिकारमा आधारित छ, जहाँ शिक्षक, कर्मचारी र बालबालिकाहरूले सुरक्षित महसुस गर्ने वातावरण हुन्छ र यसका लागि विद्यालयसँग सम्बधित सबै सरोकारवालाहरू जिम्मेवार हुन्छन। सुरक्षित विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई आपतकालीन अवस्थामा गर्नुपर्ने कार्यका बारेमा जानकारी हुनुका साथै जोखिमबाट सुरक्षित रहनका लागि योजनाहरू तयार गरी कार्यान्वयनमा रहेको, सरोकारवालाहरूबीच सम्मानजनक ब्यबहार र सम्बन्धहरू कायम रहेको, विद्यालय भवन र सिकाइका सुविधाहरू सुरक्षित र सबै बालबालिकाहरूको लागि पहुँचयोग्य भएको हुन्छ। यस्तो अवस्थामा शिक्षण

संस्थाहरूबाट हिंसा, द्वन्द्व र विविध किसिमका दुर्घटनाको अवस्थाबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि रिपोर्टिङ र प्रतिकार्य गर्नका साथै विपत्को अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन सक्ने गरी योजना बनाइएको हुन्छ।

मुलुक गरिब र विपन्न छ भने त्यो मुलुकमा अराजकता बढेको हुन्छ र बाहुबलले राज गरेको हुन्छ। अर्थात अर्को शब्दमा भन्नु पर्दा मुलुकमा अराजकता र बाहुबलले राज गरेकै कारण मुलुक गरिबी र विपन्नताबाट मुक्त हुन नसकिरहेको अवस्था हुन्छ। यस्तो अवस्था भोगिरहेको मुलुकमा सबैभन्दा कष्टकर जीवन त्यो मुलुकका बालबालिकाहरूले बाँचिरहेका हुन्छन्। किनभने उनीहरूसँग बाहुबल पनि हुँदैन र तिकडमको खेलखेल्ने तरिका पनि हुदैन। उनीहरूको बारेमा सोच्ने अभिभावकहरूले समेत आफ्नै बारेमा सोच्न नभ्याइरहेको अवस्था हुन्छ। हाम्रो देशका बालबालिकाले समेत यस्तै परिवेशको सिकार भइरहेको अवस्था छ। समग्र मुलुकका बालबालिकाहरूको अवस्था नै यस्तै जर्जर भएपछि यस बारबर्दिया नगरपालिकाको अवस्था पनि तात्विक हिसाबले त्यो भन्दा फरक नभएको अवस्था छ। यस्तै यस्तै परिवेशलाई छिचोल्दै योजनाको प्रस्तुत खण्डमा बालबालिकाका निम्ति विद्यालयलाई सुरक्षित बनाउन र आपतकालीन तथा सङ्कटकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिनका लागि भएगरेका प्रयास, सामना गरिरहेका चुनौती, उपलब्ध अवसर र चुनौती र अवसरहरूलाई मध्यनजर राखी उद्देश्य, रणनीति र कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ४.५.२. वर्तमान अवस्था

सुरक्षित विद्यालय र जस्तो सुकै विपतको अवस्थामा पनि शिक्षालाई निरन्तरता दिने कुरा नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपत् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र विकास योजना, बृहत विद्यालय सुरक्षा गुरु योजना, बृहत विद्यालय सुरक्षा न्युनतम प्याकेज जस्ता थुप्रै नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ। यद्यपि अझै पनि विद्यालयहरूलाई विपत् प्रतिरोधी, हिंसामुक्त र शान्ति क्षेत्रको रूपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्न धेरै नै कामहरू गर्नुपर्ने देखिन्छ।

यस बारबर्दिया नगरपालिकामा सञ्चालनमा रहेका विद्यालय र कलेजहरूमा देखिन सक्ने जोखिमका क्षेत्रहरू र हुनसक्ने आपतकालीन अवस्थाहरू बग्रेल्ती रहेका छन्। तीमध्ये प्राकृतिका प्रकोप, हिंसा, द्वन्द्व, दैनिक हुन सक्ने दुर्घटना र द्वन्द्व, विस्थापन, बसाइसराइ आदि प्रमुख रहेका छन्। प्राकृतिक प्रकोपअन्तर्गत भूकम्प, आगलागी, महामारी, बाढिपहिरो, चट्याङ, हावाहुरी, खडेरी, अति चिसो तथा प्रतिकूल वातावरण, हिमपात, हिमपहिरो, वायु प्रदूषण आदि पर्दछन्। हिंसाअन्तर्गत दुर्व्यवहार, भेदभाव, बेवास्ता, यौन शोषण, श्रम शोषण, शारीरिक तथा मानसिक दण्ड सजाय, बुलिङ आदि पर्दछन्। त्यसैगरी द्वन्द्व अन्तर्गत विद्यालयमा राजनीतिक गतिविधि हुनु, विद्यार्थी र शिक्षकहरूलाई राजनीतिक गतिविधिमा संलग्न गराइनु, विद्यालयलाई बन्दको निशाना बनाइनु, धार्मिक, जातीय, बर्गीय र अन्य द्वन्द्व आदि पर्दछन् भने दैनिक हुन सक्ने घटनाअन्तर्गत सडक दुर्घटना, विद्यालयमा हुने गैर संरचनागत जोखिम, कमजोर भौतिक पूर्वाधारबाट हुने दुर्घटना आदि पर्दछन्। विस्थापन र बसाइसराईअन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आादि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार कुण्ठित भएका सन्दर्भहरू पर्दछन्।

शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित सङ्कटका तीनओटा बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने हुन्छ।

१. **अधिकार:**कतिपय अवस्थामा सङ्कटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ। नागरिक तथा बालबालिकाको बाँच्न पाउने,विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपत्को समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ।

२. **समावेशीकरण**: जोखिम वा सङ्कटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा बृद्ध बृद्धालाई बढी प्रभावित गरेको हुन्छ र यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन्। तसर्थ विपत्को समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ।

३. **समता र न्याय**: जोखिमले सामाजिक भिन्नता बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको योजनाले सबैलाई न्याय नगर्न सक्छ। त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानता का आधारमा विपत्को व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनुपर्दछ।

४. **पहुँच**: विपत्को समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न, बास,औषधि उपचार, शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको पहुँचबाट वञ्चित हुन सक्छन्। तसर्थ विपत् या सङ्कटकालीन समयमा ती आधारभूत आवश्यकामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनुपर्दछ।

५. **गुणस्तर र सुशासन**: जोखिम वा सङ्कटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरिनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वा विधिमा आधारित, उत्तरदायित्व, पारदर्शिता र सहभागिता सुनिश्चित हुनु पर्दछ।

६. **सेवाको दक्षता**: सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै सङ्कटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन्। फलस्वरूप सङ्कट वा विपत्बाट हुने क्षति कम हुन जान्छ। मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ।

हाम्रो देशको **नीतिगत तथा कार्यक्रमिक अवस्थाको विश्लेषण गर्दा** नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिकाविरुद्धको हिंसा भनी उल्लेख गरेको छ यस्तो कसुर गर्नेलाई ५० हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ। शिक्षा नियमावलीले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ।

त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचार बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका (२०६८) ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने,विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ।

त्यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया,मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता नौ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपद्कालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ। बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज (2018) ले सुरक्षित विद्यालय न्यूनतम् मापदण्डले विशेषत: शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभाव र सामान्य अवस्थामा पनि विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्नमा केन्द्रित रही ३ ओटा पिलरहरू(१) सुरक्षित सिकाइ सुविधा, विद्यालय जोखिम व्यवस्थापन को सुदृढीकरण र (३) विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम् मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना गरेको छ।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधि (Comprehensive school safety master plan, 2017 and comprehensive school safety minimum package, 2018) ले अपेक्षा गरेका विद्यालय सुरक्षाका मापदण्डहरू



BARBARDIYA

कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछ। विशेषत विद्यालय क्षेत्र विकास योजना र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले परिकल्पना गरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि ल्याइएको हो। यसमा विद्यालयको न्यूनतम् सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलापहरू समेट्दै शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने,शिक्षामा गरिने लगानीको सुरक्षा सुनिश्चित गर्ने वातावरण बनाउने र शिक्षाका माध्यमबाट विपत् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास गर्ने जस्ता उद्देश्य लिई प्राकृतिक प्रकोपका कारण शिक्षा क्षेत्रमा पर्ने प्रभावको व्यवस्थापनको आधार तयार पारेको छ।

समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ। नीति पुनरवलोकन तथा परिमार्जन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्तनात्मक कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्ने,सिकाइका लागि आवश्यक पर्ने आन्तरिक तथा वाह्य वातावरणका न्यूनतम मापदण्ड तयार गर्ने तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशीलता, सुरक्षा चासो तथा बालमैत्री र हिंसारहित शैक्षिक कार्यढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषय अघि सारेको छ।

पन्ध्रौं योजनाले प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरेको छ। यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारेको छ। राष्ट्रिय शिक्षा नीति,२०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने,सरोकारवालाहरूलाई विपत् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली–बेइज्जती, विभेद लग ायतका गैरसंरचनात्मक विपत् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरेको छ।

मानव इतिहास कै ठुलो विश्वव्यापी महामारी कोभिड–१९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठुलो नकारात्मक असर पुऱ्यायो। यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू,नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा,विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो। यस नगरपालिकामा ९६ बालविकास केन्द्रहरू, ५५ (३९ वटा सामुदायिक र १६ वटा संस्थागत ) विद्यालयहरू, २ वटा क्याम्पसहरूमा अध्ययनरत बालबालिकाहरू र ५०० जनाभन्दा बढी शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो।

देशव्यापी बन्दाबन्दी सुरूहुँदा कक्षा ९ सम्मको सबै परीक्षाहरू सम्पन्न भए तापनि एस.ई.ई.,कक्षा ११ र १२ का परीक्षाहरू र विश्वविद्यालय तहका सबै परीक्षाहरू प्रभावित हुन पुगे। कोभिडको दोस्रो लहरका कारण पनि शिक्षा क्षेत्र थप प्रभावित बन्यो। २०७८ भदौपछि मात्र पठनपाठन सुचारु भएको छ। कोभिड-१९ ले विशेषत: शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएका छन्। जसमध्ये विकास साझेदारहरू समेतको सहकार्यमा कोभिड-१९ को असर न्यूनीकरण गरी शैक्षिक क्षति कम गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको भैपरी योजना तयार गरी सिकाइलाई निरन्तरता दिनका लागि बैकल्पिक उपायहरूको अवलम्वन गर्न प्रयास भएको छ। यत्ति हुँदाहुँदै पनि विद्युत, टेलिफोन र इन्टरनेट सेवाको पहुँचबाट टाढा भएका बालबालिकाहरूको महामारीको लामो अवधि औपचारिक शिक्षण सिकाइ क्रियाकलापबाट विमुख भएर बित्यो भने कतिपयको अनलाइन शिक्षण सिकाइ निरन्तर चलिरह्यो। यसले गर्दा बालबालिका फेरि पनि डिजिटल डिभाइसको खतरामा परेको देखिन्छ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु, केही हदसम्म अबका दिनहरूमा यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु, स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने भन्नेबारेमा विश्वस्त र भरपर्दो वातावरणको निर्माण गर्नु, विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु, योजना भए पनि विपत्को बेला त्यस्ता योजनाहरूको प्रभावकारी कार्यान्वयन हुनुजस्ता चुनौतीहरू प्रमुख रूपमा रहेका छन्।

सुरक्षित विद्यालय अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ? विपत्को अवस्थामा मात्रै नभै सामान्य अवस्थामा पनि बालबालिकाहरूको सुरक्षित सिकाइको वातावरणलाई कसरी सुनिश्चित गर्ने ?छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयको प्रत्याभूति गर्ने ? प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने,अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ? कतिपय सङ्कट अन्तर्राष्ट्रिय हुन्छन्,कतिपय राष्ट्रिय त कतिपय प्रदेश र स्थानीय तहका हुन्छन्। यसमा कुन सङ्कटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ? योजना तत्कालिक बनाउने कि दीर्घकालीन ? सङ्कटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ? आदि सवालहरू पनि सुरक्षित विद्यालय व्यवस्थापनको क्षेत्रमा गम्भीर रूपमा देखिएका मुद्दाहरू हुन्।

बर्दियामा २०७१ मा आएको बाढी र २०७२ मा आएको भूकम्पले दिएको सन्देशकै कारण भवन निर्माण सम्बन्धी आचारसंहिताले प्रभावकारी कार्यान्वयन गर्ने सवालमा तीनै तहका सरकारहरू सक्रिय देखिएका छन्। विभिन्न क्षेत्रमा बनेका ऐन कानुन र नीति नियमहरूले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहारलाई अन्त गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ। विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूमा हस्ताक्षर गरेको छ। मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका सङ्घसंस्थाहरू पनि सरकारसँग सहकार्य र सहलगानी गर्ने सवालमा अघि बढेको अवस्था छ। सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसाबले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ। महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरू र उनीहरू मार्फत् सञ्चालन भएका सङ्घसंस्थाहरूले समेत उल्लेख्य योगदान गरेको अवस्था छ। कोभिड १९ का कारण सरकार लगायत धेरै विद्यालयहरूले आफूलाई अनलाइन सिकाइका निम्ति सक्षमताको विकास गरेका छन्। त्यतिबेला बारबर्दिया नगरपालिकाले गृह शिक्षक, घुम्ती शिक्षक र परियोजना कार्यमार्फत् सिकाइ सहजीकरणको काम गरेको थियो। उल्लिखित पक्षहरूलाई योजनाको यस खण्डका निम्ति अवसरको रूपमा लिन सकिन्छ।

### ४.५.३. उद्देश्य र रणनीतिहरू

योजनाको प्रस्तुत खण्डको विषयको लक्ष्य सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा विभेद प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गर्नु रहेको छ भने यसका उद्देश्यहरू र उद्देश्य अन्तर्गतका रणनीतिहरु देहायबमोजिम रहेका छन् :

| क्र. सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी पूर्व | १. प्रदेश, जिल्ला एवम् पालिकास्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने।<br>२. स्थानीय तहलाई संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने। |

BARABARDIYA

| | | |
|---|---|---|
| | सावधानी र तयारीको वातावरण निर्माण गर्नु । | ३. विपत् तथा सङ्कटको व्यवस्थापनसँग सम्बन्धित नगरपालिका स्तरीय संयन्त्र र मापदन्ड तयार गरी कार्यान्वयन गर्ने ।<br>४. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्वयन गर्ने । |
| २ | सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु । | ५. पालिका र विद्यालय तहमा विपतको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।<br>६. विद्यालयहरूमा बालबालिकाहरूको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने ।<br>७. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालयहरूसँग समन्वय र सहकार्य गर्ने ।<br>८. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकसजस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गर्ने । |
| ३ | सङ्कटको प्रतिकार्यको निम्ति पालिकास्तरीय संयन्त्रको तयारी गर्नु । | ९. नगर, वडा र विद्यालयस्तरमा विपतको समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपत् व्यवस्थापन कोषको व्यवस्था गर्ने ।<br>१०. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घ सङ्गठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच विद्यालय, वडा र पालिकास्तरमा संयन्त्र बनाइ समन्वय र सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने । |
| ४ | नगरस्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन केन्द्रको विकास गर्नु । | ११. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपत् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गर्ने ।<br>१२. बाढीपहिरो, भूकम्प र महामारीको समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरूमा बहुउद्देश्यीय साझा घर निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयन गरिने छ र यस्तो प्रकोप र सङ्कटको समय विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्ने ।<br>१३. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने। विपत् व्यवस्थापन र सङ्कटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकृत गर्ने । |

BARABARDIYA

| | | |
|---|---|---|
| ५ | विद्यालयलाई शान्ति क्षेत्र र हिसामुक्तको रूपमा स्थापित गरी, बालबालिकाहरूले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसरको वातावरण सृजना गर्नु। | १४. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने।<br>१५. हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पीडकलाई सजाय दिने सवालमा शून्य सहनशीलता अपनाइ कानुन निर्माण गरी कार्यान्वयन गर्ने सवालमा सङ्घ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गर्ने। |
| ६ | जस्तोसुकै विपत् र सङ्कटको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिने गरी क्षमता र संरचनाको विकास गर्नु। | १६. विद्यालयमा सुरक्षित विद्यालय र विपत् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने।<br>१७. सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गर्ने।<br>१८. विपत् पूर्व, विपतको समयमा र विपत् पछिको अवस्थामा विपतबाट सुरक्षित रहन र विपतको सामना गर्नका लागि आवश्यक पर्ने उच्च मनोवलको विकास गर्न फोकल शिक्षक मार्फत विद्यार्थीहरूलाई मनोसामाजिक परामर्शको व्यवस्था गरिने छ र यसका लागि फोकल शिक्षकको समेत क्षमता विकास गर्नका लागि आवश्यक प्रवन्ध गर्ने।<br>१९. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपत् उत्थानशील बनाउनुका साथै शिक्षण सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउनका लागि सहयोग र सहजीकरण गर्ने। |

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने

#### ख) प्रमुख नतिजा

| क्रसं | सूचक | आधार वर्ष ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका स्तरमा विपद जोखिम न्युनिकरण सम्बन्धी निर्देशिका निर्माण | ० | ० | १ | ० | ० | ० |

BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | विद्यालय सुधार योजनामा विपद जोखिम न्युनिरण तथा विपदको समयमा नियमित पठनपाठनका निम्ति रणनीति तय भएको विद्यालयको प्रतिशत | ० | ५० | १०० | १०० | १०० | १०० |
| ३ | नगरपालिका स्तरमा विपद तथा आकस्मिक कोष निर्माण | ० | १ | ० | ० | ० | ० |
| ४ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ८ | ८ | ८ | ८ | ८ |
| ५ | हरित विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ७ | विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी,प्रतिकार्य तथा पुर्नउत्थानको योजना भएका विद्यालयको सख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |

BARABARDIYA

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाई | ५ वर्षको लक्ष्य | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | विद्यालय सुधार योजनामा सुरक्षित विद्यालय बारे रणनीति निर्माण गर्ने | विद्यालय | ० | २० | १९ | ० | ० | ० | ३९ |
| २ | सुरक्षित विद्यालय सम्बन्धी विषयलाई समावेश गरी पठनपाठन गर्न विद्यालयहरूलाई सहजीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | गैह सरकारी सँस्था सँगको समन्वयमा विद्यालयमा विपद कृत्रिम अभ्यास अर्धवार्षिक रुपमा सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | विपदको जोखिमलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा सुरक्षित स्थलको पहिचान गरी विद्यालय परिवार सबैलाई सोको उपयोग गर्न अभ्यस्त बनाइने | विद्यालय | १० | १० | १० | १० | १० | ५० | |
| ५ | शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्नका लागि समन्वय र सहजीकरण गरिने | नियमित | | | | | | | |
| ६ | सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| ७ | विद्यालयहरूलाई विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक, खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ,किट, प्राथमिक उपचार बाकस तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्नका लागि सहयोग गरिने | विद्यालय | २ | ४ | ५ | ३ | ५ | १९ | १९ |
| ८ | विपद् व्यवस्थापन कोष स्थापना तथा बजेट विनियोजन एवमं कार्यान्वयन | पटक | १ | ० | ० | १ | ० | २ | ४ |

BARBARDIYA

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाई | ५ वर्षको लक्ष्य | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| ९ | बारबर्दिया नगरपालिकाको विपद् पर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र अध्यावधिक गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| १० | आपत्कालिन अवस्थामा सिकाइ निरन्तरताको लागी स्थानिय तहको शिक्षा समुह गठन एवमं परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालय र सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरिने | विद्यालय | २ | २ | २ | २ | २ | १० | १९ |

## ४.६ शिक्षामा सूचना र सञ्चार प्रविधि

### ४.६.१ परिचय

सूचना तथा संचार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सूचना तथा संचार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा संचार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा संचार प्रविधिको प्रयोगले सहयोग पुऱ्याउने पर्दछ। यी चारओटा मार्गदर्शन सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा संचार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरु अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार र प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा संचार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्यको रुपमा रहेको छ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा संचार प्रविधि सम्बन्धी बढैयाताल गाउँपालिका लगायत मुलुकको समेत वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरु पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतिहरु सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरू जस्तैः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरू पनि उल्लेख गरिएको भए पनि समग्रतामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विश्लेषणका आधारमा यस परिच्छेदमा योजनाको खाका समावेश गरिएको छ। त्यसैले यस परिच्छेदका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित गराइनु आवश्यक देखिन्छ।

BARBARDIYA

## ४.६.२ वर्तमान अवस्था

बारबर्दिया नगरपालिकाको सम्पुर्ण ३९ वटा सामुदायिक विद्यालयहरूमा इन्टरनेटको पहुँच पुगेको छ । यस नगरपालिकाका प्रत्येक माध्यमिक विद्यालयहरूमा ICT Lab सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ। सम्पूर्ण सामुदायिक आधारभूत र माध्यामिक विद्यालयहरूमा इन्टरनेट सुविधाको विस्तार गरिएको छ । सबै विद्यालयहरूका शिक्षकको लागि ई-हाजिरीको व्यवस्था गरिएको छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरू ल्याएको छ । हाल सूचना तथा प्रविधिबाट शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने कार्य गर्दै आएको पाइन्छ। हाल वर्तमान समयमा केन्द्रीय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि Online Based एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन सकेको छैन।

## ४.६.३ उद्देश्य र रणनीतिहरु

बारबर्दिया नगरपालिकाको प्रस्तुत योजनाको प्रस्तुत विषयको समग्र उद्देश्य शिक्षालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार र विकास गरी सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुऱ्याउनुका साथै शैक्षिक व्यवस्थापनमा सुधार ल्याई सुशासनको प्रवर्धन हुनु भन्ने रहेकोमा यसका उद्देश्य र उद्देश्य अन्तर्गतका रणनीतिहरु देहायबमोजिम रहेका छन :

| क्र सं | उद्देश्यहरु | रणनीतिकहरु |
|---|---|---|
| १ | सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्नु । | १. सबै सूचनाहरू प्राप्त हुने गरी क्लाउड प्रविधिबाट पालिकामा डाटा सेन्टर तथा डिजिटलल्याबको स्थापना र सञ्चालन गर्नका लागि संघ, प्रदेश सरकार, नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिने ।<br>२. सबै पाठ्यक्रम तथा पाठ्य सामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइने।<br>३. घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरु मार्फत सक्रिय र जिम्मेवारी हुन प्रोत्साहित गरिने ।<br>४. विद्यालयमा विद्युतीय पुस्तकालय (E-Library) को अन्तर सञ्जाल निर्माण गरी प्रविधियुक्त पठन संस्कृतिको विकास गरिने।<br>५. सिकारुकेन्द्रित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्री ट्याब्लेट, स्मार्टफोन, मोबाइल आदिको प्रयोगमा सुलभता ल्याइने।<br>६. शिक्षण सिकाइमा STEAM लाई सूचना प्रविधिसँग जोडेर क्रमशः कक्षाकोठामा कार्यान्वयन गरिने।<br>७. शिक्षकहरुको हाजिरी अभिलेख पालिकामा नै रहने गरी इ-हाजिरीको व्यवस्था गरिने। |
| २ | डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु। | १. विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुनेगरी डिजिटल सामग्री विकास गरिने।<br>२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तारमार्फत विद्यालय शिक्षक र विद्यार्थीको पहुँचमा विस्तार गर्न एक शिक्षक एक ल्यापटप, विपन्न विद्यार्थी स्मार्टफोन कार्यक्रम लागू गरिने।<br>३. स्थानीय तहमा एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा अनुसार सामुदायिक सिकाइ केन्द्रलाई (Digital Learning Center) को रुपमा विकास गरी औपचारिक शिक्षाका साथै साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलापहरु सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाइने। |



BARBARDIYA

| | | |
|---|---|---|
| | | ४. सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरुलाई प्रविधिसम्वन्धी आधारभूत सिपको विकासका लागि तालिमको व्यवस्था गरिने।<br>५. सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सेवालाई सहज र प्रभावकारी बनाइने। |
| ३ | शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज, छिटोछरितो र सस्तो बनाउन प्रविधिमैत्री पूर्वाधार विकासका लागि आवश्यक लगानी वृद्धि गर्नु। | १. सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने।<br>२. IEMIS को प्रयोगलाई व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अपलोड अर्थात सूचनालाई प्रविष्ट गर्न सक्ने र उक्त अद्यावधिक सूचना सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने।<br>३. पालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच विद्यालयमा इन्टरनेट सेवालाई सस्तो, छिटो र सर्वसुलभ बनाउनका लागि समन्वय र सहकार्यमा अभिवृद्धि गरी सबै विद्यालयमा जडान गर्ने व्यवस्था गरिने।<br>४. प्रारम्भिक तहदेखि उच्च तहसम्मको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै कक्षाकोठाहरूमा स्मार्ट टि भि, डिजिटल बोर्ड, स्मार्ट बोर्ड ,प्रोजेक्टर आदि प्रविधिको पहुँचमा विस्तार गरिने।<br>५. विद्यालय प्रशासनद्वारा प्रसारण गर्नुपर्ने सूचनालाई एकैपटक सबै कक्षा र विद्यार्थीसमक्ष पुग्नेगरी प्रधानाध्यापक कार्यकक्षमा सूचना प्रसारण प्रणालीको विकास गरिने।<br>६. प्रत्येक बालबालिकाहरु विद्यालयभित्र प्रवेश गरेको र विद्यालयबाट घर गएको सूचना अभिभावकको मोवाइलमा प्राप्त हुने सफ्टवेयरको सूचना प्रसारण प्रणाली व्यवस्था गरिने। |
| ४ | शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउनु। | १. संघ र प्रदेश सरकारसँगको सहकार्यको माध्यमबाट गाउँपालिकाका सबै विद्यालयहरुलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरूमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिने।<br>२. सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षण पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने।<br>३. तालिम केन्द्रहरूमा मिश्रित पद्धति (Blended Approach ) बाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउन संघ र प्रदेशसँग सहकार्य गरिने।<br>४. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि न्यूनतम सिप र क्षमता पनि नभएका शिक्षकहरुलाई शिक्षणपेशाबाट विदाइ हुनका लागि आकर्षक कार्यक्रमको विकास गरी कार्यान्वयन गरिने।<br>५. विद्यालयमा आइसीटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिने।<br>६. शिक्षकहरुमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासंघ र पेशागत संघ |

BARABARDIYA

| | | |
|---|---|---|
| | | संगठन आदि संस्थालाई समेत जिम्मेवार बनाईने।<br>७. सूचना प्रविधिमा दक्षता हासिल गर्न नसकेका शिक्षकहरूको क्षमता विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सूचना, सञ्चार तथा प्रविधि विज्ञको व्यवस्था गरी सहजीकरण गरिने।<br>८. नगरपालिकाले शिक्षकहरुलाई म्याचिङ्ग फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरी सञ्चालन गरिने। |
| ५ | शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, छिटोछरितो, पारदर्शी र समतामूलक बनाउनु। | १. आईसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने।<br>२. नगरपालिका र शिक्षालयहरू बीचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमश पूर्ण रुपले कागजविहीन पद्धतिमा रुपान्तरण गरिनेछ। सोकार्यका लागि नगरपालिकाबाट हरेक विद्यालयमा आइसीटी सम्बन्धी सक्षम व्यक्तिको व्यवस्था गरिनेछ।<br>३. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उद्देश्य केन्द्रित वनाउन सबै कक्षा कोठाहरूमा सिसि टिभि जडान गरी शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिने ।<br>४. विद्यालय र विद्यार्थीहरुको सुरक्षाका लागि विद्यालयको विभिन्न स्थानमा सिसि टिभि जडान गरी सोको प्रभावकारी प्रयोग गरिने। |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा हुन सक्ने अवाञ्छनीय प्रयोगका साथै अनपेक्षित सूचना प्रवाहलाई निरुत्साहित गर्नु। | १. शिक्षा मन्त्रालयद्वारा तर्जुमा गरिएको शिक्षामा सूचना तथा सञ्चार गुरु योजनाको प्रभावकारी कार्यान्वयन र नियमन कार्यको लागि विशेष व्यवस्था सहित संघ र प्रदेश सरकारसँग सहकार्य गरिने।<br>**२.** सूचना र सञ्चारको दुरुपयोगको न्यूनीकरण र साइबर अपराधहरूलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानूनको निर्माण एवम् कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिने। |
| ७ | प्रत्येक विद्यालयहरूको Website तथा Blog निर्माण गरी सम्पूर्ण विद्यालयका गतिविधिहरूलाई विद्यार्थी र अभिभावकको हितमा प्रयोग गर्नु। | १. विद्यालयको गतिविधिहरूलाई सबैको पहुँचयोग्य बनाउन गाउँपालिका भित्रका सबै विद्यालयहरूको Website तथा Blog निर्माण गरी यसको प्रभावकारी र निरन्तर प्रयोग गरिने ।<br>२. Website तथा Blog मार्फत विद्यार्थीका लागि परियोजना कार्य नतिजा प्रकाशन तथा विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गरिने। |

### ४.६.४ उपलब्धि, प्रमुख नतिजा

#### उपलब्धि

शिक्षालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकारुमैत्री बनाउन सहयोग पुग्नाका साथै शैक्षिक व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्धन हुने।

#### प्रमुख नतिजा

| क्रसं | सूचक | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्याको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ० | २० | ३९ | ३९ | ३९ | ३९ |



BARBARDIYA

| क्रसं | सूचक | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ३ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ० | २० | ४० | ७० | ९० | १०० |
| ४ | विद्यार्थीको सिकाइ सहजीकरणमा शिक्षकले विभिन्न वेभसाइट तथा Learning Portal हरुको प्रयोग गरेको विद्यालयको सङ्ख्या | ० | २० | ४० | ७० | ९० | १०० |
| ५ | विपत् तथा संकटको समयमा समेत विद्यार्थीको इन्टरनेटको माध्यमबाट सिकाइलाई निरन्तरता दिने विद्यालयको प्रतिशत | ० | २० | ४० | ७० | ९० | १०० |
| ६ | कक्षा कोठामा सि सि क्यामेरा जडान भएका विद्यालय प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | क्रियाकलाप | एकाइ | पहिलो ५ बर्षको लक्ष्य | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सबै शिक्षण संस्थाहरूमा विद्युतका साथै इन्टरनेट सेवा सहयोगलाई निरन्तरता प्रदान गर्ने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | शिक्षकहरूमा सञ्चार र प्रविधिसम्बन्धी क्षमताको विकास गरिने | पटक | १ | १ | १ | ० | ० | ३ | ५ |
| ३ | शिक्षण संस्थाहरूमा क्रमश ICT संरचनाको विस्तार गरिने | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | ३५ |
| ४ | नगर शिक्षक साझेदारी मार्फत एक शिक्षक एक ल्यापटप कार्यक्रमको विस्तार गरिने | शिक्षक | ५ | १० | १० | १० | १० | ४५ | ८० |
| ५ | शिक्षक र शैक्षिक व्यवस्थापनको ICT सम्बन्धी क्षमता अभिवृद्धि गरिने | पटक | १ | १ | १ | ० | ० | ३ | ५ |
| ६ | विद्यालय र कक्षाकोठाहरुमा सिकाइ र सुरक्षामा प्रभावकारिताका लागि सिसि क्यामेराको जडान | विद्यालय | ३ | ५ | ५ | ५ | ५ | २३ | ३९ |
| ७ | विपदको समयमा पनि सिकाईलाई निरन्तरता प्रदान गर्नेका निम्ति शिक्षकको क्षमता विकास गरि विद्यार्थीलाई पनि तयार गर्ने | पटक | ० | १ | १ | १ | ० | ३ | ५ |
| ८ | विद्यालयमा डेक्स्टप कम्प्युटर तथा प्रोजेक्टर सहयोग | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |

BARBARDIYA

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.७.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ००० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा .७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १. नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा प्रस्ताव गरिएको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.७.२. वर्तमान अवस्था

नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,०५५ मध्ये २८,८४९ सामुदायिक विद्यालय रहेका छन्। देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन्। ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ। प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने११,०६९विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ। सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या९३,७२५ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन। यी विद्यालयहरूमा जम्मा ५४,२८३ स्टाफ कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्याबहरू रहेका छन्।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो। जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन्। सङ्घीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुँदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारी भएकाले कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार सङ्घीयतहबाट हुँदै आएको छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार शिक्षण सिकाइ) कक्ष, कार्यशालाप्रयोगशाला/, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्षके र कतिआवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ। विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। हालै मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी विद्यालय व्यवस्थापन समितिबाट



BARBARDIYA

निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैर सरकारी सङ्घसंस्थाबाट निर्माण हुनेअवलम्बन गरिएका छन्। प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन।

बारबर्दिया नगरपालिकामा ३९ वटा सामुदायिक विद्यालयहरू छन्। यी सबै विद्यालयहरूको भवन सङ्ख्या २३७ रहेका छन् जसमा १३६ भवनहरू पक्की छन् भने १०१ भवनहरू कच्ची रहेका छन्। यी भवनहरूका पक्की कक्षाकोठाको सङ्ख्या ४०८ रहेका छन्। जसमध्ये मल्टीमिडियाको सुविधा सहितका कोठाको सङ्ख्या १४, अन्तक्रियात्मक कोठाको सङ्ख्या २, छापामय वातावरण भएका कोठाको सङ्ख्या ११६ र बुक कर्नर भएका कोठाको सङ्ख्या १४० रहेको छ। यसरी नै भएका विद्यालयहरू मध्ये १८ वटा विद्यालयमा पुस्तकालय, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १६ वटा विद्यालयमा कम्प्युटर ल्याब र १४ वटा विद्यालयमा इन्टरनेट सुविधा भएको देखिन्छ। त्यसरी नै ती विद्यालयहरूका छात्राहरूका निम्ति २४ वटा, छात्रहरूको निम्ति २४ वटा र महिला र पुरुष शिक्षकहरूका निम्ति क्रमश :१४१४ वटा पानीको सुविधा सहितका पक्की शौचालय भएको अभिलेख छ भने अन्य शौचालयहरू कच्ची एवम कामचलाउको / अवस्थामा रहेका छन्। अपर्याप्त किसिमको भए पनि खानेपानी, प्राथमिक उपचार र विद्युतको सुविधा सबै विद्यालयमा पुगेको छ। कच्चीपक्की गरी पठनपाठनका निम्ति प्रयोग भएका कक्षा कोठाहरूको सङ्ख्या ४३२ रहेको छ। खेलमैदान अपर्याप्त भए पनि सबै विद्यालयहरूमा रहेको छ। कच्ची, पक्की र तारबार गरेर सबै विद्यालयहरूमा नै घेरावारको व्यवस्था पनि गरिएको देखिन्छ। यद्यपि अभिलेखमा जनाइए अनुसार माथि उल्लेख गरिएका सुविधाहरूमध्ये समग्रमा कुनै पनि सुविधा पर्याप्त भएको देखिदैन।

कोभिडको लहर चलेको समयमा नगरपालिकाको विद्यालयहरुलाई क्वारेन्टाइनको रूपमा प्रयोग गरी मुलुक बाहिरबाट आएका मानिसहरूलाई राखियो। उक्त क्वारेन्टाइनमा बसेका मानिसहरूले खानेपानी, शौचालय र फ्यान आदि नभएको भन्दै आन्दोलन गरेका थिए। साँच्चै विद्यार्थीहरूले त्यस्तो विद्यालयमा कसरी वर्षौंदेखि बसेर अध्ययन गरे होलान् ? यो एउटा सानो उदाहरण मात्र हो। यस्ता उदाहरणहरू मुलुकभरि सामुदायिक विद्यालयहरूको हकमा बग्रेल्ती छन्। आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पालामा कर्कट पाताले छाएका मोडलका विद्यालय भवन मुलुकभरि धेरै निर्माण भए। बालबालिकाका लागि त्यस्तो भवन कुनै पनि सिजनमा उपयुक्त नहुने हिरासत जस्तो हुँदो रहेछ। हिउँदमा अत्यधिक चिसो, गर्मीमा अत्यधिक गर्मी र वर्षामा पानी परेको आवाजले शिक्षण सिकाइ क्रियाकलाप अवरुद्ध हुने हुँदोरहेछ। बालमैत्री, सिकाइमैत्री जे जस्तो भनिए पनि भवन बनाउदा लागतमैत्रीलाई बढी ख्याल गरिएको देखिन्छ। लागत पनि तराइदेखि हिमालसम्म, गाउँदेखि सहरसम्म, राजधानीदेखि मोफसलसम्म सबैतिर एउटै त्यो क्रम अहिले पनि जारी छ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरूपता कायम हुन सकेको छैन। जस्तै ४ कोठाको भवन बनाउँदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु३६लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाखसम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन्। भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीँ विवाद र कानुनी प्रश्न उठिरहेका छन्। शिक्षा मन्त्रालय अन्तर्गतको सबै भन्दा ठुलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ। नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरूले समेत विद्यालयको अरू पक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ। तथापि पूर्वाधारहरू भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन्। रकम नपुगेर कतिपय पूर्वाधारहरू अधकल्चो अवस्थामा छन्। कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजुरीका कारण काम हुन नसकेका अवस्थाहरू पनि छन्। भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गमैत्री बन्न सकेका छैनन्। पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरू उठिरहेका छन्। कसैले कहिल्यै नपाउने र कसैले सँधैं पाइरहने अवस्था भइरहेको गुनासो मर्कामा परेकाहरूले गर्छन्।

योजनाको प्रस्तुत खण्ड विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरूअन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु,पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवम्म् जवाफदेही बनाउनु,सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु,आवश्यक स्रोतको व्यवस्थापन गर्नु,नपुग रकमका लागि अभिभावकहरूबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु,पूर्वाधारहरूलाई अपङ्गमैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातावरणा अनुकूलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजुरी रहित बनाउनु, पूर्वाधारका कार्यक्रमहरू वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका

BARBARDIYA

आधारमा वितरण गर्नु, पूर्वाधार निर्माण कार्यक्रम वितरण गर्दा तीनवटा सरकारको बिचमा समन्वयको वातावरण हुनु,स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन्।

विद्यालय पूर्वाधार निर्माणको सवालमा अवसरहरू पनि पर्याप्त देखिन्छन्। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र जनप्रतिनिधिहरूले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारबाट पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका सवालमा बारबर्दियामा रुम टु रिड लगायतका गैरसरकारी संस्थाहरूले समेत योगदान गर्नु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्म पनि अक्षुण जस्तै हुनु, अधिकांश विद्यालयहरूका पूर्वाधार विगतको तुलनामा सुधार हुँदै गएको देखिनु, अन्यत्रको तुलनामा बारबर्दियाका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु, कतिपय विद्यालयहरूमा पूर्वाधारतर्फ मर्मत् सम्भारका लागि आफ्नै आयस्रोत हुनु, मन्त्रालय र विभागले समेत २०७२ को भूकम्पपछि निर्माण हुने पूर्वाधारहरूलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु आदिलाई अवसरहरूको रूपमा लिन सकिन्छ।

### ४.७.३ उद्देश्य र रणनीतिहरू

योजनाको प्रस्तुत खण्डको विषयको लक्ष्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्देश्यहरू र उद्देश्य अन्तर्गतका रणनीतिहरु देहायबमोजिम रहेका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा साझेदारी, सहकार्य र सहयोग गर्नु , | १. विद्यालय पूर्वाधार विकासमा सँघ, प्रदेश तथा स्थानीय तहको लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापनको प्रारुप विकास गर्ने।<br>२. स्थानीय तहको संयोजनमा विकास भएका शैक्षिक संस्थाहरूको पूर्वाधारको विद्यालयभन्दा बाहिरका अन्य पक्षले करारका आधारमा उपयोग गरेवापत् विद्यालमा प्राप्त हुने आम्दानीलाई सम्वर्द्धन एवम् मर्मत कार्यमा उपयोग गर्ने।<br>३. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घसंस्थासँग लागत साझेदारी गर्ने। |
| २ | विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु, | ४. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुन: परिभाषित गर्ने।<br>५. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास गर्ने।<br>६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार ) (गरेर, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गर्ने। |
| ३ | गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु, | ७. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गर्ने।<br>८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।<br>९. अन्तरसरकार र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारीमा |

BARABARDIYA

| | | |
|---|---|---|
| | | विद्यमान पूर्वाधार उपयोग एवम् जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्ने ।<br>१०. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानीका लागि समुदायका मानिसहरूमा अपनत्वको भावना विकास गर्ने । |
| ४ | विद्यालय पूर्वाधार निर्माणको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु, | ११. पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गर्ने ।<br>१२. जस्तापाताले छाएका भवनहरू विस्थापित गर्दै लग्ने ।<br>१३. कक्षाकोठालाई रङ्गरोगन सजावट गरी सिकाइमैत्री बनाउने । |
| ५ | भौतिक पूर्वाधारको हिसाबले शैक्षिकसंस्थाहरूलाई अभावमुक्त बनाउनु । | १४. शैक्षिक संस्थाहरूलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रूपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>१५. विद्यालयमा बालउद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गर्ने ।<br>१६. सेनेटरी प्याड व्यवस्थापनको लागि उचित व्यवस्था गर्ने |

### ४.७.४. प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

**ख) प्रमुख नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी भौतिक पूर्वाधार भएको विद्यालयको प्रतिशत | ० | ३० | ५० | ७० | ९० | १०० |
| २ | वृक्षारोपण गर्ने विद्यालयको प्रतिशत | ० | २५ | ५० | ७० | ९० | १०० |
| ३ | भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार भएका विद्यालयको सख्या । | ० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | ५ बर्ष भित्र एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणाअनुसार पूर्वाधार विकास हुने विद्यालयको सख्या | ० | ० | १ | १ | १ | १ |
| ५ | WASH सुविधा भएका विद्यालयको प्रतिशत | ० | ४० | ५० | ७० | ९० | १०० |

### ४.७.५. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५वर्ष | | | | | | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयहरूको पूर्वाधार विकास मास्टर प्लानको निर्माण र कार्यान्वयन गरिने | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २ | भौतिक पुर्वाधार निर्माण बारे वि.व्य.स का पदाधिकारी तथा प्रधानाध्यापकलाई अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | नगर नमुना विद्यालय कार्यान्वयन भौतिक पुर्वाधार सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विद्यालय मर्मत सम्भार तथा रङ्गरोगन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३९ |
| ५ | लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालय निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २५ |
| ६ | विद्यालयहरूको पूर्वाधार निर्माणको मापदण्ड एवम् स्तरीकरणका सूचक विकास गरी लागु गरिने | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ७ | विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिक मैत्री संरचनाको विकास गरिने | विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० | ३२ |
| ८ | हरित विद्यालय निर्माणका निम्ति वृक्षरोपण सहयोग तथा बालक्लबका पदाधिकारीलाई हरित विद्यालय सम्बन्धि अभिमुखिकरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २० | ३९ |

## परिच्छेद : ५

## तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमताविकास र अन्तरसम्बन्ध

### ५.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई सङ्घीय राज्यको रूपमा व्यवस्था गरी मुलुकमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको अवस्था छ। जसअन्तर्गत मुलुकमा अहिले एउटा सङ्घीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरू रहेको अवस्था छ। सङ्घीयसंरचना अनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसूची ५, ६, ८ र ९ को व्यवस्था गरेको छ। जस अन्तर्गत अनुसूची ५ को बुँदा १५ ले सङ्घको एकल शैक्षिक दायित्व तोकेको छ। अनुसूची ६ को बुँदा८ ले प्रदेशको एकल शैक्षिक दायित्व उल्लेख गरेको छ। त्यस्तै अनुसूची ६ को बुँदा१८ ले भाषा, लिपि आदिलाई सङ्घीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ। अनुसूची ८ को बुँदा ८ ले स्थानीय सरकारको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्वको व्यवस्था गरेको छ। अनुसूची ९ को बुँदा २ ले स्थानीय सरकार, प्रदेश सरकार, तथा सङ्घीय सरकारको साझा शैक्षिक दायित्व उल्लेख गरेको छ। सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षा क्षेत्रको नेतृत्व गरेको छ।

### ५.२. वर्तमान अवस्था

BARABARDIYA

सङ्घीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति, सङ्घीय ऐन, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ। उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास, प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ। संविधानले सङ्घीय सरकार मातहत उच्च शिक्षातर्फ केन्द्रीय विश्वविद्यालयहरू र यससँग सम्बन्धित संकायहरू, आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरू, विभिन्न आयोगहरू तथा कार्यालयहरू रहेका छन्। त्यसैगरी विद्यालय शिक्षातर्फ शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरू क्रियाशील रहेका छन्। त्यसैगरी विभिन्न प्राज्ञ प्रतिष्ठानहरू, पुस्तकालयहरू,अनुष्ठानहरू पनि रहेका छन्।

नेपाल सरकारको मिति २०७४१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको प्रदेश सरकारअन्तर्गत /१०/ सामाजिक विकास मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या, शिक्षा तथा मानव संशाधन, महिला तथा बालबालिका, युवा तथा खेलकुद, भाषा, धर्म तथा संस्कृति, श्रम तथा रोजगार, पोषण, खानेपानी तथा सरसफाइ गरी ७ वटा विषयगत कार्यक्षेत्र रहेका छन्। संविधानले स्थानीय तहको अधिकार र जिम्मेवारी आधारभूत तहको शिक्षालाई तोकेकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ मा आधारभूत शिक्षाअन्तर्गत स्थानीय सरकारका (ज) अधिकार र जिम्मेवारीहरू देहाय बमोजिम तोकेको छः

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन,अनुमति,स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय सरकारको जिम्मेवारीभित्र देहायका कुराहरू समावेश गरेको छः

- प्रारम्भिक बालविकाससम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवम् प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
- आधारभूत शिक्षा सम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
- अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्रसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- अभिभावक शिक्षा सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- खुला तथा दुर शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
- विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण,
- विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
- राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान,
- विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन,
- सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
- स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,
- सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
- विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
- शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

संविधान र ऐन कानुनले तोकिएका जिम्मेवारीहरू सम्पादन गर्नका लागि लुम्बिनी प्रदेशमा शिक्षा, विज्ञान तथा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय शिक्षा तालिम केन्द्र र १२ वटा जिल्लाहरूमा काम गर्नका लागि ६ वटा सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी कामकाज भइरहेको अवस्था छ। सङ्घीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाई र प्रदेश सरकारको मातहतमा रहेको सामाजिक विकास डिभिजन कार्यालयको बिचमा कामकाजको क्रममा सरोकारवालाहरूको बिचमा कतैकतै अनावश्यक द्विविधा देखिएको अवस्था पनि छ। यद्यपि यस्ता द्विविधाहरू पनि अरू सवालहरूमा पनि देखापरेका छन्। संविधानले तोकेबमोजिमका शिक्षाका कार्यहरू स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सञ्चालन हुँदै आइरहेको छ।

मुलुकमा मूल कानुनको रूपमा संविधान जारी भए पनि अरू कानुनहरू बनिसकेको अवस्था छैन। संविधानले कुन सरकारले शिक्षाको कुन काम गर्ने भन्ने सम्बन्धमा केही विषयमा स्पष्ट र केही विषयमा कानुन बनाई व्याख्या गर्नु आवश्यक छ। यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र सङ्घीयताको मर्म अनुरूप संशोधन हुन सकिरहेको छैन। कतिपय स्थानीय तहबाट संविधानले आफुलाई दिएको अधिकार भनेर शिक्षकको नियुक्ति र सरुवा, एसई को परीक्षा सञ्चालन.ई., विद्यालयहरूको भौतिक पूर्वाधार विकास लगायतका सवालहरूमा काम गर्न रुचि देखाएको अवस्था छ। विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा

शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएकोछ। पुरानो संरचना अन्तर्गतका स्रोतकेन्द्रहरू खारेज गरिएको कारण विद्यालयहरूमा हुने सुपरीवेक्षण र अनुगमन प्राय शून्य भएको अवस्था छ।

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरूपता कायम हुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मतैक्यता हुनु, एकअर्का बिचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था हुनु, सङ्घीय संरचना अनुसारको शिक्षाको ऐन कानुन निर्माण हुनु, स्थानीय तहमा शिक्षासम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था हुनु जस्ता चुनौतीहरू प्रमुख रूपमा रहेका छन्। त्यसरी नै संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरूको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरूको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरूको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीअनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि पनि उल्लेख्य चुनौतीको रूपमा रहेका छन्।

मुलुकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहित सङ्घीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरूबाट शिक्षाको संरचनामा चासो राखेर काम गर्ने जमर्को भइरहेको छ। तीनवटै सरकारहरूले आआफ्नै किसिमले क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन्। विद्यालयहरूको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको अवस्था छ। विशेषगरी बारबर्दिया नगरपालिकाले शिक्षक दरबन्दी अपर्याप्त भएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षकहरूको व्यवस्थापन गरेर विद्यालयहरूमा शिक्षक व्यवस्थापनका लागि सहयोग गरिरहेको छ। यस नगरपालिकाले आफ्नो सामान्यीकरण बजेटको पच्चीस प्रतिशतको हाराहारीमा बजेट लगानी गरेको अवस्था छ। बालविकासका सहयोगी कार्यकर्ताहरूको सुविधामा थप गरेको अवस्था छ। बालविकासदेखि कक्षा १२ सम्मको कक्षा सञ्चालनको अनुमति स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरूलाई तह वा कक्षा थप गर्ने काम सहज भएको छ।

## ५.३ लक्ष्य र उद्देश्यहरु

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तर सरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास हुनु योजनाको प्रस्तुत विषय क्षेत्रको लक्ष्य रहेको छ भने यसका उद्देश्यहरू र उद्देश्य अन्तर्गतका रणनीतिहरु निम्नबमोजिम रहेका छन्।

१. संविधानको मर्मअनुसार आवश्यक पर्ने कानुन निर्माण गरी तीनै तहको सरकारकोबिचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलहरूको निराकरण गर्न योगदान गर्नु।

२. संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरूको प्रभावकारी रूपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु।

३. शिक्षाको संरचनामा प्रभावकारी रूपमा कार्यसम्पादन गर्नका लागि ठीक पदमा ठीक व्यक्ति (Right person in right post) रहने गरी तदनुसारको क्षमता र छनौट पद्धतिको विकास गर्नु।

४. अभिभावक,शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु।

## ५.४ रणनीतिहरु

१. सङ्घीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड बनाउने, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान गर्ने, पाठ्यक्रमको प्रारूप तयार गर्ने, शिक्षक र प्राध्यापक छनौटसम्बन्धी काम गर्ने, माध्यमिक तहको अन्तमा हुने परीक्षासम्बन्धी काम गर्ने, शैक्षिक अनुसन्धानसम्बन्धी काम गर्ने, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरूसँग समन्वय र सहकार्य गर्ने, संस्थाहरूको सक्षमता मापनसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने।

२. सङ्घीय सरकारबाट आफूलाई तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक



BARBARDIYA

गुणस्तर परीक्षण केन्द्र, विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र,चिकित्सा शिक्षा आयोगजस्ता संरचनाहरूको विकास गरी कामको बाँडफाँटर सोको कार्यान्वयन गर्ने।

३. प्रदेश सरकारले प्रदेशको शिक्षासम्बन्धी नीति बनाउने, प्रदेशको आवश्यकता अनुसारको उच्च तहसम्मको शिक्षा प्रदान गर्ने, पुस्तकालयको विकास र विस्तार गर्ने, अनौपचारिक र भर्चुअल एवम दूर शिक्षामार्फत् शिक्षा प्रदान गर्ने,जनशक्तिको क्षमता विकास गर्ने, माध्यमिक शिक्षा परीक्षा सञ्चालन र सोको प्रमाणीकरण गर्ने, विद्यालय तहको पाठ्यक्रम र सन्दर्भसामग्री निर्माण र विकास गर्ने, शिक्षकको अभिलेख र सेवासुविधासम्बन्धी काम गर्ने, प्राविधिक र व्यावसयिक शिक्षासम्बन्धी काम गर्ने,माध्यमिक तहका शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र बढुवासम्बन्धी काम गर्ने एवम् विद्यालय नक्साङ्कन गर्ने जस्ता कामहरू सम्पादन गर्ने।

४. प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका कामहरू सम्पादन गर्नका लागि शिक्षा विज्ञान तथा सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, प्रादेशिक विश्वविद्यालय, प्रादेशिक पुस्तकालय,पाठ्यक्रम तथा मानव संशाधन विकास एवम् अनुसन्धान केन्द्र, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश शैक्षिक सूचना केन्द्र,प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी प्रदेश प्रयोगशाला, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालयजस्ता संरचनाहरूको निर्माण गरी कामको बाँडफाँटर सोको कार्यान्वयन गर्ने।

५. स्थानीय तहमा शिक्षकहरूको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरूको सरुवा,कार्यसम्पादन मूल्याङ\कन, विद्यालयहरूको नक्साङ्कन, विद्यालयहरूको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरतासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरूको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई अलग्गै कार्यालयको रूपमा विकास गरी सोको संरचनालाई सुदृढ गर्ने।

६. शिक्षक दरबन्दीको पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्तिका एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश शिक्षक आयोगको स्थापना गरी कार्यसञ्चालन गर्ने।

७. स्थानीय तहले माध्यमिक तहको अनुमति दिनका लागि सङ्घीय संरचनाको रूपमा प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डको प्राविधिक अनुमगन प्रतिवेदनलाई अनिवार्य बनाउने। प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाउने। यसका साथै स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गर्ने।

८. कक्षा १० को माध्यमिक शिक्षा परीक्षा सञ्चालनका लागि सङ्घीय सरकारको प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डले (.ई.ई.एस) शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई प्राविधिक सेवा उपलब्ध गराउँने।

९. प्रादेशिक विश्वविद्यालयलाई प्रदेशस्तरको शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक गराउने।

१०. विद्यालयहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गरिने छ। यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरूले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नु पर्नेछ। पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाउने।

११. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइने छ। बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानुनी कार्वाही गर्नेगरी कानुन बनाई कार्यान्वयन गर्ने।

१२. सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय र स्थानीय तहको सक्षमतामा विकास गर्ने। कुनै पनि सिप विकाससम्बन्धी तालिम वा सरकारी पेसामा प्रवेश गर्नका लागि आधारभूत शिक्षा उत्तीर्ण हुनुपर्ने प्रावधानलाई अनिवार्य गर्ने।

१३. शिक्षण पेसाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नका लागि व्यक्तिको मनोवैज्ञानिक र मनोसामाजिक पक्ष एवम् प्रविधिसम्बन्धी सिप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको पाठ्यक्रमलाई पुनरावलोकन गरी कार्यान्वयन गर्ने।

१४. उपलब्ध जनशक्तिलाई प्रशिक्षण दिनका लागि मानव संशाधन विकास केन्द्र र प्रादेशिक विश्वविद्यालयलाई सक्षम बनाउने। जनशक्ति भन्नाले शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नागरिक समाज लगायत शिक्षासेवाका तीनै तहमा कार्यरत कर्मचारीहरू भनी बुझ्नुपर्नेछ। छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गर्ने।

१५. तीनवटै सरकार र तिनका संरचनाहरूको बिचमा प्रभावकारी रूपमा सहकार्यको वातावरण निर्माण गर्नका लागि कानुनद्वारा नै कसले के काम गर्ने भनी स्पष्ट रूपमा किटान गरिने र को कुन सरकारको भनेर खोजी गर्नुभन्दा पनि हामी सबै नेपाली हौँ भन्ने भावनाबाट अभिप्रेरित भई काम गर्ने संस्कृतिको निर्माण गर्ने।

## ५.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास भएको हुने।

### प्रमुख नतिजा

| क्र.सं. | सूचक | आधार वर्ष ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने। | ० | १ | १ | १ | १ | १ |
| २ | संविधानको मर्म अनुसार नै तीनै तहको बीचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएका हुने | ० | १ | १ | १ | १ | १ |
| ३ | साझा चासो र हितका सम्बन्धमासरकारहरुका विभिन्न तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने | ० | १ | १ | १ | १ | १ |
| ४ | शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसावले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएका हुने | ० | १ | १ | १ | १ | १ |
| ५ | पेशाप्रति समर्पित र सक्षम शिक्षकहरुको शिक्षण पेशामा | ० | १ | १ | १ | १ | १ |



BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाहुल्यता भएको हुने | | | | | | |
| ६ | बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानूनी कार्वाही गर्नेगरी कानून बनाइ कार्यान्वयन भएको हुने | | ० | १ | ० | ० | ० |

## ५.६. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको प्रवन्ध। | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २ | साझा चासो र हितका सम्बन्धमा तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | शिक्षण पेशामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउमा ठीक ब्यक्तिको चयन गर्ने कार्येलाई संघीय शिक्षक सेवा आयोग लयायत प्रदेश शिक्षक सेवा आयोग सम्बन्धी ऐन कानूनमा व्यवस्था गर्न सरकारहरु बीच समन्वय र सहकार्य । | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षासम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको | पटक | ० | १ | ० | ० | १ | २ | ४ |

BARABARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास। | | | | | | | | |
| ५ | शिक्षक दरबन्दीको सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसारको शिक्षकको पदपूर्ति । | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था। | निरन्तर | १ | ० | ० | ० | ० | १ | १ |
| ७ | संघप्रदेश तथा स्थानीय . तहमा संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन तथा जनशक्तिको पुनर्संरचना । | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ८ | कानूनद्वारा अनौपचारिक शिक्षा र निरन्तर सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र संचालन | केन्द्र | ० | १ | १ | ० | ० | २ | २ |
| ९ | अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउनका लागि कानून बनाइ कार्यान्वयन। | पटक | ० | ० | १ | ० | ० | १ | १ |

## परिच्छेद :६

## सुशासन तथा व्यवस्थापन

### ६.१ परिचय

आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण सवाल हो। त्यसैले पनि भन्ने गरिन्छसुशासन "-राज्यप्रणालीमा प्राणी जगतलाई नभई नहुने वायु जस्तै हो जसको उपस्थितिको बारेमा खासै चासो राखिदैन तथापि यसको अनुपस्थितिले भने जीवनमा ठुलो फरक पर्दछ। सुशासनको बारेमा हाम्रो मुलुकमा पनि बेलाबेलामा चर्चा भइरहन्छ "। सुशासनको खम्वाको रूपमा रहेका कानुनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरूको पालना भएन र धज्जी उडाउने काम शासकबाट भयो भन्ने कुराहरूको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलक र हाम्रो प्रदेशमा नौलो मानिदैन। शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रूपमा उठ्ने गरेको छ।



BARABARDIYA

सामान्यतया गुणस्तर भन्नाले उपभोक्तालाई वस्तु वा सेवाबाट प्राप्त हुने सन्तुष्टी हो । उपभोक्तालाई प्राप्त हुने सन्तुष्टीको स्तर जति उच्च हुन्छ बस्तु वा सेवा त्यत्ति धेरै गुणस्तरीय भन्ने बुझिन्छ । शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा, परिवार र समुदायबाट सहयोग र प्रोत्साहनप्राप्त स्वस्थ र सिकाइका लागि उत्प्रेरक सिकारु, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैङ्गिक समतामूलक र उपयुक्त स्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयागी सीप र ज्ञान लगायत लैङ्गिकता, स्वास्थ्य, पोषण, सङक्रामक रोगहरुबाट बचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्धन र विभेदको न्यूनिकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्याङ्कन प्रणालीमा आधारित तालिमप्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौं कुरा, शिक्षाका राष्ट्रिय लक्ष र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सीप र अभिवृत्ति भएका नागरिकहरुको उत्पादन आदि पर्दछन् (UNICEF, June, 2000) ।

शिक्षामा गुणस्तरलाई व्यक्ति, परिवार, समाज र राष्ट्रको दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । दृष्टान्त दिएर भन्नुपर्दा राष्ट्रका लागि गुणस्तरीय शिक्षा अन्तर्गत विद्यार्थीको राम्रो राष्ट्रिय शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिष्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्धन गर्ने र राष्ट्रको विकासका लागि आवश्यक जनशक्ति परिपूर्ति गर्ने जस्ता पक्षहरु पर्दछन् । समाजका निम्ति गुणस्तरीय शिक्षा अन्तर्गत सहिष्णुता, सामुदायिक सद्भाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवर्धन गर्ने, सकारात्मक सोच भएको आदि जस्ता पक्षहरु पर्दछन् । परिवारका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारमूलक, परम्पराको संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने आदि जस्ता कुराहरु पर्दछन् । त्यसैगरी व्यक्तिका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारी, स्वतन्त्र जीवन यापन र समुन्नत चेतना जस्ता कुराहरु गुणस्तरीय शिक्षा अन्तर्गत पर्दछन् ।

हाम्रो देश, प्रदेश र स्थानीय सन्दर्भमा कुरा गर्नुपर्दा, गुणस्तरीय शिक्षाका बारेमा चर्चा भएका र सरोकारवालाहरुले बुझेको अर्थ र परिभाषाबाट सन्तुष्ट हुने ठाउँ देखिदैन । कतिपय सरोकारवालाहरुले अंग्रेजी माध्यममा पढ्ने, अङ्ग्रेजी बोल्ने, परीक्षामा राम्रो ग्रेड ल्याउने, व्यवहारमा भन्दा पनि पठनपाठन र सैद्धान्तिक पक्षमा सवल, बैदेशिक रोजगारका लागि बाञ्छनीय जस्ता कुराहरु गुणस्तरीय शिक्षाका लागि प्राथमिकतामा परेको देखिन्छ । कतिपयमा गुणस्तरीय शिक्षा कामदार हुनका लागि भन्दा पनि बसेर खानका लागि भन्ने सोचले घर गरेको अवस्थालाई पनि नकार्न नसकिने स्थिति छ ।

शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन एउटै सिक्काका दुईटा पाटा जस्तै अन्तरसम्बन्धित विषयहरु हुन । एउटाको उपस्थिति भएको ठाउँमा अर्कोको उपस्थिति पनि अनिवार्य देखिन्छ । अर्थात जहाँ सुशासन हुन्छ त्यहाँ गुणस्तर पनि हुन्छ । त्यसैगरी जहाँ गुणस्तर हुन्छ त्यहाँ सुशासन पनि हुन्छ । यसको विपरित जहाँ सुशासन हुदैन त्यहाँ गुणस्तरका कुरा गर्नु पनि हास्याष्पद हुन्छ र गुणस्तर नभएको ठाउमा सुशासनको अवस्था कमजोर हुनु पनि अन्यथा नभइ स्वभाविक मानिन्छ । हाम्रो मुलुकको शिक्षामा सुशासन र गुणस्तर सङ्कटमा परेका कुराहरु धेरै पहिले देखि उठिरहेका छन् । सुशासन र गुणस्तरलाई उच्च बनाउनका लागि विभिन्न समयमा विभिन्न प्रयाशहरु पनि हुदै आएका छन् तथापि प्रयासहरु त्यति सफल भएको देखिदैन जति हुनु पर्थ्यो । प्रस्तुत योजनाको यस खण्डमा सुशासन र शैक्षिक गुणस्तरको वर्तमान अवस्थाको विश्लेषण गर्दै यससँग सम्बन्धित चुनौति र अवसरहरु योजनाले निर्धारण गरेका उद्देश्य र रणनीतिहरु योजनाका अपेक्षित उपलब्धि र लक्षित क्रियाकलापहरुलाई सिलसिलेवार किसिमबाट प्रस्तुत गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

बारबर्दिया नगरपालिकामा विभिन्न शाखाहरु मध्य शिक्षा, युवा तथा खेलकुद सम्बन्धि कार्य शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आईरहेको छ । यस नगरपालिकामा सो शाखा अन्तर्गत एक जना शाखा अधिकृत तथा एक जना प्राविधिक सहायकको दरबन्दि रहेको छ तथा सोही मानवश्रोत मार्फत यस शाखाका सम्पूर्ण कार्यहरु भईरहेका छन् । यस शाखा अन्तर्गत शिक्षाको कार्यक्रमहरु हेर्नका निम्ति छुटटै लेखाको कर्मचारीको व्यवस्था नभएको हुँदा शिक्षा क्षेत्रको आर्थिक स्रेस्ताको अभिलेखिकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन् । नगरपालिकाको यस शाखामा जनशक्ति न्यून भएका कारण विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन् । जसका कारण साझा अधिकार क्षेत्र भित्र रहेका कतिपय समस्याहरु समाधानमा कठिनाई देखिने गरेको छ । सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सँघको कार्यकारी समिति रहेका छन् ।



BARBARDIYA

विद्यालयको कार्य निरन्तर सुचारु गर्नका निम्ति सबै विद्यालयहरुमा विद्यालय सहयोगी तथा माध्यामिक तह सञ्चालित विद्यालयहरुमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्राय सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सँघको बैठक अपेक्षाकृत रुपमा नियमित बसेको देखिदैन् ।सबै विद्यालयहरुले सामाजिक परिक्षण तथा आन्तरिक लेखा परिक्षण समयमा गरेको पाईन्छ।

## चुनौती तथा अवसर

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनमा मुलुकमा थुप्रै चुनौतिहरु छन् जसमध्ये समयमा शिक्षा ऐन र कानूनहरु निर्माण गरेर कार्यान्वयन गर्नु, शिक्षालयहरुमा आवश्यकता अनुसारको शिक्षक दरबन्दी पदपूर्ति गर्नु, शिक्षामा अब्बल क्षमताको उम्मेदवारहरुलाई प्रवेश गराउनु, जनशक्ति व्यवस्थापनको सवालमा विद्यालय व्यवस्थापन समितिको कामलाई विश्वसनीय र निष्पक्ष बनाउनु, शिक्षालयका कर्मचारी र अध्यापकलाई तोकिएको जिम्मेवारी प्रति जिम्मेवार बनाउनु, कामको आधारमा दण्ड र पुरष्कारको व्यवस्थापन गर्नु, उपयुक्त स्थानमा उपयुक्त व्यक्तिको व्यवस्थापन गर्नु, शिक्षालयहरुको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु, शिक्षालयहरुलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, बालविकासका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई कानूनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु, शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्नु, माथिल्लो कक्षामा तुलनात्मक रुपमा शिक्षक र विद्यार्थीहरुके अनुपात बढी हुनु आदि प्रमुख रुपमा रहेका छन्। मुलुकमा बल्झिएका यिनै चुनौतिहरुका कारण हाम्रो बारबर्दिया नगरपालिकासमेत उल्लिखित चुनौतिहरुबाट अछुतो हुन नसिकरहेको अवस्था छ।

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनका सवालमा केही अवसरहरु पनि देखिएका छन् जसमध्ये शिक्षाको तहगत व्यवस्थापन गर्ने साविकको ऐनकानूनको आधारमा काम भइरहेको, स्थानीय तहदेखि संघीय मन्त्रालय तथा विद्यालय देखि विश्वविद्यालयसम्मका सङ्गठन र संरचना एवम् जनशक्तिको व्यवस्थापन तथा कामको बाँडफाँडसमेत भइ सेवाप्रवाह भइरहेको, निजी तथा सहकारी र गैरसरकारी क्षेत्रको पनि शिक्षामा महत्वपूर्ण योगदान रहेको, विभिन्न निकायहरुका प्रतिबेदन मार्फत शिक्षा क्षेत्रको सुशासनलाई अभिबृद्धि गर्नु पर्ने आवश्यकतालाई औंल्याउने काम भएको, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुशासन र गुणस्तरका सवालमा विभिन्न मापदण्ड निर्धारण गर्ने गरी नीति निर्धारण गरेको, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कार्यसम्पादन मूल्याङ्कन प्रणाली, योग्यतामा आधारित जनशक्ति छनौट प्रणाली आदि प्रमुख रुपमा रहेका छन्।

यसका अतिरिक्त बारबर्दिया नगरपालिकामा भएका शिक्षाका अवसरहरुको कुरा गर्नु पर्दा शिक्षा क्षेत्रमा नगरपालिकाले केही गर्नका लागि जागरुक देखिएको, सम्बन्धित तहका स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकमा नियुक्त गरी कामकाजमा लगाएको, अधिकार र जिम्मेवारीका आधारमा प्रधानाध्यापक लगायत शिक्षकहरुसँग समयसमयमा अन्तरक्रिया र छलफल गरेको, स्थानीय कला संस्कृति र सम्पदाको सम्वर्धनका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको, बजेट र कार्यक्रमलाई पारदर्शी किसिमबाट कार्यान्वयन गरिरहेको आदिलाई शिक्षामा सुशासन र गुणस्तर प्रवर्धन गर्नका लागि नगरपालिकाले विकास गरेका अवसरहरुको रुपमा लिन सकिन्छ।

## ६.४ उद्देश्य र रणनीतिहरु

बारबर्दिया नगरपालिकाको प्रस्तुत योजनाको यस विषयको समग्र उद्देश्य शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन मार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै नगरपालिकाको शैक्षिक पद्धतिलाई सबैका निम्ति पारदर्शी, विश्वससीय, मितव्ययी र गुणस्तरीय बनाउनु रहेकामा यस अन्तर्गतका उद्देश्य रणनीतिहरु निम्नानुसार रहेका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु। | १. सँस्थागत सँरचना अनुसार जनशक्तिको व्यवस्थापन गर्ने।<br>२. शिक्षक विद्यार्थीको हालको अनुपातलाई परिमार्जन गरी एक जना शिक्षक बराबर ३० जना विद्यार्थी हुनेगरी कानून परिमार्जन गरी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने। |

| | | |
|---|---|---|
| २ | विद्यालय व्यवस्थापन चुस्त दुरुस्त बनाउन सँस्थागत सँरचना अनुसार जनशक्तिको क्षमता बढाउनु। | ३. कार्यरत कर्मचारीको क्षमता विकास गर्ने।<br>४. प्रधानाध्यापक तथा वि.व्य.स लाई थप जिम्मेवार बनाई क्षमता अभिवृद्धि गर्ने।<br>५. स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने।<br>६. सामुदायिक तथा सँस्थागत विद्यालयहरुले गरेका असल अभ्यास आदान प्रदान गर्ने।<br>७. विद्यालयको नतिजामा उत्कृष्टता हाँसिल गरेका शिक्षकलाई विद्यालय र नगरपालिकाले प्रसंशा पत्र पुरस्कार तथा सम्मान गर्नका लागि आवश्यक व्यवस्था गर्ने। |
| ३ | विद्यालय शिक्षा व्यवस्थापनका निम्ति आवश्यक श्रोत र साधनको व्यवस्थापन गर्नु। | ८. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्नका लागी आवश्यक श्रोत साधनहरुको व्यवस्थापन गर्ने।<br>९. सबै विद्यालयमा नेपाल सरकारले तोकेको न्युनतम लागु भएको पारिश्रमिक सुनिश्चित गर्ने।<br>१०. ग्रैह सरकारी सँस्था मार्फत प्राप्त हुन आउने सहयोग एक द्धार प्रणाली मार्फत लागु गर्ने। |
| ४ | प्रधानाध्यापकलाई विद्यालयको व्यवस्थापन सुदृढ बनाउन अधिकार सम्पन्न बनाउनु। | ११. अभिभावकको बाहुल्यता र जनप्रतिनिधि, शिक्षाप्रेमी र समाजसेवीहरूको सहभागिता हुनेगरी विद्यालय व्यवस्थापन समितिको गठन गरिनेछ र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानून बनाइ कार्यान्वयन गर्ने। |
| ५ | शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्नु। | १२. सबै विद्यालयहरुलाई तोकिएको समयमा IEMIS अद्यावधिक गर्न लगाईने छ।<br>१३. विद्यार्थीको संख्या भौगोलिक दूरी यातायातको सुविधाका आधारमा विद्यालयहरु कक्षागत रुपमा, तहगत रुपमा र आवश्यकतामा पुरै विद्यालय नजिकको विद्यालयमा गाभ्न पहल गर्ने।<br>१४. विद्यालयको प्रशासनको व्यवस्थापन, विद्यालय गतिविधी, विद्यालयभित्रको अनुशासन र शैक्षिक गुणस्तर सुधारका लागि गुनासो तथा सुझाव संयन्त्रको सञ्चालन र व्यवस्थापन गर्ने।<br>१५. न्युनतम २२५ दिन विद्यालय खोली २०० दिन वार्षिक पठनपाठन गराउने, शिक्षक कर्मचारीहरुलाई नियमित गराउने , आफ्नो कर्तव्य पुरा नगर्ने शिक्षक कर्मचारीलाई दण्डसजाय र राम्रो कार्य सम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने । |

## ६.५. उपलब्धि र प्रमुख नतिजा

### क) उपलब्धि (Outcomes)

शिक्षामा सुशासन र गुणस्तरमा अभिवृद्धिमार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै नगरपालिकाको शैक्षिक पद्धति सबैका निम्ति पारदर्शी, विश्वासनीय, गुणस्तरीय र मितव्ययी हुने।

### ख) प्रमुख नतिजा (Key Results)

| क्र.सं. | सूचक | आधार वर्ष ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धि तालिम प्राप्त प्रधानाध्यापकको सङ्ख्या | ० | ० | ३९ | ० | ० | ० |

BARBARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | प्रतिवेदन तथा तथ्याङ्क प्रणाली सुदृढीकरण भएका विद्यालयको सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ३ | लेखा परिक्षण तथा सामाजिक परिक्षण गर्ने विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | समयमै विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | वि.व्य.स ले प्रधानाध्यापक सँग करार सम्झौता गरि विद्यालयको नतिजा सुदृढ भएको विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | वार्षिक रुपमा कम्तिमा २०० दिन विद्यालयमा पठनपाठन भएको विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ७ | शैक्षिक गुणस्तर सुधारका निम्ति विद्यालयमा गुनासो तथा सुझाव संयन्त्रको सञ्चालन र व्यवस्थापन भएको विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |

## ६.६. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धि तालिम प्राप्त प्रधानाध्यापकको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ० | १ | ० | ० | १ | २ | ३ |
| २ | वि.व्य.स तथा शि.अ.संका पदाधिकारीलाई काम, कर्तव्य तथा अधिकार सम्बन्धि क्षमता अभिवृद्धि तालिम | पटक | १ | ० | ० | १ | ० | २ | ३ |
| ३ | तथ्याङ्क प्रणाली सुधारका निम्ति शिक्षकलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ४ | सँस्थागत सँरचनाहरु गठन, पुनःगठन तथा भैरहेकाहरुको कार्यसम्पादन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन | पटक | ० | १ | १ | ० | ० | २ | २ |
| ६ | वि.व्य.स, प्रधानाध्यापक तथा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

BARBARDIYA

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिका बिच विद्यालयको नतिजा सुधारका निम्ति करार सम्झौता | | | | | | | | |
| ७ | विद्यालय व्यवस्थापन समिति सँग मेयर कार्यक्रम अर्धवार्षिक रुपमा सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ८ | विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुलाई अवलोकन भ्रमण | पटक | ० | १ | ० | ० | १ | २ | ३ |

## परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

मुलुकको समुन्नतिका लागि सक्षम मानव संसाधनको विकास गर्न जरुरी छ। त्यसका लागि आजका बालबालिकाको लागि शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। बालबालिकाको शिक्षाका लागि गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ। पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता; दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता,यससम्बन्धी विश्वव्यापी मान्यता,दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान,अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व भएको छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो। एकातिर संवैधानिक प्रावधानमा मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानीमा निजीको क्षेत्रको संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ। राज्य सङ्घीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम हुन्छ र व्यवस्थित हुन्छ।

BARABARDIYA

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ७.१.२ वर्तमान अवस्था

अरू प्रदेशले जस्तै लुम्बिनी प्रदेशले पनि शिक्षामा बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको अवस्था छ। प्रदेश सरकारले यसरी बजेटको विनियोजन गर्दा नगरपालिकासँग समन्वय नगरी सिधैं विद्यालय र कलेजहरूमा निकासा दिने भएको हुँदा नगरपालिकासँग यसको अभिलेख देखिदैन। शिक्षा तथा सामाजिक डिभिजन कार्यालय बाँकेको अभिलेख अध्ययन गर्दा प्रदेश सरकारले शिक्षा तथा सामाजिक विकास निर्देशनालय हुँदै विद्यालय र कलेजसम्म बजेट निकासा दिएको देखिन्छ। प्रदेशले यसरी बजेट विनियोजन गर्दा विद्यालय र कलेजहरूको भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा निर्माण, शौचालय निर्माण, तारबार र पर्खाल निर्माण आदिमा सहयोग गरेको देखिन्छ भने यसका अतिरिक्त पुस्तकालय, कम्प्युटर ल्याव, उच्च शिक्षा अध्ययनका लागि मुक्त कम्लहरी लगायतका विद्यार्थीहरूलाई छात्रवृत्ति आदिमा पनि प्रदेश सरकारले बजेट विनियोजन गरी कार्यान्वयन गरेको अवस्था छ।

बारबर्दिया नगरपालिकाको बजेटमा शिक्षाको बजेटको अवस्था सन्तोषजनक देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा कुल बजेटको ३१.२५ प्रतिशत बजेट शिक्षामा विनियोजन गरी खर्च गरेको देखिन्छ भने सोही आर्थिक वर्षमा सामानीकरण बजेटको ४ प्रतिशत शिक्षामा विनियोजन गरी खर्च गरेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा आएर कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत घटेर २५.१३ मा झरेपनि सामानीकरण बजेटमा भने शिक्षामा विनियोजनमा गरेको प्रतिशत ४ बाट बढेर १५.१३ प्रतिशतमा उक्लिएको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ को कुल बजेट र सामानीकरण बजेटमा शिक्षाको बजेटको प्रतिशत बढ्ने क्रम जारी छ। चालु आर्थिक वर्ष २०७८/७९ मा भने सङ्घीय सरकारबाट प्राप्त हुने ससर्त बजेट नै कम भएकोले शिक्षामा गरिने बजेट विनियोजनमा समेत यसको असर परेको देखिन्छ तर २०८०/८१ तथा २०८१/८२ मा क्रमिक रुपमा शिक्षामा लगानी बढदै गएको देखिन्छ । सङ्घीय सरकारले नगरपालिकामा निकासा दिने बजेट आर्थिक वर्षको अन्तसम्म पनि प्राप्त भइरहने भएकाले पनि चालु आर्थिक वर्षको मध्यतिरको समयमा बजेटमा कमी देखिने सम्भावना प्रवल छ। तल उल्लिखित तालिकामा वि.स २०७४ साल देखि वि.स २०८१ साल सम्म बारबर्दिया नगरपालिकाले शिक्षा क्षेत्रमा विनियोजना गरेको बजेटको स्वरुप प्रस्तुत गरिएको छ।

**तालिका नं ६.५**

**बारबर्दिया नगरपालिकाको शिक्षा क्षेत्रमा लगानीको अवस्था(बजेट रु. हजारमा)**

| आ.व. | सशर्त अनुदान | नगरपालिकाले विनियोजन गरेको शिक्षाको बजेट | शिक्षा शाखाको कुल बजेट | समानिकरण (संघ, प्रदेश, राजश्व बाँडफाँड र आन्तरिक आम्दानी) | नगरपालिकाको कुल बजेट | जम्मा कुल बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७४/७५ | १५२०६७ | १५००० | १६७०६७ | ३७५०९७ | ५३४६३८ | ३१.२५ |
| २०७५/७६ | १६६५५२ | ४३५२३ | २१००७५ | २८४६९१ | ८३५८३२.१० | २५.१३ |
| २०७६/७७ | २१३६६० | ६३७५५ | २७७४१५ | ३५७३२६ | ९८६९३१ | २८.११ |
| २०७७/७८ | २२५९७४ | ७९७५२ | ३०५७२६ | ३६५०२४.६९ | ९१३२२६.९२ | ३३.४८ |
| २०७८/७९ | २२३५०० | ८०५०० | ३०४००० | ४१३०४२.९० | ९४७०३५.४० | ३२.१० |
| २०७९/८० | २६५६५५ | ६३००० | ३२८६५५ | १९१५०० | १०११९२३ | ३२.४८ |
| २०८०/८१ | २६२००० | ७५००० | ३३७००० | १६५७०० | ९५८५०० | ३५.१६ |
| २०८१/८२ | २८०६३४ | ७०५०० | ३५११३४ | १६१९०० | ९९५२६२ | ३५.२८ |

**श्रोतः शिक्षा पार्श्व चित्र, बारबर्दिया नगरपालिका**

नोटः शिक्षा क्षेत्रको बजेटमा साधारण तथा प्राविधिक शिक्षा समेत वडाले शिक्षामा विनियोजना गरेको बजेट समावेश नगरिएको र वडाले शिक्षामा करिब १० प्रतिशत विनियोजन गरेको देखिन्छ।

### ७.१.२ उद्देश्य

तीनै तहका सरकारहरुले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि आवश्यक पर्ने लगानी र स्रोतको अभिवृद्धि गर्न देहाय बमोजिमका उद्देश्यहरु तय गरिएका छन्।

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरूको प्रक्षेपण गर्नु।
२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

### ७.१.३ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्ः

१. शिक्षाको लागि कानुनमा तोकिएअनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा गर्ने।
२. सङ्घीय सरकार र प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा पहिचान गरी सोही अनुपातमा स्थानीय सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गर्ने।
३. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न र सोहीअनुसार जवाफदेही समेत हुनका लागि आवश्यक पद्धतिको विकास गर्ने।
४. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाउने।
५. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ र तीनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० पुऱ्याउन पहल गर्ने।
६. शिक्षाका उपक्षेत्रहरू अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा लगानी व्यवस्थापन गर्ने।
७. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने।
८. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गर्ने।
९. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने।
१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, मितव्ययिता, स्वच्छता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाउने।

### ७.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ।
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

**प्रमुख नतिजा**

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरूको प्रक्षेपण भएको हुने

BARABARDIYA

२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरिएको हुने
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गरिएको हुने
४. बजेट विनियोजन र सह लगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गरिएको हुने
५. विभिन्न सङ्घ संस्थाअभिभावक तथा दाताहरू शिक्षामा लगानी गर्न प्रोत्साहित भएको हुने ,

### ७.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

**क) सङ्घिय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.स | अनुदान प्राप्त हुनेउपक्षेत्र/ विषय | आर्थिकबर्ष | | | | | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | ०८६।०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २०४१२ | २१४३३ | २२९३३ | २४९९७ | २७९९६ | ११७७७१ |
| २ | आधारभूत शिक्षा | १४१७०९ | १४८७९४ | १५९२१० | १७३५३९ | १९४३६४ | ८१७६१६ |
| ३ | माध्यमिक शिक्षा | २९५५२ | ३१०३० | ३३२०२ | ३६१९० | ४०५३३ | १७०५०६ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २१०० | २२०५ | २३५९ | २५७२ | २८८० | १२११६ |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ११०० | ११५५ | १२३६ | १३४७ | १५०९ | ६३४७ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ११६२९ | १२२१० | १३०६५ | १४२४१ | १५९५० | ६७०९६ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २५५० | २६७८ | २८६५ | ३१२३ | ३४९८ | १४७१३ |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २४१७७ | २५३८६ | २७१६३ | २९६०८ | ३३१६० | १३९४९४ |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ५०० | ५२५ | ५६२ | ६१२ | ६८६ | १८८५ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १४३५ | १५०७ | १६१२ | १७५७ | १९६८ | ८२७९ |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **२३५१६४** | **२४६९२२** | **२६४२०७** | **२८७९८५** | **३२२५४४** | **१३५६८२२** |

**ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.स | अनुदानप्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षकोजम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | ०८६।०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ५०० | ६०० | ७३२ | ९१५ | २७४७ |
| २ | आधारभूत शिक्षा | ० | १५०० | १८०० | २१९६ | २७४५ | ८२४१ |
| ३ | माध्यमिक शिक्षा | ० | १५०० | १८०० | २१९६ | २७४५ | ८२४१ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | १२०० | १४४० | १७५६.८ | २१९६ | ६५९२.८ |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | १० | १२ | १४.६४ | १८.३ | ५४.९४ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | १० | १२ | १४.६४ | १८.३ | ५४.९४ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ५००० | ६००० | ७३२० | ९१५० | २७४७० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | २०० | २४० | २९२.८ | ३६६ | १०९८.८ |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ३०० | ३६० | ४३९.२ | ५४९ | १६४८.२ |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | ३५० | ४२० | ५१२.४ | ६४०.५ | १९२२.९ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | २००० | २४०० | २९२८ | ३६६० | १०९८८ |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | २०० | २४० | २९२.८ | ३६६ | १०९८.८ |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | २०० | २४० | २९२.८ | ३६६ | १०९८.८ |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | २५० | ३०० | ३६६ | ४५७.५ | १३७३.५ |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ५० | ६० | ७३.२ | ९१.५ | २७४.५ |
| **जम्मा** | | ० | **१३२७०** | **१५९२४** | **१९४२७.३** | **२४२८४.१** | **७२९०५** |

**ग) स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.स | अनुदानप्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षकोजम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | ०८६।०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १३६५० | १३९९१.२५ | १४४१०.९९ | १४९८७.४३ | १५७३६.८० | ७२७७६.४६ |
| २ | आधारभूत शिक्षा | १५००२७.५० | १५३७७८.१९ | १५८३९१.५३ | १६४७२७.१९ | १७२९६३.५५ | ७९९८८७.९७ |
| ३ | माध्यमिक शिक्षा | १५७६२ | १६१५६.०५ | १६६४०.७३ | १७३०६.३६ | १८१७१.६८ | ८४०३६.८२ |

BARABARDIYA

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २०० | २०५ | २११.१५ | २१९.६० | २३०.५८ | १०६६.३२ |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | १०० | १०२.५० | १०५.५८ | १०९.८० | ११५.२९ | ५३३.१६ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | २०७० | २१२१.७५ | २१८५.४० | २२७२.८२ | २३८६.४६ | ११०३६.४३ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १४०५ | १४४०.१३ | १४८३.३३ | १५४२.६६ | १६१९.७९ | ७४९०.९१ |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | १९०० | १९४७.५० | २००५.९३ | २०८६.१६ | २१९०.४७ | १०१३०.०६ |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | ० | ० | ० | ० | ० |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५०० | ५१२.५० | ५२७.८८ | ५४८.९९ | ५७६.४४ | २६६५.८० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **१८५६१४.५०** | **१९०२५४.८६** | **१९५९६२.५१** | **२०३८०१.०१** | **२१३९९१.०६** | **९८९६२३.९४** |

**घ) अन्य सँघ सँस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| **क्र.स** | **अनुदानप्राप्त हुने उपक्षेत्र/ विषय** | **आर्थिक बर्ष** | **५** |
|---|---|---|---|

| | | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | ०८६।०८७ | बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ५०० | ५५० | ६०५ | ६६५.५ | २३२०.५ |
| २ | आधारभूत शिक्षा | ० | १००० | ११०० | १२१० | १३३१ | ४६४१ |
| ३ | माध्यमिक शिक्षा | ० | ५०० | ५५० | ६०५ | ६६५.५ | २३२०.५ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ८०० | ८८० | ९६८ | १०६४.८ | ३७१२.८ |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | ० | ० | ० | ० | ० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | २०० | २२० | २४२ | २६६.२ | ९२८.२ |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | १०० | ११० | १२१ | १३३.१ | ४६४.१ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | १५०० | १६५० | १८१५ | १९९६.५ | ६९६१.५ |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | १०० | ११० | १२१ | १३३.१ | ४६४.१ |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ |
| **जम्मा** | | **०** | **४८५०** | **५३३५** | **५८६८.५** | **६४५५.३५** | **२२५०९** |

## ७.२ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुखक्रियाकलापरलक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ। सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक बजेट निर्धारण गरिएको छ। माथिको तालिकाअनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान गर्दा सङ्घ, प्रदेश, स्थानीय तहतथा सँघ सँस्था बाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरी बजेटको अनुमान गरिएको छ।

| क्र.स | अनुदान प्राप्त हुनेउपक्षेत्र/ विषय | आर्थिकवर्षगत रूपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिकबालविकास र शिक्षा | ३४०६२ | ३६४२४ | ३८४९४ | ४१३२१ | ४५३१४ | १९५६१५ |
| २ | आधारभूतशिक्षा | २९१७३७ | ३०५०७३ | ३२०५०२ | ३४१६७२ | ३७१४०३ | १६३०३८६ |
| ३ | माध्यमिकशिक्षा | ४५३१४ | ४९१८६ | ५२१९२ | ५६२९७ | ६२११५ | २६५१०४ |
| ४ | प्राविधिकशिक्षा तथा व्यावसायिक तालिम | २३०० | ४४१० | ४८९१ | ५५१६ | ६३७२ | २३४८८ |
| ५ | अनौपचारिकशिक्षा र आजीवन सिकाइ | १२०० | १२६८ | १३५३ | १४७२ | १६४२ | ६९३५ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १३६९९ | १४३४२ | १५२६३ | १६५२९ | १८३५५ | ७८१८७ |
| ७ | शिक्षकव्यवस्थापन र विकास | ३९५५ | ९११८ | १०३४८ | ११९८५ | १४२६७ | ४९६७४ |
| ९ | शिक्षामासमता र समावेशीकरण | ० | ४०० | ४६० | ५३५ | ६३२ | २०२७ |
| १० | विद्यालयपोषण तथा स्वास्थ्य कार्यक्रम | २४१७७ | २५७३६ | २७५७८ | ३०१०७ | ३३७७६ | १४१३७४ |
| ११ | विद्यालयसुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ५०० | ९७५ | १०९२ | १२४६ | १४५९ | ५२७२ |
| १२ | विद्यालयभौतिक पूर्वाधार विकास | १९०० | ५४४८ | ६०५६ | ६८२९ | ७८४७ | २८०८० |
| १३ | विद्यालयमासूचना तथा सञ्चार प्रविधि | ० | २५० | २९५ | ३५३ | ४३३ | १३३१ |
| १४ | शिक्षाकोव्यवस्थापन तथा संस्थागत क्षमता विकास | १४३५ | १८०७ | १९६२ | २१७१ | २४६७ | ९८४२ |
| १५ | स्थानीयशिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५०० | ७६३ | ८२८ | ९१५ | १०३४ | ४०३९ |
| १६ | अनुगमनतथा मूल्याङ्कन | ० | १०० | ११५ | १३४ | १५८ | ५०७ |
| **जम्मा** | | **४२०७७९** | **४५५२९७** | **४८१४२८** | **५१७०८२** | **५६७२७४** | **२४४१८६०** |

## परिच्छेद ८: योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

### ८.१ परिचय

सुन्दर भए पनि कार्यान्वयन नगरिएको योजना भनेको नपढेर दराजमा राखिएको महत्वपूर्ण पुस्तक जस्तै अर्थहिन हुने गर्दछ। यसको अर्थ स्पष्ट हुन्छ कि योजनाको कार्यान्वयन गर्नु भनेको योजनामा प्राण भर्नु हो। त्यसैगरी योजनामा अनुगमन र मूल्याङ्कनलाई वेवास्ता गर्नु भनेको बच्चाको जन्म दिएर उसको रेखदेख र हेरचाह नगर्नु जस्तै हो। योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ। यसका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन्। यस योजनाको अघिल्लो परिच्छेदमा यस योजनाका लागि आवश्यक पर्ने सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गर्ने काम भइसकेकोले योजनाको यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

नेपालमा संघीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको ६ वर्ष नाघिसकेको छ भने यो अवधिमा केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य

प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पुरा भएको छैन। त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपले अवतरण गर्न गराउन सहयोग पुग्ने गरी कार्यान्वयनको प्रबन्ध गर्नु पर्नेछ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक संरचनाको प्रबन्धका साथै योजनाको कार्यान्वयनका लागि स्थापित संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक हुन्छ।

त्यसरी नै शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनको चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमुलक, पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ८.२ वर्तमान अवस्था

योजनाको प्रस्तुत खण्डको वर्तमान अवस्थालाई देहायका तीन खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ।

## ८.१.२ योजनाको कार्यान्वयन

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ। त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ। मन्त्रालयअन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरूको विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन्।

शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही कार्यालयहरू स्थापना गरेझै लुम्बिनी प्रदेशले पनि १२ वटा जिल्लाहरुमा काम गर्नका लागि ६ वटा सामाजिक विकास डिभिजन कार्यालयहरु स्थापना गरी संचालन गरेको छ । स्थानीय तहमा महानगरपालिकाहरुमा शिक्षा महाशाखा र नगरपालिका र गाउपालिकाहरुका शिक्षा, युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ। यसका अतिरिक्त संघीय शिक्षा मन्त्रालयअन्तरगत प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन्।

संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ। अधिकांश स्थानीय तहहरु त शिक्षाका कर्मचारी नै नभएको अवस्था छ। विभिन्न पालिकाहरुले शिक्षकलाई ल्याएर काम गराएको अवस्था छ। शिक्षाका कतिपय सशर्त

अनुदानका बजेट र कार्यक्रमहरु स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिए पनि समयमा नदिने जस्ता समस्याहरु सबैतिर बल्झिएका छन् । स्पष्ट निर्देशन र सावधानीको अभावमा विद्यालय जानु पर्ने अनुदानहरु समयमा नगएका दृष्टान्तहरु पनि छरिएर रहेको अवस्था छ । नागरिकहरु अन्यौलमा छन् । कक्षा १० परीक्षा सम्बन्धी कामका लागि सेवाग्राहीहरु परीक्षा बोर्डको शाखा र प्रदेश कार्यालयमा धाउने गर्छन जव कि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरु अनभिज्ञ छन् । त्यसैले यतिबेला योजना र कार्यक्रमको कार्यान्वयनको सवालमा केही द्विविधाहरु देखिएको अवस्था छ ।

उल्लिखित समस्याहरु राजापुर नगरपालिकामा छैनन् भन्दा अन्यथा नहोला । किनभने नगरपालिकामा शिक्षा तिरका प्राविधिक कर्मचारीहरु कार्यरत रहेको अवस्था छ । नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकता दिएको अवस्था छ जसका कारण सामान्यीकरण तर्फको एकतिहाइ बजेट शिक्षामा लगानी गरेको देखिन्छ । आवश्यकता अनुसार समय समयमा जनप्रतिनिधि र शिक्षाकर्मीहरुको टिम बनाएर अनुगमन गरेको अवस्था छ । तथापि शिक्षा क्षेत्रमा प्रभावकारी सेवा प्रवाहका लागि गर्नु पर्ने अझै पनि धेरै देखिन्छ ।

### ८.१.२ योजनाको अनुगमन तथा मुल्याङ्कन

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश सामाजिक विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलव्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र नभएको हुँदा सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन।

त्यसैगरी स्थानीय तहमा उल्लिखित प्रबन्ध भए पनि संघीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाउनु पर्ने देखिन्छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन र मूल्याङ्कनलाई औपचारिकता निर्वाह गर्ने प्रयोजनका निम्ति नभइ सुधार र प्रोत्साहनका निम्ति प्रयोग गरिनु पर्दछ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

### ८.१.३ नगरपालिकामा योजनाको कार्यान्वयन , अनुगमन र मूल्याङ्कन

सिङ्गो मुलुक र अधिकांश पालिकाहरु शिक्षाप्रति जति सकारात्मक हुनु पर्थ्यो त्यति नभएको अवस्था छ । यद्यपि त्यो समस्या बारबर्दिया नगरपालिकामा नगण्य देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा नगरपालिकाको उपाध्यक्षको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ जसमा नगर कार्यपालिकाका दुइजना सदस्य, योजना प्रमुख र इन्जिनियर समितिको सदस्य रहने व्यवस्था गरिएको छ । समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयनदेखि कार्यसम्पन्नसम्मका गतिविधिहरु विधिसम्मत तरिकाले सम्पादन भएनभएको हेर्ने काम गर्दछ । त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरुको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङकनका लागि पालिकाका प्रमुखको अध्यक्षतामा नगर शिक्षा समिति पनि समयसमयमा सक्रिय भएको पाइन्छ । यसका अतिरिक्त शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र विद्यालय निरीक्षक समेत आवश्यकताअनुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ । योजना कार्यान्वयन तथा अनुगमन समितिले गरेको अनुगनम सम्बन्धी कार्यको पनि अनुगमन गर्ने कार्य नगरपालिकाका प्रमुख र अन्य जनप्रतिनिधिहरुबाट भइरहेको अवस्था छ ।

विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको तर्फबाट पनि कुनै पनि कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकास, खाजा व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्यूटर ल्याब व्यवस्थ्यापन, परीक्षा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवम् अनुगमन समेतका लागि शिक्षक वा विद्यालय व्यवस्थापन समितिका सदस्य वा शिक्षक अभिभावक सङ्घको सदस्यको संयोजकत्वमा समितिहरु गठन गरी कार्य गर्ने गरिएको छ । यसरी गर्दा पनि सरोकारवाला र नागरिक समाजलाई चित्त नबुझेको अवस्थामा त्यस्ता गुनासाहरु प्रधानाध्यापक हुदै विद्यालय व्यवस्थापन समिति, वडा कार्यपालिका र नगर कार्यपालिकासम्म पुग्ने गरेका छन् । त्यत्तिले पनि सम्बन्धित पक्ष सन्तुष्ट नभएको अवस्थामा गुनासाहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयसम्म पनि पुग्ने



BARABARDIYA

गरेको अवस्था छ। यी सबै कार्य र संयन्त्रको सहयोगले योजनाको कार्यान्वयन र अनुगमन पक्षलाई प्रभावकारी बनाउन योगदान पुगिरहेको देखिन्छ ।

## ८. ३ चुनौती र अवसर

योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरूको रुपमा स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु, तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता विस्तार गर्नु, आवश्यकता अनुसारको शैक्षिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गरी पुनर्संरचित गर्नु, संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्नु, आवश्यक सूचनाको सहज आदान प्रदान गर्न र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु योजना कार्यान्वयनको सवालमा प्रमुख चुनौतिको रुपमा रहेका छन्।

अनुगमन र मूल्याङ्कनका लागि स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु , अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धतिको विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरु अनुगमन र मूल्याङ्कको क्षेत्रमा देखिएका चुनौतिहरु हुन्।

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रुपमा पनि केही अनुकूलताहरु देखापरेको अवस्था छ। पहिले भन्दा अहिलेको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन एवम् कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने गराउने काम स्वतस्फूर्त तरिकाबाट भइरहेको छ। सञ्चारकर्मीहरुले वाच डगको भूमिकामा दरो र खरो किसिमले उत्रिएको अवस्था छ। सामाजिक सञ्जालहरुमा समेत केही हदसम्म मानिसहरुले कुनै पनि कार्यक्रमहरुका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन्। मानव सेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरुले समेत कार्यक्रमको कार्यान्वयनको अवस्थाको वारेमा अनुगमन र निगरानी गरेको अवस्था छ। अहिले त कतिपय अनुगमन र निगरानीको सवालमा अघि अघि सङ्घसंस्था र नागरिक समाज अनि पछि पछि सरकार भएको अवस्था पनि छ। यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर हो भन्न सकिन्छ।

## ८. ४ उद्द्श्य र रणनीतिहरु

योजनाको यस विषय क्षेत्रको समग्र उद्देश्य योजनाको प्रभावकारी कार्यान्वयन र सोको प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि योगदान पुग्ने रहेको छ भने यसका उद्देश्य र रणनीतिहरु देहायबमोजिम रहेका छन् :

| क्र सं | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १ | योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा | १. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गर्ने। |

| | | |
|---|---|---|
| | सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु। | २. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास र पुनर्संरचना गरी सुदृढ गरिनेछ भने नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।<br>३. योजना कार्यान्वयनको क्रममा कुन संगठनले के काम गर्ने र त्यो काम गर्नका लागि कुन स्तरका कति जनशक्ति आवश्यक पर्ने भन्ने बारेमा स्पष्ट किटान हुनेगरी संगठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गर्ने।<br>४. संरचनामा खटिने जनशक्ति अर्थात विद्यालयको शिक्षकदेखि नगरपालिकाको प्रमुखसम्मले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>५. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण तथा सोको कार्यान्वयन गर्ने।<br>६. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।<br>७. आवश्यकता र औचित्यताका आधारमा एउटै संरचनाले पनि तीनवटै सरकारको काम गर्ने गरी संरचनाका विकास गरेर सरकारहरुको बीचमा समन्वय, सहकार्य, सहअस्तित्व र सहभावलाई बढावा दिनेगरी कार्यसंस्कारको विकास गर्ने।<br>८. विद्यालय सुपरिवेक्षण र अनुगमनको सून्यान्तको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन गर्ने।<br>९. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने। |
| २ | योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु। | १. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गर्ने।<br>२. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण गरी उपयोग गर्ने।<br>३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) लाई प्रयोग गर्ने।<br>४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ र सूचक विकासका लागि प्रमुख नतिजा सूचकलाई मुख्य आधार बनाउने।<br>५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार प्रदेश र स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।<br>६. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गर्ने।<br>७. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने।<br>८. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा |

BARBARDIYA

| | | |
|---|---|---|
| | | अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।<br>९. कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिने।<br>१०. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने।<br>११. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गर्ने। |
| ३ | योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना र नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु। | १. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनुका साथै कुन तहले कुन कुन स्तर र कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गर्ने।<br>२. सरोकारवालाहरुको व्यापक सहभागितामा विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गर्ने।<br>३. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गर्ने।<br>४. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाउने।<br>५. विद्यालयहरुले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।<br>६. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।<br>७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।<br>८. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने। |

## ८.५ प्रमुख उपलब्धि तथा नतिजाहरु

### क) उपलब्धि (Outcomes)

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

### ख) प्रमुख नतिजाहरू (Key Results)

१. योजना कार्यान्वयनको क्रममा सम्पादन गरिने काम र उक्त काम गर्नका लागि आवश्यक पर्ने जनशक्तिका बारेमा स्पष्ट किटान हुनेगरी संगठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन भएको हुने।

२. संरचनाका खटिने जनशक्तिले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा करार गरी सार्वजनिक गर्ने संस्कारको विकास भएको हुने।
३. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण एवम् कार्यान्वयन भएको हुने।
४. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन भएको हुने।
५. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने।
६. अनुगमनका आधारमा नतिजामा सुधार भएको हुने।
७. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमतामा विकास भएको हुने।
८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने।
९. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने ।
१०. विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गरिएको हुने।
११. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गरिएको हुने।
१२. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइएको हुने।

## ८.६ मुख्य क्रियाकलापहरू र लक्ष्य

| क्र सं | क्रियाकलापहरु | एकाइ | योजना अवधिको लक्ष्य | | | | | जम्मा | लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमको निर्माण र सोको कार्यान्वयन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | कुन कामका लागि के कस्तो जनशक्ति कति आवश्यक हुने सम्बन्धमा सर्वे गरी सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन । | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ६ | विद्यालय सुपरिवेक्षण र अनुगमनको सून्यताको अवस्थालाई अन्त गर्न परामर्शदाता, पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित तेश्रो पक्षबाट सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालयहरुको अनुगमन । | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | नतिजामा आधारित अनुगमन प्रणालीका | पटक | १ | ० | ० | १ | ० | २ | ४ |

BARBARDIYA

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि सूचकहरूको तयारी र सोको अद्यावधिक। | | | | | | | |
| १० | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन प्रस्तुत। | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| १२ | निश्चित अवधिभित्र स्थिति प्रतिवेदन तयार गरी सोको सार्वजनिकरण। | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | शिक्षा योजनाको कार्यान्वयनको मध्यावधि तथा अन्तिम समिक्षा। | पटक | ० | ० | १ | ० | १ | २ | ४ |
| १६ | विद्यालयको कार्यसम्पादन परीक्षण। | विद्यालय | ० | २५% | २५% | २५% | २५% | १००% | १००% |
| २० | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान गरी प्राप्त निष्कर्षका आधारमा योजना र कार्यान्वयन पक्षमा सुधार। | विषय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| २१ | विद्यालयहरुको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक। | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | समग्र कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि उपप्रमुखको संयोजकत्वमा भएको समितिको त्रैमासिक बैठक तथा समिक्षा | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

BARABARDIYA

# सन्दर्भ ग्रन्थ सूची


बारबर्दिया नगरकार्यपालिकाको कार्यालय२०७)५(, बारबर्दिया नगरपालिकाको शिक्षा ऐन २०८० बारबर्दिया, बर्दिया, लुम्बिनी प्रदेश, लेखक।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय२०) ७४(, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिंहदरवार, काठमाण्डौं, नेपाल, लेखक।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग डिसेम्बर),२०१७(, नेपाल, दिगो विकासका लक्ष्यहरु: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, काठमाण्डौं, नेपाल, लेखक।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७३), वार्षिक नीति कार्यक्रम तथा बजेट आर्थिक वर्ष २०८०।०८१ , सिंहदरवार, काठमाण्डौं, नेपाल।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना वि सं २०७३।०७४- २०७९।०८०नेपाल सरकार ) शिक्षा मन्त्रालयबाट २०७३ साल कार्तिक ८ गते स्वीकृत, सिंहदरवार, काठमाण्डौं, नेपाल।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०)८०(, शैक्षिक सूचना २०८०, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०७)९(, शिक्षाको सोचपत्र २०७९, सिंहदरबार काठमाडौं, नेपाल,

नेपाल सरकार , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०७)६(, राष्ट्रिय शिक्षा नीति २०७६, सिंहदरबार काठमाडौं, नेपाल,

शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०)८१(, स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०८१ सानोठिमी, भक्तपुर।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०)८०(, फ्लास प्रतिवेदन २०८० सानोठिमी, भक्तपुर।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय , पाठ्यक्रम विकास केन्द्र (२०७६), राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, सानोठिमी, भक्तपुर।

नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्दिय तथ्याङ्क विभाग २०)८०(, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://cbs.gov.np

पोखरेल, हरिहर फागुन), २०७२(, नेपालको संविधान २०७२ संघीय सात प्रदेश, काठमाण्डौं, ब्रदर्श बुक्स प्रकाशन प्रा ली।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सूचना तथा अनुसन्धान महाशाखा फागुन), २०७७(, वार्षिक प्रतिवेदन २०७६।०७७ सानोठिमी, भक्तपुर।

राष्ट्रिय योजना आयोग )जेठ, २०८१(, सोह्रौं योजना २०)८१।८२- २०८५।८६ (, सिंहदरवार, काठमाण्डौं, नेपाल

शर्मा, नारायणप्रसाद (२०७७), शिक्षासम्बन्धी ऐन-नियम तथा राष्ट्रिय शिक्षा नीति २०७६, काठमाडौं, नेपाल, एक्सिलेन्स पब्लिकेशन।

श्रेष्ठ, नारायण (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं, नेपाल, पैरवी प्रकाशन।

Central for Educational and Human Resource Development (2077), Final Flash Report 2022-23 (2080) Sanothimi, Bhaktapur, Nepal, Writer.

Government of Nepal, Ministry of Education, Science and Technology, (2022), School Education Sector Plan, 2022/23-2031/32 (BS 2079-2089) Singhadarwar, Kathmandu




BARABARDIYA

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2076), National Assessment of Student Achievement 2018, Main Report (Report on the National Assessment of Student Achievement in Mathematics and Nepali for Grade 5), Sanothimi, Bhaktapur

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2079), National Assessment of Student Achievement 2020, Main Report, Report on National Assessment of Student Achievement in Mathematics, Science, Nepali and English for Grade 8, Sanothimi, Bhaktapur

Government of Nepal, Ministry of Education, Science and Technology, Education Review Office (2079), National Assessment for Reading and Numeracy 2020 (Grade 3). Sanothimi, Bhaktapur

Government of Nepal, Office of the Prime Minister and Council of Ministers, National Statistics Office (April, 2023), National Population and Housing Census 2021, Provincial Report, Lumbini Province. Thapathali, Kathmandu

BARABARDIYA

**अनुसूचीएक :**
**दश वर्षे शिक्षा क्षेत्र योजना निर्देशक समितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण**

**अनुसूची: दुई**
**दश वर्षे शिक्षा क्षेत्र योजना तयारी प्राविधिक उपसमितिका पदाधिकारी र बैठकमा उपस्थिति विवरण**

BARABARDIYA

## अनुसूची:  तीन
## दश वर्षे शिक्षा क्षेत्र योजना लेखनका लागि निर्माण गरिएको विषयगत समूहको विवरण

## अनुसूचीचार :
## नगरस्तरीय परामर्श गोष्ठीमा सहभागीहरुको विवरण

BARABARDIYA

BARABARDIYA